# खण्ड – १
# परिचय
# [Introduction]

## १. पृष्ठभूमि (Background)

प्रत्येक आर्थिक वर्षको बजेटको वार्षिक मूल्यांकन विना बजेट पद्धतिमा भविष्यमा गर्नु पर्ने सुधार, नीति तथा कार्यक्रमको उपलब्धि (Outcomes) र स्रोत साधनको परिचालन (Resource Mobilisation) को अवस्था वारे थाहा पाउन नसकिने हुंदा बजेटको वार्षिक मूल्याङ्कन (Annual Evaluation) गर्नु पर्ने हुन्छ । यसका लागि सरकारका विभिन्न निकायमा आ-आफ्नो क्षेत्रबाट आ-आफ्नै प्रकृतिका मूल्याङ्कन समीक्षा हुने गरेका पनि छन् । उदाहरणका लागि, मन्त्रालयहरुले आफू अन्तर्गतका विकास आयोजनाहरुको समग्र भौतिक र वित्तीय प्रगतिको समीक्षा गर्ने गरेका छन् भने विकाससँग सम्बन्धित सबै क्षेत्रहरुको समग्र समीक्षा राष्ट्रिय योजना आयोगले पनि गर्ने गरेको छ । यसका अतिरिक्त महालेखा नियन्त्रकको कार्यालयले आय र व्ययको विवरण तयार गर्ने गरेको छ । यति हुँदा हुँदै पनि, आर्थिक वर्षका समग्र आर्थिक परिसूचकहरु, वित्तीय अवस्था र त्यसमा देखिएका चुनौतिहरु एवं बजेट वक्तव्यमा उल्लिखित सरकारको मुलभूत नीति र कार्यक्रमहरुको कार्यान्वयन स्थितिको समीक्षालाई समेत समेटेर बजेटको समग्र मूल्याङ्कन गर्न पनि आवश्यक भएको पृष्ठभूमिमा यो मूल्याङ्कन प्रतिवेदन प्रथम पटक तयार गरिएको हो ।

## २. अध्ययनको उद्देश्य (Objectives of the Study)

आर्थिक वर्ष २०६२।०६३ को बजेटको वार्षिक मूल्याङ्कनको उद्देश्य मुख्यतया निम्न अनुसार छन् :

(क) आ.व. २०६२।०६३ को समग्र आर्थिक उपलब्धि र वित्तीय अवस्थाको जानकारी हासिल गर्नु र चुनौतिहरु पहिचान गर्नु ।

(ख) आ.व. २०६२।०६३ को बजेट वक्तव्यमा उल्लेखित प्रत्येक मन्त्रालयहरुसंग सम्बन्धित बुंदाहरुको कार्यान्वयनको अवस्था वारे जानकारी लिनु ।

(ग) आ.व. २०६२।०६३ मा प्रत्येक मन्त्रालय अन्तर्गत संचालित मुख्य मुख्य कार्यक्रमहरुको कार्यान्वयन र उपलब्धिको वार्षिक अवस्था वारे जानकारी लिनु ।

## ३. अध्ययनको उपादेयता (Important of the Study)

आ.व. २०६२।०६३ को बजेटको वार्षिक मूल्याङ्कनको उपादेयतालाई निम्न अनुसार बुंदागत रुपमा वर्णन गर्न सकिन्छ :

★ आर्थिक वर्षमा हाँसिल गरिएको आर्थिक उपलब्धिको जानकारी हुने
★ प्रत्येक मन्त्रालय अन्तर्गत त्यस आर्थिक वर्षमा संचालित कार्यक्रमहरुको उपलब्धि(Output) वारे थाहा हुने,
★ मन्त्रालयगतरुपमा भएको कूल खर्च र यसको उपलब्धी वारे थाहा हुने,
★ स्रोत र साधनको प्रभावकारी उपयोग भए नभएको वारे जानकारी हुने,
★ आउंदो वर्षहरुमा बजेटरी प्रणालीमा गर्नु पर्ने मुख्य मुख्य सुधारहरु वारे अवगत हुने,
★ कार्यक्रमहरुको निरन्तरताको औचित्यता वारे थाहा हुने र सुधार गर्नु पर्ने भए सम्बन्धित मन्त्रालयलाई आवश्यक पृष्ठपोषण (Feedback) दिन मद्दत मिल्ने,
★ कार्यक्रमहरु संचालनमा आएका व्यवधानको अवस्था वारे जानकारी मिल्ने,

★ कार्यक्रमको कार्यान्वयनमा कुन पक्षलाई कति जिम्मेवारी र उत्तरदायित्व वहन गराउने वारे थाहा हुने, र
★ वैदेशिक ऋण तथा अनुदानको परिचालनमा (Disbursement) मा देखिएका समस्याहरु अवगत हुने ।

## ४. अध्ययनको सीमा (Limitation of Study)

आ.व. २०६२।०६३ को बजेटको वार्षिक मूल्याङ्कन गर्ने कार्यका केही सीमाहरु रहेका छन्; ती निम्नानुसार छन् :

★ बजेट वक्तव्यमा उल्लेखित बुंदाहरुको उपलब्धिको सम्बन्धमा र मुलभूत आयोजनाहरुको कार्य सम्पादनको सम्बन्धमा सम्बन्धित मन्त्रालयहरुले दिएको जानकारीमा सीमित रहनु परेको र यसैको आधारमा नै मूल्याङ्कन गर्ने कार्य गर्नु परेको,
★ प्रत्येक मन्त्रालय अन्तर्गत संचालित सबै आयोजना/कार्यक्रमको अध्ययन गर्नु सम्भव नभएकोले प्रत्येक मन्त्रालयबाट Random Sample Base मा आयोजनाको कूल बजेट, अनुदान वा ऋणको अवस्था, सामाजिक पक्षमा पार्ने सकारात्मक प्रभाव र लोकप्रियता वा आयोजना / कार्यक्रमको चर्चा आदि पक्षमा आधारित भै मुख्य मुख्य आयोजनाहरु/ कार्यक्रमहरु छनौट गर्नु परेको,
★ देशको समग्र आर्थिक अवस्थाको सम्बन्धमा नेपाल राष्ट्र बैङ्कको प्रतिवेदन र आय तथा व्ययको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त FMIS को तथ्याङ्कलाई आधार मानिएको,
★ वार्षिक मूल्याङ्कनको कार्य मन्त्रालयहरुले पठाएका Secondary Data मा आधारित भै गर्नु परेको, र
★ प्रत्यक्ष अवलोकन र भ्रमण सम्बन्धी कार्य समय अभावका कारण गर्न नसकी सो विना नै वार्षिक मूल्याङ्कनको कार्य गर्नु परेको ।

## खण्ड –२
## देशको आर्थिक स्थिति

### २.१ कुल गार्हस्थ उत्पादन :

आर्थिक वर्ष २०६२।०६३ को बजेटले उक्त आर्थिक वर्षमा देशको कुल गार्हस्थ उत्पादन वृद्धिदर न्यूनतम ३.५ प्रतिशत र अधिकतम ४.५ प्रतिशत रहने गरी प्रक्षेपण गरे तापनि केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार कुल गार्हस्थ उत्पादन उत्पादकको मूल्यमा १.९ प्रतिशत रहेको छ, जवकी आर्थिक वर्ष २०६१/६२ मा यो बृद्धिदर २.७ प्रतिशत थियो । क्षेत्रगत आधारमा हेर्दा, कृषितर्फको उत्पादन १.७ प्रतिशत र गैह्र कृषितर्फको उत्पादन २.८ प्रतिशतले मात्र बढेको अनुमान छ । यसरी आर्थिक वर्ष २०६१/६२ मा यो बृद्धिदर क्रमशः ३ प्रतिशत र २.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६१।०६२ मा कुल गार्हस्थ उत्पादन वृद्धिदर २.७ प्रतिशत रहेको आधारमा यो वृद्धिदर ०.८ विन्दूले घटेको देखिन्छ ।

### कुल गार्हस्थ उत्पादनको बृद्धिदर




अघिल्लो वर्षको तुलनामा कृषितर्फको वृद्धिदर ३ प्रतिशतबाट १.७ प्रतिशतमा झरेको कारणबाट पनि यो वृद्धिदर घटेको देखिएको हो । यसरी कृषितर्फको उत्पादन घट्नुको मुलभूत कारण विशेषतः पूर्वान्चल क्षेत्रमा धान रोप्ने प्रमुख समय आषाढ/श्रावणमा वर्षाको कमी भई धान रोपाइ प्रभावित भएको र सुख्खाग्रस्त हिउंदको कारण गहुंको उत्पादनमा असर पर्न गएकोले नै हो ।

२.२ <u>पर्यटन</u> :

पर्यटक आगमनको मुख्य मौसमतिर भएको चारमहिने युद्ध विराम एवं जन-आन्दोलन-२ को सफलता पश्चात देशमा देखिएको शान्तिपूर्ण वातावरणको कारणले समेत हवाई यातायातबाट मात्र २,८७,७१९ पर्यटक नेपाल भित्रिएको देखिएको छ । आर्थिक वर्ष २०६१।०६२ को तुलनामा यो संख्या १४.५ प्रतिशतले बढेको देखिन्छ । उल्लिखित वृद्धिमा पनि भारतीय पर्यटकको संख्यामा ३१.७ प्रतिशतले वृद्धि भएको देखिन्छ भने तेस्रो मुलुकबाट आएका पर्यटकको संख्यामा चाहिं ६.९ प्रतिशतले मात्र बृद्धि भएको छ । जे होस्, आर्थिक वर्ष २०६१।०६२ मा भारतीय पर्यटकको संख्यामा १८.३ प्रतिशतले र तेस्रो मुलुकतर्फका पर्यटकको संख्यामा १७.६ प्रतिशतले आएको गिरावटको पृष्ठभूमिमा हेर्दा, यो संख्या उत्साहजनक नै देखिएको छ ।

हवाई मार्ग बाट नेपाल भित्रिएका पर्यटक




२.३ <u>वैदेशिक रोजगार</u> :

रोजगारीका लागि विदेश जानेहरुको संख्यामा आर्थिक वर्ष २०६१।०६२ को तुलनामा २०६२।०६३ मा करीब २९ प्रतिशतको वृद्धि देखिएको छ । श्रम तथा रोजगार प्रवर्द्धन विभागले आर्थिक वर्ष २०६१।०६२ मा कूल १,३७,६७८ जना कामदारहरुलाई वैदेशिक रोजगारीका लागि अन्तिम स्वीकृति प्रदान गरेकोमा आर्थिक वर्ष २०६२।०६३ मा कूल १,७७,५७६ जना कामदारहरुलाई वैदेशिक रोजगारीमा जानका लागि अन्तिम स्वीकृति प्रदान गरेको छ । देशगत हिसावले हेर्दा, मलेसियामा मात्र ८२७९८ जना कामदारहरुलाई वैदेशिक रोजगारीमा जान अनुमति दिइएको छ जुन कूल वैदेशिक रोजगारीमा जान अनुमति दिइएको संख्यामा ४६.६ प्रतिशत हुन आउंछ र यो संख्या आर्थिक वर्ष २०६१।०६२ को तुलनामा २४.९ प्रतिशतले बढी छ । मलेसिया पछि नेपाली कामदार बढी खपत गर्ने राष्ट्रहरुमा क्रमशः कतार, साउदी अरब र संयुक्त अरब इमिरेट्स रहेका छन् ।

वैदेशिक रोजगारीमा जाने नेपालीहरुको वृद्धिले स्वदेशी नागरिक तथा समग्र देशकै खर्चयोग्य आयमा वृद्धि भएको छ ।

**वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या**




## २.४ विदेशी लगानीः

आर्थिक वर्ष २०६२।०६३ मा रु. ३ अर्ब ४० करोड ११ लाख कूल परियोजना लागत भएका ११५ वटा विदेशी संयुक्त लगानीका उद्योगहरु स्थापना गर्न स्वीकृति दिइएको छ । कूल परियोजना लागतमध्ये विदेशी लगानीको हिस्सा मात्र रु. १ अर्व ८८ करोड ६३ लाख रहेको छ जुन कूल लागतको ५५.५ प्रतिशत हुन आउछ । आर्थिक वर्ष २०६१।०६२ मा कूल परियोजना लागत रु. १ अर्ब ७९ करोड ६१ लाख भएका ६३ वटा संयुक्त विदेशी लगानीका उद्योगहरु स्थापना गर्न स्वीकृति दिइएको थियो ।

स्थापना गर्न स्वीकृति दिइएका कूल ११५ उद्योगहरुमध्ये सेवा सम्बन्धी ३९, पर्यटन सम्बन्धी ३८, उत्पादन सम्बन्धी ३३, उर्जा सम्बन्धी ३ र निर्माण सम्बन्धी २ उद्योगहरु रहेका छन् । स्वीकृत प्राप्त गरेका सबै उद्योगहरु स्थापना भई कार्य प्रारम्भ गरेमा आगामी वर्षहरुमा औद्योगिक उत्पादनमा वृद्धिको साथसाथै रोजगारीमा समेत सकारात्मक सहयोग पुग्न जाने निश्चित छ ।

## २.५ मौद्रिक स्थिति :

आर्थिक वर्ष २०६१।०६२ मा ८.३ प्रतिशतले बढेको विस्तृत मुद्राप्रदाय आर्थिक वर्ष २०६२।०६३ मा १५.६ प्रतिशतको उच्च दरले बढेको छ । आर्थिक वृद्धिदर न्यून रहे पनि विप्रेषण (Remittance) आप्रवाहको उच्च वृद्धिका कारण मुद्रा प्रदाय बढेको हो ।

आर्थिक वर्ष २०६१।०६२ मा संकुचित मुद्रा प्रदाय ६.६ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६२।०६३ मा १३.९ प्रतिशतले वृद्धि भयो । विप्रेषण आप्रवाहको उच्च वृद्धिका कारण आवधिक निक्षेप पनि समीक्षा वर्षमा १६.४ प्रतिशतको उच्च दरले बढेको छ । साथै, आर्थिक वर्ष २०६१।०६२ मा २.२ प्रतिशतले मात्र बढेको संचित मुद्रा आर्थिक वर्ष २०६२।०६३ मा उल्लेखनीय अर्थात् १४.० प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा रु.१० अर्व ८३ करोडको नयां ट्रेजरी विल्स, रु.७५ करोडको दश वर्षे विकास ऋणपत्र र रु.२५ करोडको नागरिक बचत पत्र निष्काशन गरियो । यसले पनि वैङ्क तथा वित्तीय संस्थाहरुसंग रहेको तरलता व्यवस्थापनमा सहयोग पुर्‍यायो । तरलताको उचित व्यवस्थापन भएबाट समीक्षा वर्षमा अल्पकालीन व्याजदर अघिल्लो वर्षको तुलनामा स्थीर रह्यो । उदारहणका

लागि ९१ दिने ट्रेजरी विल्सको भारित औषत व्याजदर २.२ प्रतिशतदेखि ३.६३ प्रतिशतको बीचमा रह्यो । दीर्घकालीन व्याजदरहरु पनि प्रायः स्थिर रहे । बाणिज्य बैङ्कहरुको बचतमा दिने व्याजदर अघिल्लो आर्थिक वर्षको अन्ततिर १.७५ प्रतिशतदेखि ५.० प्रतिशत रहेकामा समीक्षा वर्षको अन्ततिर २.० प्रतिशतदेखि ५.० प्रतिशत कायम रह्यो । औद्योगिक कर्जाको व्याजदर पनि ८.० प्रतिशतदेखि १३.५ प्रतिशत रहेको छ, जुन अघिल्लो वर्षको हाराहारीमै देखिन्छ ।

## २.६ धितोपत्रको प्राथमिक निष्काशनः

आर्थिक वर्ष २०६२।०६३ मा नेपाल धितोपत्र वोर्डले कूल ३३ वटा वित्तीय संस्थाहरुलाई साधारण शेयर, अग्राधिकार शेयर र ऋणपत्र गरी कूल रु. २ अर्व १० करोड १४ लाख र तारागाऊं रिजेन्सी होटललाई रु. ४४ करोड ६५ लाख बराबरको अग्राधिकार शेयर निष्काशन गर्नका लागि स्वीकृति प्रदान गरेको छ । जसमध्ये १३ वटा वित्तीय संस्थाहरुले रु. ७९ करोड ५० लाख बराबरको हकप्रद शेयर (Right Shares), १६ वटाले रु. ४५ करोड ६४ लाख बराबरको साधारण शेयर (Ordinary Shares) र ४ वटाले रु. ८५ करोड बराबरको ऋणपत्र (Debentures) निष्काशन गर्नका लागि स्वीकृति प्राप्त गरेका छन् ।

## २.७ मूल्य स्थिति :

आर्थिक वर्ष २०६२।०६३ मा राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (आधार वर्ष २०५२।५३) को वार्षिक औषत वृद्धिदर ८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६१।६२ मा यस्तो वृद्धिदर ४.५ प्रतिशत रहेको थियो । वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फिति २०६३ आषाढमा ८.३ प्रतिशतले बढ्यो । २०६२ आषाढमा यस्तो मुद्रास्फिति ६.६ प्रतिशतले बढेको थियो । पेट्रोलियम पदार्थको मूल्यमा औसत ३५.७ प्रतिशतको वृद्धि भई सोको प्रभाव स्वरुप घरायसी सामान तथा सेवा उप-समूहको सूचकाङ्कमा वृद्धि र यातायात साधनहरुको भाडा दरमा उच्च वृद्धिको कारण एवं मौसमी प्रतिकूलताको कारण चामलजन्य सामानको मूल्यमा वृद्धिका कारण मुद्रास्फितिमा चापको स्थिति रह्यो । त्यसैगरी आर्थिक वर्ष २०६२।६३ मा औषत अन्तर्निहित मुद्रास्फिति ४.५ प्रतिशत रह्यो, जबकि आर्थिक वर्ष २०६१।६२ मा यो दर ३.६ प्रतिशत मात्र रहेको थियो ।

## २.८ वैदेशिक व्यापार :

आर्थिक वर्ष २०६१।०६२ मा ८.९ प्रतिशतले बढेको कूल निर्यात आर्थिक वर्ष २०६२।०६३ मा ४.२ प्रतिशतले मात्र वृद्धि भएको छ । कूल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष २६.४ प्रतिशतको उल्लेख्य दरले बढेकोमा २०६२।०६३ मा ५.४ प्रतिशतले मात्र बढेको छ । अन्य मुलुकतर्फको निर्यात भने अघिल्लो वर्ष १४.५ प्रतिशतले ह्रास भएकोमा समीक्षा अवधिमा १.८ प्रतिशतको न्यून दरले वृद्धि भएको छ ।

भारततर्फ निकासी भएका वस्तुहरुमध्ये मुख्यतयाः पोलिष्टर धागो, तयारी पोशाक, जस्तापाता, तार र अदुवाको निर्यातमा वृद्धि भएको छ भने कपडा, वनस्पति ध्यू, प्लाष्टिकका सामान, दन्तमन्जन र रसायनको निर्यात घटेको छ । अन्य मुलुकतर्फ निर्यात हुने वस्तुहरुमा ६० प्रतिशत हिस्सा ओगटेका दुई वस्तुहरुमध्ये तयारी पोशाकको निर्यात ०.७ प्रतिशतको न्यून दरले वृद्धि भएको छ भने ऊनी गलैंचाको निर्यात ०.७ प्रतिशतले ह्रास भएको छ । तर पश्मिना, दाल र छालाको निर्यातमा भने वृद्धि भएको छ ।

आर्थिक वर्ष २०६१।०६२ मा ९.७ प्रतिशतले बढेको कूल आयात आर्थिक वर्ष २०६२।०६३ मा १७.१ प्रतिशतले बढेको छ । कूल आयातमध्ये आर्थिक वर्ष २०६१।०६२ मा भारततर्फ १२.६ प्रतिशतले र अन्य मुलुकतर्फ ५.७ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६२॥०६३ मा यो वृद्धि क्रमशः २३.३ प्रतिशत र ८.२ प्रतिशत पुगेको छ । भारतबाट भएको आयातमा विशेषतः पेट्रोलियम पदार्थको

आयातमा उल्लेख्य वृद्धि भएको देखिन्छ भने चामल, धागो, औषधि, रासायनिक मल एवं हटरोल्ड सीट इन क्वाइलको आयातमा पनि वृद्धि आएको छ । त्यसैगरी अन्य मुलुकबाट मुलतः पामतेल, कच्चा पामतेल, प्लाष्टिकका दाना, टेक्सटाइल डाई र विद्युतीय सामग्रीको आयातमा उल्लेख्य वृद्धि भएको छ ।

अन्य मुलुकको तुलनामा भारततर्फको निर्यात एवं आयात दुवैमा वृद्धि आएको कारण कुल व्यापारमा भारतसंगको व्यापारको अंश अघिलो वर्षको ६१.३ प्रतिशतबाट बढेर आर्थिक वर्ष २०६२।०६३ मा ६३.६ प्रतिशत पुगेको छ भने अन्य मुलुकसंगको व्यापारको अंश अघिल्लो वर्षको ३८.७ प्रतिशतबाट ३६.४ प्रतिशतमा झरेको छ ।

निर्यातको तुलनामा आयात वृद्धिदर अधिक रहेकाले आर्थिक वर्ष २०६२।०६३ मा कूल व्यापार घाटा आर्थिक वर्ष २०६१।०६२ को तुलनामा २५.५ प्रतिशतले विस्तार हुन गएको छ । आर्थिक वर्ष २०६१।६२ मा कूल व्यापारघाटा १०.२ प्रतिशतले बढेको थियो ।

## २.९ <u>विदेशी विनिमय संचिति</u> :

२०६२ आषाढ महिनादेखि २०६३ आषाढ मसान्तसम्ममा कूल विदेशी विनिमय संचिति २७.० प्रतिशतको उल्लेख्य दरले वृद्धि भई रु. १ खर्व ६५ अर्व पुगेको छ । कूल विदेशी विनिमय संचित यसरी बढ्नुको प्रमुख कारण निजी क्षेत्रको विप्रेषण आप्रवाहमा निरन्तर वृद्धि हुनु नै हो । विदेशी विनिमय संचितिको विद्यमान स्तरले ११.३ महिनाको वस्तु आयात र ९.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

## २.१० <u>सरकारी वित्त स्थितिः</u>

### २.१०.१ राजस्व र यसको संरचना

आर्थिक वर्ष २०६२।०६३ मा कूल राजस्व रु.८१ अर्व ८१ करोड ६६ लाख असूल हुने प्रक्षेपण गरिए तापनि आर्थिक वर्षको अन्त्यसम्ममा रु.७२ अर्ब २८ करोड २० लाख ८६ हजार मात्र असूल भई लक्ष्यको ८८.३३ प्रतिशत मात्र प्रगति हासिल भएको देखिएको छ भने यो असूली आर्थिक वर्ष २०६१/६२ को तुलनामा ३.०८ प्रतिशतले मात्र वृद्धि भएको छ ।

रु.हजारमा

राजश्वको संरचना



राजस्वको संरचना हेर्दा, कूल कर राजस्व रु.६३ अर्व ८५ करोड उठाउने लक्ष्य रहेकामा रु.५७ अर्व ४३ करोड ०५ लाख ४३ हजार मात्र असूल भई प्रक्षेपित अंकभन्दा करीब १०.०५४ प्रतिशतले घटेको देखिन्छ भने यो असूली आर्थिक वर्ष २०६१।०६२ को तुलनामा चाहिं करीब ६.१५ प्रतिशतको वृद्धि हो । गैह्र कर राजस्वतर्फ भने रु.१६ अर्ब ४१ करोडको प्रक्षेपण गरिए तापनि आर्थिक वर्षको अन्त्यसम्ममा रु.१३ अर्ब ३३ करोड ४८ लाख १९ हजार मात्र असूल भएको छ जुन प्रक्षेपित अंकको करीब १८.७४ प्रतिशत न्यून हो भने आर्थिक वर्ष २०६१।०६२ मा असूल भएको अंकको तुलनामा करीब ९.७२ प्रतिशत कम हो । यसका अतिरिक्त सांवा फिर्ता प्राप्तितर्फ भने रु.१ अर्ब ५१ करोड ६७ लाख २४ हजार असूल भएको देखिएको छ ।

रु.हजारमा

कर राजश्वको संरचना




आर्थिक वर्षको मध्यमा आएर अध्यादेशको माध्यमबाट भंसारको पैठारी महसूलका दरहरु कटौति गरिएको कारणबाट भंसार महसूलको असूली अघिल्लो वर्षभन्दा पनि घट्न गयो भने शान्ति सुरक्षाको अवस्थामा श्रृजना भएको व्यवधानको कारणबाट औद्योगिक उत्पादनमा परेको असर समेतको कारणबाट वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत कर एवं आयकर पनि अपेक्षित रुपमा उठ्न सकेन । गैह्रकर राजस्वतर्फ भने सरकारी संस्थानहरुबाट प्राप्त हुने लाभांशमा कमी एवं रोयल्टी तथा सरकारी सम्पत्ति विक्रीको आयमा न्यूनता आएकाले अघिल्लो वर्षको तुलनामा ९.७२ प्रतिशतले न्यून हुन गएको देखिन्छ । राजस्व शीर्षक अनुसारको असूली विवरण र त्यसको तुलना अनुसूची १ मा र २ मा दिइएको छ ।

### २.१०.२ कुल सरकारी खर्च र यसको संरचना

आर्थिक वर्ष २०६२।०६३ का लागि कूल विनियोजन रु.१२६ अर्ब ८८ करोड ५१ लाख थियो भने संशोधित, अनुमान रु.११२ अर्ब ०७ करोड ४७ लाख गरिएको थियो । तर आर्थिक वर्षको अन्त्यसम्ममा रु.११० अर्व ८४ करोड ६७ लाख ७७ हजार खर्च भएको छ । यो खर्च आर्थिक वर्ष २०६१।०६२ को कुल खर्च (रु.१०२ अर्व ५६ करोड ०४ लाख ७२ हजार) को तुलनामा ८.०८ प्रतिशत बढी छ भने विनियोजनको हिसावले १२.६४ प्रतिशत र संशोधित अनुमानको हिसावले १.१० प्रतिशत न्यून छ । यसको विवरण अनुसूची ३ मा दिईएको छ ।

रु.हजारमा

## सरकारी खर्चको संरचना




उल्लिखित कूल खर्चमध्ये नगदतर्फ रु.१०१ अर्व २० करोड २० लाख ६० हजार खर्च भएको छ भने वस्तुगत/प्रत्यक्ष भुक्तानीतर्फ रु.९ अर्व ६४ करोड ४७ लाख १७ हजार खर्च भएको छ। आर्थिक वर्ष २०६१।०६२ संग तुलना गर्दा नगदतर्फ १०.९७ प्रतिशत वृद्धि भएको छ भने वस्तुगत/प्रत्यक्ष भुक्तानीतर्फ १५.११ प्रतिशत न्यून देखिएको छ। यसको विवरण अनुसूची ४ मा दिइएको छ।

माथि उल्लिखित कूल खर्च मध्ये चालूतर्फ रु.६६ अर्व ९७ करोड ६२ लाख ७६ हजार खर्च भएको छ। यो खर्च आर्थिक वर्ष २०६१।०६२ को तुलनामा (रु.६१ अर्व ६८ करोड ६४ लाख ३३ हजार) करीब ८.५८ प्रतिशतको वृद्धि हो। पूंजीगत खर्चतर्फ भने रु.२९ अर्व ६० करोड ५७ लाख २३ हजार खर्च भएको छ जुन आर्थिक वर्ष २०६१।०६२ को तुलनामा ८.२८ प्रतिशत वृद्धि हो। यसका अतिरिक्त सांवा भुक्तानीमा भने ५.४१ ले वृद्धि भई रु.१४ अर्व २६ करोड ४७ लाख ७८ हजार खर्च भएको देखिन्छ। यसको विवरण अनुसूची ५ मा दिइएको छ।

### २.१०.३ खर्च शीर्षकगत विश्लेषण :

आर्थिक वर्ष २०६२।०६३ मा भएको कूल खर्चलाई खर्च शीर्षकगत रुपमा हेर्दा, सबैभन्दा बढी रु.१९ अर्व १६ लाख ७१ हजार तलवमा मात्र खर्च भएको छ। यो वृद्धि आर्थिक वर्ष २०६१।०६२ को तुलनामा करीब २२.७१ प्रतिशत हो। त्यसैगरी भत्तातर्फ भने रु.१ अर्व ४४ करोड ०२ लाख २५ हजार खर्च भएको छ जुन अघिल्लो वर्षको तुलनामा करीब ३८ प्रतिशत न्यून छ। उक्त वर्ष राष्ट्रसेवकहरुको विद्यमान भत्ता रकमलाई तलवमा समायोजन गरिएबाट यसरी तलवमा अनपेक्षित वृद्धि र भत्तामा न्यून खर्च देखिएको हो।

तलव भत्ता पछि धेरै खर्च भएको शीर्षक सामाजिक सेवा निःशर्त अनुदान हो जसमा रु.१४ अर्व १० करोड ०३ लाख २४ हजार खर्च भएको छ तर, यो खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ११.८७ प्रतिशतले न्यून छ।

खर्च रकमका दृष्टिले तेस्रो वर्गमा पर्ने खर्च शीर्षक सार्वजनिक निर्माण हो जसमा रु.७ अर्व ९३ करोड ९७ लाख ३३ हजार खर्च भएको छ । तर, यो खर्च पनि आर्थिक वर्ष २०६१।०६२ को तुलनामा १.२७ प्रतिशतले घटी छ ।

यसपछि रु.२ अर्वभन्दा बढी खर्च भएका उल्लेखनीय शीर्षकहरुमा क्रमशः आन्तरिक ऋणको सांवा भुक्तानी (रु.७ अर्व २७ करोड ७३ लाख २६ हजार) वाह्य ऋण सांवा भुक्तानी (रु.६ अर्व ९८ करोड ७४ लाख ५३ हजार), ऋण लगानी (रु.६ अर्व ६५ करोड ५५ लाख ५० हजार), खाद्यान्न तथा आहार (रु.४ अर्व १९ करोड ३४ लाख ८३ हजार), आन्तरिक ऋणको व्याज भुक्तानी (रु.३ अर्व ९९ करोड ४७ लाख ९८ हजार), सेवा निवृत्त सुविधा (रु.३ अर्व ४३ करोड ९८ लाख ६९ हजार), सामाजिक सेवा सःशर्त अनुदान (रु.३ अर्व ३४ करोड २६ लाख ६८ हजार), कार्यक्रम खर्च (रु.२ अर्व २४ करोड ३१ लाख ६१ हजार), बाह्य ऋणको व्याज भुक्तानी (रु.२ अर्व १६ करोड ३९ लाख) र स्थानीय निकायको पूंजीगत अनुदान (रु.२ अर्व १४ करोड १३ लाख ९७ हजार) पर्दछन् ।

खर्च शीर्षकगत रुपमा हेर्दा सरुवा, भ्रमण खर्च तथा दैनिक भत्ता, पोशाक, पानी, विजुली, संचार महसूल, कार्यालय सम्बन्धी खर्च, भाडा, इन्धन, विविध खर्च, कार्यक्रम भ्रमण खर्च, संभार खर्च, मर्मत खर्च जस्ता चालू खर्चहरुमा कतै कटौति भएको छ भने वृद्धि पनि ४ प्रतिशतभन्दा बढी छैन । यस सम्बन्धी विस्तृत विवरण अनुसूची ६. मा दिइएको छ ।

२.१०.४ <u>क्षेत्रगत र मन्त्रालयगत खर्च</u> :

क्षेत्रगत रुपमा हेर्दा, राजदरवारतर्फ रु.३५ करोड ५१लाख (०.३२ प्रतिशत) साधारण प्रशासनमा रु.१२ अर्व १७ करोड ०७ लाख (१०.९८ प्रतिशत), संवैधानिक अंगमा रु.१ अर्व ४३ करोड ६२ लाख (१.३० प्रतिशत) सामाजिक सेवाहरुमा ३६ अर्व १३ करोड ५६ लाख, (३२.६० प्रतिशत), आर्थिक सेवामा रु.२४ अर्व १८ करोड ७१ लाख (२१.८२ प्रतिशत), ऋण भुक्तानीमा रु.२० अर्व ४२ करोड ३५ लाख (१८.४२ प्रतिशत), रक्षामा रु.११ अर्व ३१ करोड २३ लाख (१०.२१ प्रतिशत) र विविधमा रु.४ अर्व ८२ करोड ६३ लाख (४.३५ प्रतिशत) खर्च भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची ७ मा दिइएको छ ।

मन्त्रालयगत रुपमा हेर्दा, विनियोजन भन्दा बढी खर्च गर्ने निकायहरुमा महालेखा परीक्षकको विभाग (१०४.५८ प्रतिशत), राष्ट्रिय सतर्कता केन्द्र (१०५.५६ प्रतिशत), गृह मन्त्रालय (१०५.७६ प्रतिशत), रक्षा मन्त्रालय (१०७.७० प्रतिशत) र सामान्य प्रशासन मन्त्रालय (११७.०१ प्रतिशत) देखिएका छन् ।

त्यस्तै गरेर विनियोजनका दृष्टिले संसद सचिवालय, निर्वाचन आयोग, अर्थ मन्त्रालय, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिवालयका लागि विनियोजित बजेटको ७० प्रतिशतभन्दा पनि कम खर्च भएको देखियो । यस सम्बन्धी विस्तृत विवरण अनुसूची ८ मा दिइएको छ ।

२.१०.५ <u>स्रोतगत खर्च स्थिति</u> :

कूल खर्च रकम रु.११० अर्व ८४ करोड ६७ लाख ७७ हजारमध्ये नेपाल सरकारको स्रोतबाट ८८ अर्व ८४ करोड ७३ लाख ५४ हजार, वैदेशिक सहयोगतर्फ नगद सहयोगबाट रु.१२ अर्व ३५ करोड ४७ लाख ०६ हजार र वस्तुगत तथा सोझै भुक्तानीबाट रु.९ अर्व ६४ करोड ४७ लाख १७ हजार व्यहोरिएको थियो । यस सम्बन्धी विस्तृत विवरण अनुसूची ९ मा दिइएको छ ।

२.१०.६ <u>**वैदेशिक सहायताको प्रतिबद्धता**</u> :

आर्थिक वर्ष २०६२।६३ मा कूल रु.२० अर्ब ९२ करोड ४२ लाख वैदेशिक सहायताको प्रतिबद्धता (Commitment) प्राप्त भएको छ । जसमा रु.१८ अर्ब २६ करोड ४३ लाख अनुदान छ भने रु.२ अर्ब ६५ करोड ९९ लाख ऋण रहेको छ । यसरी वैदेशिक सहायताको प्रतिवद्धता व्यक्त गर्नेहरुमा संयुक्त राज्य अमेरिका, विश्व बैंक, भारत, चीन, जापान, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, फिनल्याण्ड, एशियाली विकास बैंक, स्विट्जरल्याण्ड, ओपेक फण्ड, जर्मनी प्रमुख छन् । यस सम्बन्धी विस्तृत विवरण अनुसूची १० र ११ मा दिइएको छ ।

# खण्ड - ३

## आर्थिक वर्ष २०६२।६३ को बजेट वक्तव्यको कार्यान्वयनको अवस्था

## ३.१ मन्त्रालगत रुपमा परेका बुँदाहरुको कार्यान्वयन अवस्था

आर्थिक वर्ष २०६२/६३ को बजेट वक्तव्यमा परेका बुँदाहरुको कार्यान्वयनको अवस्था सम्बन्धित मन्त्रालयहरु/आयोग/कार्यालयहरुले पठाएको विवरणको आधारमा निम्न अनुसार रहेको छ ।

### सर्वोच्च अदालत

बुंदा नं. १६३ मा 'अदालतबाट प्रदान गरिने न्यायिक कार्यलाई सहयोग पुऱ्याउन अदालतको प्रशासनिक कार्यको लागि आवश्यक पर्ने भौतिक सुविधामा विस्तार गरिनेछ' भन्ने उल्लेख गरेकोमा सो सम्बन्धमा सम्मेलन, सेमिनार, तालिम कार्याशाला, गोष्ठी, केन्द्रीय अभिलेखन कार्य सुचारु, IT मा सुधार, Layout मा सुधार, अनुगमन मूल्याङ्कन कार्यमा निरन्तरता, भवन निर्माण, न्याय क्षेत्रमा समन्वय समितिको गठन जस्ता कार्य सम्पन्न भएका छन् ।

### अख्यितार दुरुपयोग अनुसन्धान आयोग

बुंदा नं. २८ मा 'भ्रष्टाचार विरुद्धको निरोधात्मक तथा उपचारात्मक कारवाहीमा तिब्रता ल्याईने र राजनैतिक आग्रहमुक्त, सवल र सक्षम निजामती प्रशासनको विकास गरिने' रणनीति रहेकोमा सो सम्बन्धमा निम्न उपलब्धि हासिल भएको छ :

- ४७ वटा विभिन्न विभागहरुको निर्देशिका तयार भई संचालनमा आएको तथा ५ वटा जिल्लाहरुमा भ्रष्टाचार विरुद्धका स्थानीय समन्वय समितिहरु गठन गरी सोको कार्यविधि तर्जुमा हुने क्रममा रहेको ।
- आयोगकाबाट नियमित निरिक्षण तथा अनुगमन भएको ।
- उपचारात्मक कार्यहरु अन्तर्गत यस आर्थिक वर्षमा ४३२४ थान उजुरी परेकोमा ३३५८ थान फछ्र्यौट भएको ।
- यस अवधिमा ११४ थान मुद्दाहरु अदलतमा दायर भएको ।

बुंदा नं.१६४ मा 'भ्रष्टाचार निवारणको क्षेत्रसँग सम्बन्धित वर्तमान कानुन, नीति एवं रणनीतिको परिमार्जन एवं नयाँ कानूनहरुको निर्माण गरिनेछ' भन्ने उल्लेख रहेकोमा त्यस सम्बन्धमा कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा एक कार्यदल गठन भई सो कार्यदलले सम्बन्धित कानुन तथा नीतिहरुको पुनरावलोकन गरिरहेको छ ।

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

बुंदा नं. १६७, 'मानव अधिकार कार्य योजनालाई अझै प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ' भने लक्ष्य अनुरुप अनुगमन समिति, सरकारी अधिकारीहरुलाई मानव अधिकार कानून वारे प्रशिक्षण दिने, महिलासंग सम्बन्धित सबै कानूनी व्यवस्था संग्रह गरी प्रकाशन गर्ने, फौज्दारी कानूनहरुको पुनरावलोकन गर्ने कार्य सम्पन्न भएका छन् ।

बुंदा नं. १६४ मा 'भ्रष्टाचार निवारणको क्षेत्रसंग सम्बन्धित वर्तमान कानून, नीति एवं रणनीतिको परिमार्जन एवं नयां कानूनहरुको निर्माण गर्ने' लक्ष्य राखेकोमा सो कार्यका लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिवको संयोजकत्वमा विभिन्न मन्त्रालयका उच्चस्तरीय प्रतिनिधिहरु समेत रहेको एक कार्यदल गठन भई कार्यरत रहेको छ ।

## कृषि तथा सहकारी मन्त्रालय

बुंदा नं. ३८ मा 'दीर्घकालीन कृषि योजना अनुसार सीमावर्ती बजार र खाडी राष्ट्रको कृषिजन्य उपजको माग अनुरुपको बाली लगाउन कृषकहरुलाई प्रविधि, पुर्वाधार र बजार सहयोग उपलब्ध गराई कृषि उपजलाई सशक्त निर्यात सामाग्रीको रुपमा विकास गर्ने कार्यक्रमहरु संचालन गरिनेछ' भन्ने उल्लेख गरेकोमा निम्न प्रगति भएको छ :

- 'आर्थिक विकासको लागि प्रतिस्पर्धात्मक कृषि' भन्ने मूल नारा सहित चौथो राष्ट्रिय कृषि बजार सम्मेलन सम्पन्न भएको ।
- पुष्प बजारको विस्तारको लागि पुष्प सम्बन्धी संस्था वीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- पाल्पा जिल्लामा अदुवा प्रशोधन उद्योग संचालन गर्न विभिन्न संस्थाहरु र कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, कृषि विभाग वीच सम्झौता भएको ।
- गुलाबको कट फ्लावर र अदूवा उत्पादन सम्बन्धी व्यवसायिक योजना तयार गरी प्रकाशन गरिएको ।
- बजार विकास तथा विस्तार र व्यवसायिक चेतना अभिबृद्धि गर्न महोत्सवहरु मार्फत कार्यक्रम संचालन र निर्यातमूलक उत्पादनमा संलग्न कृषकहरुलाई प्राविधिक सहयोग गर्ने कार्य भईरहेको । साथै चैत महीनामा सम्पन्न पुष्प व्यापार मेलामा भाग लिई पुष्प निर्यात बजारका सम्भावना बारेमा अझ प्रष्ट पार्ने कार्य गरिएको ।
- बजार पूर्वाधार विकासको लागि काभ्रेस्थली, पोखरा, जोमसोम, कावासोती, कलैया, जनकपुर, कप्तानगञ्ज, रंगेली, सुरुङ्गा गरी जम्मा ९ स्थानमा बजार संकलन केन्द्रहरुको निर्माण कार्य भएको ।

बुंदा नं. ३९ मा 'दलित र मुक्त कमैयाको जनघनत्व बढी रहेका २२ जिल्लामा यी वर्गलाई लक्षित गरी विशेष पशुपालन कार्यक्रम संचालन गरिनेछ' भन्ने उल्लेख गरेकोमा निम्न कार्य भएको :

- जिल्ला पशु विकास कार्यदलबाट लक्षित परिवार छनौट गरी स्थानीय निकायहरुसँगको सहकार्यमा समिति मार्फत कार्यक्रम संचालन गरिएको
- खोर निर्माण सुधार भएको
- खोप लगाइएका बाखा बोका वितरण भएको
- पशु स्वास्थ्य सेवा प्रदान गर्ने कार्य भइरहेको
- २२ जिल्लामा LAT बैठक सम्पन्न भैरहेको

बुंदा नं. ३९ मा नै 'सोलुखुम्बु, ओखलढुंगा, खोटाङ्ग र भोजपुर जिल्लाहरुमा स्थानीय गैरसरकारी संस्था, सामुदायिक संगठन र समूहहरुलाई परिचालन गरी थोरै जग्गाबाट बढी लाभ प्राप्त हुने तरकारी तथा मसलाजन्य बालीहरु एवं पशुपालनको सघन कार्यक्रम संचालन गरिनेछ' भन्ने कुरामा जोड दिएकोमा सो सम्बन्धमा निम्न कार्यक्रम संचालन भएको छ :

बाखा पालन तर्फ

- ✦ खोर निर्माण सामाग्री उपलब्ध गराउने तथा आवश्यक घाँस/डालेघाँसको व्यवस्थापन भएको ।
- ✦ बाखा/बोका वितरण कार्य भएको ।
- ✦ पशु स्वास्थ्य सेवा प्रदान गर्ने कार्य भईरहेको ।
- ✦ कृषकस्तरमा तालिम, भ्रमण, गोष्ठी संचालन भएको ।
- ✦ कार्यक्रम अनुगमन नियमित रुपमा गरिएको ।

बंगुर पालन तर्फ

- ✦ लक्षित समुदायमा समिति गठन गरेको ।
- ✦ खोर निर्माण सुधार भएको ।
- ✦ बंगुरको पाठा पाठी वितरण भएको ।
- ✦ पशु स्वास्थ्य सेवा आवश्यकता अनुसार प्रदान गरिएको ।
- ✦ कृषकस्तरमा तालिम गोष्ठी संचालन भएको ।

बुंदा नं. ४० मा 'एक गाउँ एक उत्पादन' अवधारणा संचालन गरिने र 'राजमार्ग आसपासका भूमिहीन कृषकहरुलाई छेउछाउका नदीहरु तथा प्राकृतिक तालहरुमा मत्स्यपालनका लागि प्रविधि पुर्वाधार सहयोग उपलब्ध गराइनेछ' भन्ने उल्लेख गरेकोमा सो सम्बन्धी जिल्ला कृषि विकास कार्यालयहरुको नियमित कार्यक्रम अन्तर्गत समूह गठन गरी कार्यक्रम संचालन गरिएको ।

बुंदा नं. ४१ मा 'कर्णाली अञ्चल विशेष कृषि विकास कार्यक्रम अन्तर्गत स्याउ र आलुको व्यवसायिक खेती प्रवर्द्धन गर्न वातावरण मैत्री प्रविधि प्रयोग गरी १० वटा सोलार भण्डार तथा शीत भण्डार निर्माण गरिनेछ र सो अञ्चलको कृषि उपचको पहुँच बजारसम्म पुऱ्याउन मान्मामा संकलन केन्द्रको पुर्वाधार निर्माण गरिनेछ' भन्ने उल्लेख गरेकोमा सो सम्बन्धमा निम्न उपलब्धि हासिल भएको छ

- ✦ स्वीकृत कार्यविधि अनुसार कार्यक्रम संचालन गरिएको ।
- ✦ शीत भण्डार र सोलार स्टोर गरी १० वटाको निर्माण कार्य भएको ।
- ✦ २ वटा संकलन केन्द्र/बजार सेड निर्माण भएको ।
- ✦ २६ जना प्राविधिक सहायक/नायब प्राविधिक सहायकलाई तालिम प्रदान गरिएको ।
- ✦ २३ जवान ग्रामीण कृषि कार्यकर्ताहरुलाई तालिम प्रदान गरिएको ।

बुंदा नं. ४२ मा 'कृषि क्षेत्रको विशेष कार्यक्रम संचालन हुने जिल्लाहरु, गरिबी निवारण कोषले सहयोग गर्ने जिल्लाहरु बाहेकका अति विपन्न वर्गको जनघनत्व बढी भएका १० जिल्लाहरुमा ५० हजार घर परिवारलाई लक्षित गरी उनीहरुको सम्भाव्यता अनुरुपको कृषि कार्यक्रम संचालन गर्ने ' भन्ने लक्ष्य राखेकोमा निम्न प्रगति भएको छ :

कृषि तर्फ

- ✦ लक्षित कार्यक्रमको कार्यविधि, अख्तियारी तथा स्वीकृत कार्यक्रम जिल्लाहरुमा पठाइ स्वीकृत भएको ।
- ✦ प्रस्तावना अनुसार जिल्लामा स्थान विशेष अनुसारको कार्यक्रम संचालन गरिएको ।
- ✦ अति विपन्न समुदायलाई समुह/ समिति मार्फत कृषि सेवा पुऱ्याइएको ।

पशु सेवा तर्फ

- ✦ अति विपन्न वर्ग विकास कार्यदल (Pro-Poor Action Team-PAT) को गठन भएको ।
- ✦ लक्षित परिवारको छनौट भएको ।
- ✦ समिति गठन गरी सम्झौता अनुसार अनुदान, सामाग्री र प्राविधिक सेवा पुऱ्याईएको ।

बुंदा नं. ४३ मा 'कच्चा ऊन स्वदेशमै व्यवसायिक रुपमा उत्पादन गर्न निजी क्षेत्रलाई आवश्यक प्राविधिक सहयोग सहित सबै भेडा फार्महरु लीजमा उपलब्ध गराइनेछ' भन्ने लक्ष्य राखेकोमा सोको कार्यविधि स्वीकृत हुन नसकेका कारण कार्यक्रम संचालन हुन नसकेको ।

बुंदा नं. ४४ मा 'परीक्षणको रुपमा १५० वटा साना सिंचाई आयोजनाहरु सहकारिताको आधारमा संचालन गरिनेछ' भन्ने लक्ष्य राखेकोमा सहकारी खेतीमा आधारित साना सिंचाई कार्यक्रम तर्फ १४७ वटा आयोजनाहरु स्वीकृत भै निर्माण कार्य सम्पन्न भएको ।

बुंदा नं. ४६ मा 'विश्व व्यापार संगठनमा नेपालको प्रवेशपछि नेपाली कृषिजन्य उपज र प्रशोधित खाद्य पदार्थको निर्यात प्रवर्द्धनका लागि प्रतिस्पर्धात्मक गुणस्तर सुनिश्चित गर्न क्वारेन्टाइन तथा खाद्य प्रयोगशालाका संयन्त्रहरु सुदृढ गरिनेछ' भन्ने लक्ष्य राखेकोमा सो मा निम्न अनुसारको प्रगति भएको छ :

कृषिजन्य बस्तुतर्फ

- ✦ ल्याव सामान १ वटा खरीद भएको ।
- ✦ जम्मा ५३७१ स्वास्थ्यको प्रमाणपत्र वितरण भएको ।
- ✦ जम्मा ५७४८६ वटा पैठारी इजाजत वितरण भएको ।
- ✦ कृषिजन्य वस्तुको आयात निर्यातको अभिलेख अद्यावधिक राखिएको ।

पशुसेवा तर्फ

- ✦ TAD को OIE Prescribed Test को लागि पुर्वाधार तयार गरिएको ।
- ✦ प्रयोगशाला सुदृढीकरणको लागि उपकरण खरिद गरिएको ।
- ✦ WTO सँग सम्बद्ध Quarantine Management, Animal Discase Rick Analysis अधिकृत र सहायकस्तरको तालिम प्रदान गरिएको ।
- ✦ क्वारेन्टाईन भवन र टहरा निर्माण गरिएको ।
- ✦ Disease Recognition Manual वितरण गरिएको ।

खाद्य प्रविधि तर्फ

- ✦ खाद्य प्रविधिको फुड सेफ्टी विषयमा तालिम प्रदान गरिएको ।
- ✦ आयात निर्यात प्रणालीको ६ वटा निरीक्षण भ्रमण सम्पन्न भएको ।

बुंदा नं. ४७ मा 'कृषि अनुसन्धानलाई परिणाममुखी बनाउन अनुसन्धान केन्द्रहरु र कृषकहरु बीच अन्तरक्रिया हुने परिपाटी शुरु गरिनेछ' भन्ने उल्लेख गरिएकोमा विभिन्न स्थानमा गाउँस्तरीय कार्याशाला गोष्ठी गरिएको, RTWG गोष्ठी परवानीपुर, लुम्ले, नेपालगंज र तरहरामा सम्पन्न भएको, हिउँदे बाली परीक्षण कार्य सम्पन्न भएको र बाह्रय अनुसन्धान स्थलमा अन्तरक्रिया तथा छलफल भएको ।

<u>बुंदा नं. ४८</u> मा 'चिया, खेती, पुष्प खेती व्यवसायमा अनुदान दिने, पशुपंक्षी र नगदेवालीको विमा गरिनेछ' भन्ने गरिएकोमा उल्लेख सो सम्बन्धमा पुष्पखेती व्यवसायसँग सम्बद्ध निजी क्षेत्रसँग प्रारम्भिक छलफल गरी अनुदान दिने कार्य प्रारम्भ भइसकेको छ ।

## <u>गृह मन्त्रालय</u>

<u>बुंदा नं. ३३</u> मा 'आतंकवादी गतिविधि परित्याग गरी हतियार बुझाई देश र जनताको हितमा उपलब्धिमूलक जीवनमा फर्कन चाहने र राष्ट्रिय जीवनको मूल प्रवाहमा प्रवेश गर्न चाहने सबै व्यक्तिलाई राज्यले आवश्यक तालिम र आर्थिक उपार्जन गर्ने अवसरको प्रत्याभूति दिनेछ' भन्ने उल्लेख भएकोमा सो कार्यका लागि तनहुँको ढकालटारमा आत्मसमर्पण तथा पुनर्स्थापना केन्द्र संचालन गरिएको छ ।

<u>बुंदा नं. ३४</u> मा 'द्वन्द पीडित भई आन्तरिकरुपले विस्थापित व्यक्तिहरुलाई रोजगार तथा स्वरोजगार प्राप्त गर्न सक्षम तुल्याउने उद्देश्यले व्यवसायिक प्रशिक्षण निःशुल्क प्रदान गरिनेछ' भन्ने उल्लेख गरेकोमा सो सम्बन्धमा निम्न उपलब्धि हासिल भएको :

- ✦ आन्तरिकरुपमा विस्थापित सम्बन्धी राष्ट्रिय नीति, २०६२ तयार भएको ।
- ✦ आत्म–समर्पण तथा पुर्नस्थापना सम्बन्धी नीति, २०६२ तर्जुमा गरिएको ।
- ✦ पुन–र्स्थापना कार्यक्रम (गणेशमान सिंह शान्ति अभियान) अन्तर्गत मृतकका आश्रितलाई आर्थिक सहायता, सन्तती छात्रवृत्ति, औषधीउपचार, सम्पति क्षति वापत आर्थिक सहायता, विधवा/विधुर भत्ता प्रदान गरिएको ।

## <u>भौतिक योजना तथा निर्माण मन्त्रालय</u>

<u>बुंदा नं. १३४ मा</u>, "जिल्लास्तरका खानेपानी आयोजनाहरुलाई विशेष प्राथमिकता दिई १६८ वटा खानेपानी आयोजनाहरु सम्पन्न गरिनेछ" भन्ने कार्यक्रम राखिएकोमा जिल्लास्तरका १२४ वटा खानेपानी आयोजनाहरु सम्पन्न गरिएको छ ।

<u>बुंदा नं. १३५ मा</u>, "९ वटा नगर खानेपानी तथा सरसफाई आयोजनाहरु शुरु गरिनेछ," भन्ने कार्यक्रम रहेकोमा ८ वटा नगर खानेपानी तथा सरसफाई आयोजनाहरु शुरु गरिएको छ ।

<u>बुंदा नं. १३४ मा</u>, "नेपाल सरकारको दायित्वमा रहेका विगतमा सम्पन्न ४० वटा आयोजनाहरु आवश्यकता अनुसार मर्मत सुधार नविकरण गरी उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ," भन्ने कार्यक्रम रहेकोमा नेपाल सरकारको दायित्वमा रहेका विगतमा सम्पन्न ४० वटा आयोजनाहरु आवश्यकता अनुसार मर्मत सुधार नविकरण गरी उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको, दैवी प्रकोप बारे क्षतिग्रस्त ४ वटा आयोजना मर्मत सुधार गरी पुर्नस्थापना गरिएको छ ।

<u>बुंदा नं. १३७ मा</u>, "तानसेन नगरपालिकामा नयाँ श्रोतबाट खानेपानी आयोजनाको निर्माण कार्य प्रारम्भ गरिनेछ," भन्ने कार्यक्रम रहेकोमा तानसेन नगरपालिकामा नयाँ श्रोतबाट खानेपानी आयोजनाको निर्माणको प्रारम्भिक काम शुरु भएको छ ।

बुंदा नं. १३८ मा, "मेलम्ची खानेपानी आयोजनाको कार्यलाई अघि बढाउने क्रममा आ.व.०६२/६३ मा एडिट प्रवेश मार्ग निर्माण, विद्युत प्रशारण लाइन निर्माण आदि कार्यको लागि रु.१ अर्ब ५२ करोड विनियोजित गरिएको छ" उक्त बुंदालाई कार्यरुप दिन निम्न कार्यहरु भएका छन् :

- मुख्य प्रवेश मार्गको मेलम्ची चनौटे खण्डमा ढुंगा, माटो नाली आदिका साथै ग्राभेल गर्ने कार्य सम्पन्न भएको ।
- एडिट प्रवेश मार्गको सिन्धु र ग्याल्थुम दुबै सडकको ढुंगा, माटोको कार्य पुरा गरी ट्र्याक खोल्ने कार्य सम्पन्न भएको र साथै टेवा पर्खाल नाली तथा निर्माण कार्यहरु भैरहेको ।
- प्रवेश मार्ग स्तरसुधार अन्तर्गत गोकर्ण सुन्दरीजल निर्माण कार्य (पिच सहित) सम्पन्न भएको लामीडाँडा मेलम्ची खण्डमा साधारण मर्मत कार्य भएको ।
- मेलम्ची पुल बजारमा निर्माणाधिन क्याम्प साईटको भवन निर्माण कार्य सम्पन्न भएको ।
- आयोजनाको टनेल निर्माण कार्यको लागि आवश्यक पर्ने ३३ KVA विद्युत प्रशारण लाईनको ठेक्का बन्दोबस्त गर्ने उद्देश्यले बोलपत्र आब्हान गरी मूल्याङ्कन कार्य सम्पन्न भएको, तर प्राप्त ४ वटा बोलपत्र मध्ये ३ वटा Non Responsive देखिन आएको र बाँकी १ वटा लागत अनुमानभन्दा धेरै बढीमा पर्न आएकोले पुनः बोलपत्र आब्हान गर्ने निर्णय भएको ।
- सामाजिक उत्थान कार्यक्रम अन्तर्गत ८ वटा विद्यालय भवन निर्माण, ५ वटा भवनको मर्मत, सिंचाई कुलो मर्मत, ३ वटा उपस्वास्थ्य चौकी निर्माण आदि कार्यहरु भैरहेको साथै २८ वटा विद्यालयका २७२ विद्यार्थीलाई रु.६,९२,०००।- छात्रवृत्ति प्रदान गरिएको ।
- आयोजनाको लागि आवश्यक जग्गा प्राप्ति गर्ने कार्य निरन्तर भैरहेको ।
- काठमाण्डौं उपत्यकाको खानेपानी व्यवस्थापन ठेकेदार नियुक्तिको प्रकिया अन्तिम चरणमा पुगेको ।

बुंदा नं. ७५ मा 'वीरगन्ज सुख्खा बन्दरगाहदेखि परवानीपुरसम्मको करीब १२ किलोमिटर वैकल्पिक बाटो निर्माण, भैरहवाको वेलहियादेखि परासी हुंदै राजमार्ग जोड्ने करीब २९ किलोमिटर बाटोको स्तरोन्नति र काकडभिट्टा भन्सारमा सुख्खा वन्दरगाह निर्माण' गर्ने कुरामा जोड दिएकोमा ती कामहरु गराउन डिटेल इन्जिनियरिङ्ग सर्भे, डिजाइन र विड डकुमेन्ट तयार गर्ने कार्य सम्पन्न भई बोलपत्र आव्हान गर्ने प्रक्रियामा रहेको छ ।

बुंदा नं. ८३ मा 'कालोपत्रे खण्डास्मित र माटे सडक समेत गरी २४४ किलोमिटर थप सडक निर्माण, १३६ किलोमिटर सडक पुनर्स्थापना, २५ किलोमिटर सडकको स्तरोन्नति र २९५ किलोमिटर सडकको आवधिक मर्मत एवं २५ वटा साना ठूला पुलहरुको निर्माण सम्पन्न गर्ने र सडक वोर्ड मार्फत करीब ४००० किलोमिटर सडकको आवधिक, पटके र नियमित मर्मत संभारको कार्य सम्पन्न गरिने' भन्ने कुरामा जोड दिएको छ ।

यस अन्तर्गत करीब १५२ किलोमिटर माटे स्तरको सडक नयां निर्माण, १२४ किलोमिटर कालोपत्रे स्तरोनन्ति, ५९ किलोमिटर खण्डास्मित स्तरोन्नति, ६६ किलोमिटर पुनःनिर्माण र पुनःर्स्थापना, २७६ किलोमिटर आवधिक मर्मत र ३४ वटा साना र ठूला गरी पुल निर्माण कार्य सम्पन्न भएको र करीब ४००० किलोमिटर सामरिक महत्वका सडकहरुको पटके र नियमित मर्मत संभार भएको छ ।

बुंदा नं. ८४ मा 'दार्चुला, बझाङ्ग, जुम्ला, कालिकोट, भोजपुर र संखुवासभा गरी ६ वटा जिल्लाका सदरमुकाममा सडक मार्ग पुऱ्याउने र कर्णाली अन्चलका सदरमुकामहरु जोड्न बांकी जिल्लाहरु मुगु, हुम्ला र डोल्पा जोड्ने सडकहरुको रेखाङ्कन अध्ययन गरिने' कुरामा जोड दिएको छ ।
यसमा निम्नानुसारको उपलब्धि हासिल भएको छ :

- ★ संखुवासभा सदरमुकाम जोड्ने पिलुवा खोलादेखि समाखोलासम्म २५ किलोमिटर मा ३ फिट ट्रेस कटिङ्ग गर्ने काम पूरा भएको ।
- ★ १२६ किलोमिटर वैतडी-दार्चुला माटे सडक निर्माण कार्य सम्पन्न भई दार्चुला सदरमुकाम जोडिएको ।
- ★ खोड्पे-बझाङ्ग सडकको किलोमिटर क ९५+८०० देखि ९६+४०० सम्मको कडा चट्टान काट्ने कार्य प्रायः सम्पन्न अवस्थामा रहेको ।
- ★ जुम्ला कालिकोट सदरमुकाम जोड्ने सडकको निर्माण कार्य नेपाली सेनाबाट भइरहेको साथै जुम्ला तर्फबाट RMDP अन्तर्गत CBO मार्फत ३६ किलोमिटर मध्ये ३२ किलोमिटर सडकको ट्र्याक खोल्ने काम भएको ।
- ★ भोजपुर सदरमुकाम जोड्न RBG मार्फत भोजपुर सदरमुकामसम्म २.५ मि. चौडा ट्रेश कटिङ्ग काम पूरा भएको ।
- ★ जाजरकोट-डोल्पा र बाजुरा-हुम्ला सडकको सम्भाव्यता अध्ययन कार्य विगतमा झैं सम्पन्न भएको र जुम्ला गमगढी (मुगु) सडकको संभाव्यता अध्ययन कार्य सम्पन्न भएको ।

<u>बुदा नं. ८५</u> अन्तर्गत 'ग्रामिण सडक पहुँच कार्यक्रम अन्तर्गत बसन्तपुर-तेह्रथुम २६ किलोमिटर र भालुवाङ्ग-प्यूठान ६९ किलोमिटर सडकलाई ग्राभेल स्तरमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ' भन्ने उल्लेख गरेकोमा बसन्तपुर-तेह्रथुम सडकको स्तरोन्नति कार्य चालु रहेको र आकस्मिक मर्मत कार्य भएको छ ।

तर DFID अन्तर्गत RAP कार्यक्रमबाट संचालन भएको भालुवाङ्ग-प्यूठान सडकको December 2005 को Fundamental Review पछि June 2006 मा DFID बाट कार्यक्रम नै drop गरेको ।

<u>बुदा नं. ८६</u> मा 'ब्रम्हपुर मण्डी (कञ्चनपुर)-टिङ्कर, जमुनीया-हिल्सा, बेलहिया-लोमन्थाङ्ग-घोक्थाङ्ग, विरगंन्ज-रशुवागटी, भिट्टामोड-लामाबगर-लाप्चेगाउँ, रानी विराटनगर-किमाथाङ्गा र केचना-बलाङ्गचुङ्गगोला-धारिला भञ्जाङ्ग समेत गरी ७ वटा नयाँ राजमार्गको निर्माण कार्य प्रारम्भ गरिने र विरगन्जबाट काठमाण्डौं हुँदै कोदारीसम्मको हालको राजमार्गको स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिने' कुरा उल्लेख गरेकोमा निम्न अनुसारको प्रगति भएको देखिन्छ :

- ★ ब्रम्हदेव मण्डी-ट्रिङ्कर सडकको जोगबुढा-बुडर-बैतडी खण्ड निर्माण भइरहेको तथा बैतडी-दार्चुला खण्डमा माटे स्तरको सडक निर्माण भै सदरमुकाम जोडिएको ।
- ★ जमुनीया-हिल्सा सडकको जमुनिया-सुर्खेत खण्ड निर्माण भइ सकेको ।
- ★ बेलहिया-लोमन्थाङ्ग-घोक्थाङ्ग सडकको बेलहिया बेनी खण्ड निर्माण भई सकेको र स्याप्रुबेशी रसुवागढी खण्डको विस्तृत सर्भेक्षण भई निर्माण शुरु गर्ने प्रकियामा रहेको ।
- ★ भित्तामोड- लामाबगर लाप्चे सडकको भित्तामोड दोलखा खण्डमा निर्माण भई सकेको ।
- ★ रानी बिराटनगर-किमाथाङ्गा सडकको रानी-बसन्तपुर खण्ड निर्माण भइसकेको, बसन्तपुर-खाँदबारी खण्ड RNDP अन्तर्गत निर्माण भई रहेको र खाँदबारी किमाथाङ्गा खण्डको सम्भाव्यता अध्ययन कार्य भएको ।
- ★ केचना, बलाङ्गचुङ्गगोला सडकको केचना ताप्लेजुङ्ग खण्ड निर्माण भईसकेको ।
- ★ विरगन्ज- काठमाडौं कोदारी राजमार्गको बाह्रबिसे कोदारी खण्डमा ३ किलोमिटर सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको ।

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

बुंदा नं. ८२ मा 'नेपाल वायू सेवा निगमलाई निजीकरण प्रक्रियामा अगाडि बढाइने' लक्ष्य राखेकोमा सो सम्बन्धमा गठीत कार्यदलले पेश गरेको प्रतिवेदनको आधारमा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको छ ।

बुंदा नं. ९५ मा 'पर्यटन विस्तार गर्न नेपाल पर्यटन वोर्ड मार्फत विदेशी संचार माध्यमलाई नेपाल आमन्त्रण गरी विदेशमा प्रसारण गर्ने' लक्ष्य अनुसार भारतका १३ टोली, चीन र हङ्कङ्का १४ जना, ASEAN राष्ट्रहरुका २ वटा टोली, जर्मनी, फ्रान्स, जापान, रुस लगायत गरी ८९ जना संचारकर्मीबाट उक्त कार्य सम्पन्न भएको छ ।

बुंदा नं. ९६ मा 'हिन्दू तथा बौद्धमार्गीहरुलाई नेपालमा आकर्षण गर्न धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ' भन्ने नीति अनुरुप भारतमा धार्मिक पर्यटन प्रवर्द्धनार्थ अखण्डज्योति बाबा च्यारिटेवल ट्रष्टद्वारा आयोजना गरिएको धार्मिक कार्यक्रमलाई सहयोग गरिएको, चिनिया भाषामा Nepal Toursim Board (NTB) को Website निर्माण गरिएको, हिन्दू तथा वौद्ध धर्म सम्बन्धी Journey to Janakpur वृत्तचित्र निर्माण गर्न Thammasat University, Thailand लाई सहयोग गरिएको छ ।

बुंदा नं. ९७ मा 'खतराको सूचिमा परेका काठमाण्डौ उपत्यकाभित्रका विश्व सम्पदाहरुको सुधार तथा संरक्षण कार्य गर्नका लागि तयार पारिएको १० वर्षे कार्य योजनालाई स्थानीय निकायहरुसंग सांझेदारी गरी कार्यान्वयन गरिनेछ' भन्ने लक्ष्य अनुरुप सो सम्बन्धमा निम्न कार्यहरु भएका छन् :

- Core / Buffer Zone नयां नक्सा तथा निर्देशिका र कार्यविधि तयार गर्ने कार्य वाहेक अन्य क्षेत्रको कार्य सम्पन्न भएको ।
- स्मारक क्षेत्रका घरधनीहरुले रकम माग गरेमा दिने व्यवस्था गरिएको ।
- विश्व सम्पदाहरुको संरक्षण र व्यवस्थापन कार्य सम्बन्धी प्रगति प्रतिवेदन तयार गरी UNESCO लगायत विभिन्न निकायहरुमा पठाउने कार्य सम्पन्न भएको ।
- डकुमेन्टेशन गर्ने कार्य अन्तर्गत पाटन संरक्षित स्मारक क्षेत्रको वारेमा नेपाली र अंग्रेजीमा श्रव्यदृश्य तयार गर्ने र पनौती संरक्षित स्मारक क्षेत्रको परिचयात्मक पुस्तिका तयार गरी प्रकाशन गर्ने कार्य सम्पन्न भएको ।
- UNESCO को सहयोगमा सातैवटा क्षेत्रको संरक्षण र व्यवस्थापनको गुरुयोजना तयार गरी लागू गर्ने कार्य भैरहेको ।

बुंदा नं. ९८ मा 'भैरहवा स्थित गौतम बुद्ध विमानस्थललाई ठूला जहाज (Wide-body Aircraft) अवतरण र उडान गर्न सक्ने गरी ३००० मी.लामो धावन मार्ग बनाउन आवश्यक जग्गा प्राप्ति गर्ने र जग्गा सुधार गर्ने कार्य आर्थिक वर्ष २०६२/६३ मा सम्पन्न गरिने छ' भन्ने कार्यक्रम रहेकोमा सो कार्यका लागि ६२ विगाहा जमीन अधिकरण गर्ने कार्य सम्पन्नभै रु.५ करोड बजेटबाट मुआब्जा वितरण गर्ने कार्य सम्पन्न भै सकेको छ ।

## भूमिसुधार तथा व्यवस्था मन्त्रालय

बुंदा नं. ६१ मा 'भूमि बैंकको स्थापना गरिनेछ' भन्ने उल्लेख भएकोमा सो बैङ्क स्थापना नहुञ्जेल बाँके जिल्लामा ४५ जना र कैलाली जिल्लामा ७० जना गरी कुल ११५ जनालाई जग्गा खरिद गर्न कृषि विकास बैक मार्फत सहुलियत पूर्ण ॠण प्रदान गरिएको ।

**बुंदा नं. ६२** मा 'सट्टा जग्गा उपलब्ध गराउने' र 'मुक्त कमैया परिवारलाई आय आर्जनका अवसर उपलब्ध गराउने' कुरामा जोड दिईएकोमा "सट्टा भर्ना सम्बन्धी काम नभएको" तथा "सीपमूलक तालीम ४८७ जना र उद्यमी विकास तालीम ८९ जनालाई प्रदान गरिएको छ ।

**बुंदा नं. ६३** मा 'जग्गाधनी र मोही बीच जग्गा बाँडफाँड गर्ने कार्य २०६२ चैत्र मसान्तसम्म टुङ्याईनेछ' भन्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०६२/६३ मा दोहोरो स्वामित्व अन्त्यतर्फ १९१० वटा मुद्दा फछ्र्यौट भइसकेको छ ।

## वन तथा भू–संरक्षण मन्त्रालय

**बुंदा नं. ५४** मा 'वन विकास गुरुयोजनाले तय गरे मुताविक कबुलियती वनको व्यवस्थामा जोड दिने' भनी उल्लेख भएकोमा तनहुं जिल्लामा कबुलियती वनमा कृषि वनको संभाव्यता अध्ययन कार्य सम्पन्न गरिएको छ ।

**बुंदा नं. ५५** मा निम्न दुई कुरामा जोड दिइएको थियो :

१. सामुदायिक वनका उपभोक्ता समूह भित्रका महिला, दलित र उत्पीडित वर्गका अति गरीब परिवारहरुको वन पैदावारमा आधारित आय आर्जन कार्यक्रमहरु संचालन गरिनेछ, र

२. गरिबीको रेखामुनी रहेको दलित, जनजाती र न्यून आय भएका समूहहरुलाई कबुलियती वन हस्तान्तरण गरिनेछ ।

माथि उल्लेखित बुंदाका दुवै उद्देश्यहरु पूरा गर्ने सन्दर्भमा निम्न कार्य सम्पन्न भएका छन् :

१. **सामुदायिक वन तर्फ**
   - ★ १५० वटा सामुदायिक वन उपभोक्ता समूहहरुको सम्पन्नता स्तरीकरण कार्य सम्पन्न भएको ।
   - ★ ७४ वटा गरिबमुखी उप-समूहहरु गठन भई कार्यक्रम संचालन भएको ।
   - ★ १६ वटा विपन्न उप-समूहको कार्ययोजना तयार भएको ।
   - ★ अन्य ९ वटा कार्य योजना तयारी भएको ।

२. **कबुलियती वन तर्फ**
   - ★ २२८ वटा समूह गठन भएको ।
   - ★ २८५ वटा कार्य योजना तयारी पूरा भएको ।

**बुंदा नं. ५६** मा 'तराई तथा भित्री मधेशको राष्ट्रिय वनलाई उत्पादनशील वनको रुपमा विकास गर्न राष्ट्रिय नीति अनुरुप वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रमलाई निरन्तरता दिइनेछ' भन्ने कुरामा जोड दिएकोमा वारा, धनुषा, सर्लाही र महोत्तरीको ४ वटा वन क्षेत्रको कार्य योजना तयार गर्न क्षेत्र पहिचान भएको छ भने तराईको धनुषा र सिराहा जिल्लाका Forest Cover Map हरु तयार गर्ने कार्य सम्पन्न भएको छ ।

**बुंदा नं. ५७** मा 'दशौं योजनाले निर्दिष्ट गरे अनुसार ४०% वन क्षेत्र कायम राख्ने' प्रतिवद्धता अनुरुप वन क्षेत्र अन्य प्रयोजनका लागि उपयोग गर्नु पर्ने भएमा कुल क्षेत्रफल नघट्ने गरी सट्टा भर्ना दिने घोषित नीति भएकोले जग्गा माग गर्ने निकायहरु विद्युत विकास विभाग, सिंचाई विभाग, सडक विभाग र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई उल्लिखित नीतिको वारेमा जानकारी गराइएको छ ।

बुंदा नं. ५८ मा 'नेपालको जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखीकरण गर्ने काम प्राथमिकताका साथ गरिनेछ' भन्ने कुरामा जोड दिए मुताविक १२ जिल्लामा जैविक विविधता समितिहरु गठन भएका, 'नेपाल जैविक विविधता रणनीति कार्यान्वयन योजना' स्वीकृत भएको, आनुवांशिक श्रोत विधेयक मस्यौदा तथा कानून तर्जुमा वारे कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय तथा मन्त्रिपरिषद्‌बाट सहमति प्राप्त भएको छ ।

बुंदा नं. ५९ मा 'हरियाली बृद्धि तथा शहरको शोभा बढाउने शहरी वन कार्य नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ' भन्ने कुरामा जोड दिएकोमा नगर वन विकासको लागि दुई वटा क्षेत्र त्रिभुवन पार्क र चक्रपथ क्षेत्रको संभाव्यता अध्ययन गर्ने कार्य सम्पन्न भएको छ ।

## शिक्षा तथा खेलकुद मन्त्रालय

बुंदा नं. १०७ मा 'विद्यालय सुधार योजनाका आधारमा सबै सार्वजनिक प्राथमिक विद्यालयहरुलाई विद्यार्थी संख्याको आधारमा एकमुष्ट अनुदान दिने व्यवस्थालाई निरन्तरता दिने कार्यक्रम' अन्तर्गत सो कार्य सम्पन्न भएको ।

बुंदा नं. १०८ मा '५०९८ वटा नयाँ कक्षा कोठा निर्माण र १५० वटा स्तरयुक्त विद्यालय निर्माण गरिने र हिमाली क्षेत्रमा तीन वटा छात्राबास र विभिन्न स्थानमा ४४ वटा स्रोतकेन्द्र भवन निर्माण गर्ने लक्ष्य भएकोमा, ६०० वटा अस्थायी कक्षाकोठा निर्माण सम्पन्न भएको, ९ जिल्लामा ७५० वटा नयाँ कक्षा कोठा निर्माण कार्य शुरु भएको, ४०० वटा कक्षा कोठा EFA Modality बाट बनाउने गरी जिल्ला शिक्षा कार्यालयमा अख्तियारी पठाएको, १५० वटा स्तरयुक्त विद्यालय निर्माण अन्तर्गत ९६ वटा विद्यालयहको Field Visit Report र Master Plan प्राप्त भएको ।

त्यस्तै हिमाली छात्रावास निर्माणका लागि हुम्ला, डोल्पा र मुस्ताङ्गमा Field Visit Report र Preliminary Design प्राप्त भएको छ ।

बुंदा नं. १०९ मा '६००० बाल विकास केन्द्रहरु स्थापना गरिने' लक्ष्य राखिएकोमा उक्त कार्यक्रमका लागि कार्यक्रम बनाई अख्तियारी सहित जिल्ला शिक्षा कार्यालयहरु मा पठाइएको ।

बुंदा नं १११ मा 'प्रवेशिका परीक्षामा राम्रो नतिजा ल्याउने ग्रामिण क्षेत्रका विद्यालयहरुलाई रु.४ लाख प्रोत्साहन अनुदान दिने' कार्यक्रम अन्तर्गत ४० वटा विद्यालयहरुलाई सो अनुदान वितरण कार्य सम्पन्न भएको छ ।

बुंदा नं. ११२ मा 'कक्षा १० का विद्यार्थीका लागि अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषयको विशेष कक्षा टेलिभिजन तथा रेडियोबाट संचालन गरिने' लक्ष्य अनुरुप हरेक आइतबार गोरखापत्रमा विज्ञान विषयको र अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषयको हरेक हप्ताको ६ दिन साँझ रेडियो नेपालबाट र बिहीबार, शुक्रबार अपरान्ह नेपाल टेलिभिजनबाट प्रसारण भएको ।

बुंदा नं. ११३ मा 'कक्षा १ देखि कक्षा ८ सम्म र कक्षा ९ देखि कक्षा १२ सम्म क्रमशः प्राथमिक शिक्षा र माध्यमिक शिक्षा बनाउने कार्य' अन्तर्गत अध्ययन अनुसन्धान भै प्रतिवेदन प्राप्त भै राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र शिक्षा तथा खेलकूद मन्त्रालयमा मा सो प्रतिवेदन पठाएको छ ।

बुंदा नं. ११४ मा 'मदररसा, गुम्बा र गुरुकुल जस्ता धार्मिक विद्यालयहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउने कार्यक्रम' अन्तर्गत राय परामर्श तथा रचनात्मक सुझाव संकलनको लागि विभिन्न जिल्लामा गोष्ठी सम्पन्न भएको ।

बुंदा नं. ११५ अन्तर्गत '२००० थप विद्यालयहरु स्थानीय समुदायमा हस्तान्तरण गरिने कार्यक्रम' अन्तर्गत २१६ वटा विद्यालय मात्र समुदायमा हस्तान्तरण भएका छन् ।

बुंदा नं. ११७ मा '१५६ जिल्लामा सघन साक्षरता कार्यक्रम संचालन गर्ने कार्यक्रम' रहेकोमा 'कक्षा उपभोक्ता तथा व्यवस्थापन समिति' गठन भएको ।

बुंदा नं. ११८ मा 'काठमाण्डौंमा स्थापित सार्वजनिक पुस्तकालयलाई उच्चस्तरको पुस्तकालको रुपमा विकास गरिने' लक्ष्य रहेकोमा विधिवत रुपमा कार्यविधि प्राप्त भइसकेपछि अनुदान दिने निर्णय भएको छ ।

बुंदा नं. ११९ मा 'विद्यालय शिक्षामा सूचना प्रविधि शिक्षालाई समाहित गर्दै शैक्षिक पाठ्यक्रममा समसामयिक सुधार गर्ने' कार्यक्रम अन्तर्गत राष्ट्रिय पाठ्यक्रमको प्रारुपको मस्यौदा तयार भएको र २०६३ को शैक्षिक सत्रबाट सुचना प्रविधि विषयमा १ कक्षादेखि लागू हुने व्यवस्था गरेको ।

बुंदा नं. १२० मा 'छाता विश्व विद्यालय अध्यादेश ल्याउने लक्ष्य रहेकोमा' सोको मस्यौदा तयार भै मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको । 'विद्यालयस्तरमा अतिरिक्त क्रियाकलापको अभिवृद्धि गर्न खेलकुद विस्तार गर्ने' कार्य अन्तर्गत राष्ट्रिय खेलकुद नीति तर्जुमाको लागि राष्ट्रिय गोष्ठि सम्पन्न भएको तथा युवा नीति परिवर्तन सम्बन्धी पुनविचार गर्ने कार्य भएको ।

## सुचना तथा संचार मन्त्रालय

बुंदा नं.३१ मा 'संलग्नतामुखी विकास अभियान संचालन गरिनेछ र सार्वजनिक सेवाको वितरणमा सबै वर्ग र जातिको पहुँच बढाइनेछ' भन्ने उल्लेख गरेकोमा दुरसंचार, हुलाक, विद्युतीय तथा छापा संचारमा सबै वर्ग र जातिको पहुँच बढाउन ध्यान दिइएको छ ।

बुंदा नं.८२ मा 'नेपाल टेलिकमको ५% शेयर कर्मचारीलाई र १०% शेयर सर्वसाधारणलाई धितोपत्र बजार मार्फत बिक्री वितरण गरिनेछ' भन्ने उल्लेख गरेकोमा यस सम्बन्धमा अर्थ मन्त्रालयबाट मिति २०६२ माघ २७ गतेको निजीकरण समितिको निर्णय बमोजिम दुर संचारको मूल्य नियमन समेतका विषयमा स्पष्ट गर्न सुचना तथा संचार मन्त्रालयमा लेखी आएकोमा मन्त्रालयले नेपाल दुरसंचार प्राधिकरण र नेपाल टेलिकमसँग परामर्श गरी तयार पारेको विवरण मिति २०६२ चैत २१ गतेमा अर्थ मन्त्रालयमा पठाइएको छ ।

बुंदा नं.९३ मा 'हुलाक सेवालाई विविधीकरण गर्दै E-Post अवधारण अनुरुप संचालन गर्न नीतिगत तथा कानुनी परिवेश तयार पारिने' कुरा उल्लेख गरेकोमा Universal Postal Union (UPU) को सहयोगमा Integrated Postal Development Plan (IPDP) को मस्यौदा तयार भै स्वीकृत भै सकेको छ ।

बुंदा नं.१४० मा 'महिला हिंसा प्रति सरकारले "शुल्य सहिष्णुता" को नीति अपनाउने छ भन्ने कुरामा जोड दिएकोमा विद्युतीय तथा छापा संचार माध्यमबाट चेतना फैलाउने कार्यमा सघाउ पुऱ्याइएको छ ।

बुंदा नं. १६१ मा 'प्रत्येक मन्त्रालयका सचिवले आफू अन्तर्गतका सबै निकायको अनुगमनयोग्य कार्य सम्पादन सुचकहरु (Monitorable Performance Indicators) साउन मसान्तभित्र तोक्नुपर्ने र ती सुचकहरुको उपलब्धिको आधारमा दण्ड, पुरस्कार र कार्य सम्पादन मूल्याङ्कन गर्न अनिवार्य गरिनेछ' भन्ने उल्लेख गरेकोमा आर्थिक वर्ष २०६२/६३ को वार्षिक विकास कार्यक्रममा निर्धारण गरिएको प्रतिफल (Output) लाई आधार मानी उक्त कार्य गरिएको छ ।

## स्थानीय विकास मन्त्रालय

बुंदा नं. ३१ मा 'संलग्नतामुखी विकास अभियान संचालन गरिनेछ । सार्वजनिक सेवाको वितरणमा सबै वर्ग र जातिको पहुँच बढाइने छ' भन्ने कुरामा जोड दिइएकोमा सो बारेमा निर्णय गराई परिपत्र भएको, कार्यान्वयनको निम्ति कार्ययोजनाको ढाँचा तयार गरी पठाएको तथा हालसम्म ३ जिल्लाको कार्य योजना प्राप्त भएको छ ।

बुंदा नं. ३६ मा 'मानव विकास सूचकाङ्कले पछि परेका ४० जिल्लामा सामुदायिक सक्रियता र सहभागितामूलक विशेष कार्यक्रम संचालन गरिने' भन्ने कुरामा जोड दिएकोमा सो कार्यका लागि बजेट बाँडफाँड गरी कार्यविधि स्वीकृति भइ, अख्तियारी गइसकेको र वित्तीय प्रगति ७२.३% भएको छ ।

बुंदा नं. ३६ मा नै 'सुविधाको पहुँच अत्यन्त कम भई पछि परेका जिल्लाहरुमा विकेन्द्रीत अवधारण अनुरुप ग्रामीण सडकहरुको पहुँच सुधार कार्यक्रम संचालन गरिनेछ' भन्ने कुरामा जोड दिएकोमा सो अनुसार कार्य योजना तयार भएको, २० जिल्लाको लगत ईस्टिमेट स्वीकृत भईसकेको, २० वटा जिल्लाको बोलपत्र आब्हान कार्य भैसकेको, ८ वटा जिल्लामा जम्मा १०८ किलोमिटर सडकको रु.१३ करोड ८६ लाख बराबर रकमको काम शुरु भएको, २७८ किलोमिटरग्रामीण सडक १५ जिल्लामा निर्माण कार्य भैरहेको, २७ जिल्लाले ७८ वटा झोलुङ्गे पुलको डिजाइन, इष्टिमेट तयार गरेको र २० जिल्लाले झोलुङ्गे पुल निर्माणका लागि उपभोक्ता समूहसँग सम्झौता सम्पन्न गरेको छ ।

बुंदा नं. ३६ मा नै 'सुविधाको पहुँच अत्यन्त कम भई पछी परेका जिल्लाहरुमा विकेन्द्रीत अवधारण अनुरुप ग्रामीण सडकहरुको पहुँच सुधार कार्यक्रम संचालन गरिने' भन्ने कुरामा जोड दिएको छ । सो कुरामा जोड दिंदै निम्न अनुसारका कार्य भएका छन् :

- PPM-Project Performance memorandum CISC बाट Guideline को ड्राफ्ट तयारीको अन्तिम चरणमा रहेको ।
- PCU को TOR जिल्लामा पठाइसकिएको र परामर्शदाता नियुक्ति प्रक्रियामा रहेको ।
- ओखलढुंगा र सोलुखुम्बुमा सामाजिक विकासका लागि स्थानीय गैर सरकारी संस्था छनौट भै कार्य भैरहेको र अन्य १६ वटा जिल्लामा गैर सरकारी संस्था छनौट कार्य भै रहेको
- हुम्ला, मुगु, रामेछापमा Project Agreement सम्पन्न भएको

बुंदा नं. ५९ मा 'हरियाली वृद्धि गर्न शहरी वन कार्यनीति तर्जुमा गरी क्रमशः कार्यान्वयन गरिनेछ' भन्ने कुरामा जोड दिएकोमा कार्यनीति उपलव्ध गराइ दिन वन तथा भू–संरक्षण मन्त्रालयसंग समन्वय गरी कारवाही अगाडि बढाउन वारम्बार अनुरोध गर्दा पनि कार्य नीति उपलव्ध हुन नसकेको भनिएको छ ।

बुंदा नं. १३४ मा 'जिल्लास्तरका खानेपानी आयोजनाहरुलाई विशेष प्राथमिकता दिई १६८ वटा खानेपानी योजनाहरु भौतिक योजना तथा निर्माण मन्त्रालय र स्थानीय विकास मन्त्रालयबाट सम्पन्न गर्ने' लक्ष्य लिएकोमा सो सम्बन्धमा निम्न उपलब्धि हासिल भएको देखिन्छ :

- स्थानीय विकास मन्त्रालय तर्फको रु.१७ करोडको अख्तियारी पठाई सकिएको ।
- रु.१७ करोडमध्ये ७१ जिल्लाको स्वीकृत कार्यक्रम प्राप्त भएको ।
- ललितपुर, भक्तपुर र काठमाण्डौंको २२ वटा खानेपानी आयोजनाको उपभोक्ता समितिसँग सम्झौता भै कार्य भैरहेको ।
- बाँके, जुम्ला, सुनसरी, मोरङ्ग जिल्लाको अनुगमन भै रहेको ।
- ६६ जिल्लामा ५२ वटा ग्रामीण खानेपानी आयोजना सम्पन्न, यसैगरी ७४२ वटा क्रमागत आयोजनामा काम भएको ।

<u>बुंदा नं. १३९</u> मा 'सरकारी खर्चलाई लैङ्गिक उत्तरदायी बनाउने सोच अनुरुप लैङ्गिक उत्तरदायी बजेट (Gender Responsive Budget Initiative) को सुरुवात गर्ने मनसायले अर्थ मन्त्रालयमा एक लैङ्गिक उत्तरदायी बजेट समिति गठन गर्ने व्यवस्था मिलाउने' भन्ने कुरामा जोड दिएकोमा सो बारे निम्न कार्य गरिएको छ :

- अर्थ मन्त्रालयमा गठित समितिमा स्थानीय विकास मन्त्रालयको प्रतिनिधित्व भै सकेको ।
- लैङ्गिक समानता सम्बन्धी कार्य योजना र CIDAW कार्ययोजना कार्यान्वयनका लागि स्थानीय निकायमा पठाउने निर्णय भै सकेको ।
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा तयार भई कार्यान्वयनको लागि प्राप्त लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्य योजना, २०६१ र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी कार्यान्वयनका लागि तयार गरिएका राष्ट्रिय कार्ययोजना, २०६० मा यस मन्त्रालय र अन्तर्गतका निकायहरुका लागि तोकिएको जिम्मेवारी अनुसार गराउने व्यवस्था हुन सबै जिल्ला विकास समिति, प्रतिष्ठानहरुमा लेखी पठाइएको ।
- DACAW मार्फत लैङ्गिक समानता र समता सम्बन्धी विषयमा जिल्लाका सम्बन्धित अधिकृतहरुको लागि अनुशिक्षण दिन बजेट व्यवस्था भएको ।
- सबै जिल्ला विकास समितिहरुमा लैङ्गिक सम्पर्क व्यक्ति तोकी पठाउन निर्देशन दिइएकोमा ६० जिल्लाबाट सम्पर्क व्यक्तिको नामावली समेत प्राप्त भएको ।

<u>बुंदा नं. १५०</u> मा 'स्थानीय निकायलाई स्थानीय पुर्वाधारको सम्पूर्ण कार्य निक्षेपण गर्ने काम आर्थिक वर्ष २०६२/६३ मा कम्तिमा १४ जिल्लामा सम्पन्न गरिनेछ' भन्ने कुरा उल्लेख गरेकोमा सो सन्दर्भमा कार्यदल गठन भै सकेको र कार्यविधिको मस्यौदा तयार भै परामर्शदाताद्वारा मन्त्रालयमा प्रस्तुतीकरण गरिएको छ ।

<u>बुंदा नं. १५२</u> मा '६५ जिल्लाको ७८७ गाउँ विकास समितिमा समुदायमा आधारित ग्रामिण विकास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने' कुरामा जोड दिएकोमा सो सम्बन्धमा निम्न अनुसारको उपलब्धि प्राप्त भएको

- DLGSP मार्फत ६० जिल्लाका ६६३ गाउँ विकास समितिमा कार्यक्रम यथावत संचालन गरिएको ।
- ५६ गाउँ विकास समितिमा कार्यक्रम विस्तारका लागि गाउँ विकास समिति छनौट गर्ने कार्य प्रारम्भ भै सकेको छ ।
- ४९ गाउँ विकास समितिमा सामाजिक परिचालन कार्यक्रम लागू भएको एवं नयाँ १६३ गाउँ विकास समितिमा प्रस्ताव गरिएको

<u>बुंदा नं. १५३</u> मा '२४ जिल्लामा कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत यस वर्ष ४०० किलोमिटर ग्रामिण सडक निर्माण कार्यक्रम संचालन गरिने' लक्ष्य राखेकोमा सो सम्बन्धमा :

- बजेट बाँडफाँड भएको ।
- अख्तियारी गएको ।
- कुल ८१३१ मे.टन. चामल उपभोक्ताहरुलाई वितरण गरिसकेको र ३०० मे.टन ढुवानीको क्रममा रहेको ।
- कूल ४२ वटा योजनाहरुमा निर्माण कार्य भैरहेको ।
- Track Opening/Mmiddle Widening /Final Widening समेत गरी ४७५.८७ किलोमिटर निर्माण कार्य भएको ।
- ३३२.२५ किलोमिटर ग्रामीण सडक निर्माण सम्पन्न भएको ।
- घोडेटो बाटो ४.३६ किलोमिटर र नदी नियन्त्रण २.२ किलोमिटर निर्माण सम्पन्न भएको ।

<u>बुंदा नं. १५४</u> मा 'कृषि सडक कार्यक्रम अन्तर्गत नेपालभर ३०० किलोमिटर कच्ची सडक, १०० किलोमिटर ग्राभेल सडक, १२०० किलोमिटर सडक मर्मत सुधार सम्पन्न गरिनेछ' भन्ने उल्लेख गरेकोमा सो सम्बन्धमा अख्तियारी गईसकेको । सबै जिल्लामा वार्षिक कार्यक्रम स्वीकृत भएको, नियमित मर्मत संभार २२३.०७ किलोमिटर, आवधिक १४२.८ किलोमिटर, स्ट्रकचरको काम २९.४९ किलोमिटर, पुनः स्थापना १८ किलोमिटरको काम सम्पन्न भएको छ ।

<u>बुंदा नं. १५४</u> मा नै 'नेपालभरका ३०० किलोमिटरसडक, १०० किलोमिटर ग्राभेल सडक, १२०० किलोमिटरसडक मर्मत सुधार सम्पन्न गरिनेछ' भन्ने उल्लेख गरेकोमा सो मा निम्न अनुसार कार्य भएका छन् :

- कार्यक्रम संचालन भएका ७५ जिल्ला र २२ नगरपालिकामा अख्तियारी पठाईएको ।
- सबै जिल्ला विकास  र १३ नगरपालिकाको वार्षिक कार्यक्रम स्वीकृत भएको ।
- कार्यक्रम संचालनको लागि ७५ जिल्ला र २२ नगरपालिकामा कच्ची सडक ट्र्याक निर्माण ५१४ किलोमिटर, ग्राभेल २७४ किलोमिटर, सडक मर्मत सुधार कार्यक्रम २९० किलोमिटर, सडक कालोपत्रे गर्ने कार्य ३०.५ किलोमिटर निर्माण कार्य भएको ।

<u>बुंदा नं. १५५</u> मा नै 'ग्रामिण पहुँच कार्यक्रम अन्तर्गत संखुवासभा, भोजपुर, खोटाङ्ग, अछाम, दैलेख र डोटी जिल्लामा ५० किलोमिटर सडकको निर्माण, १० वटा झोलेङ्गे पुल निर्माण, २०० किलोमिटरबाटोको ट्र्याक खोल्ने कार्य गरिने' भन्ने सम्बन्धमा निम्न उपलब्धि हासिल भएको छ :

- १३१.५ किलोमिटर सर्भेक्षण भएको ।
- निर्माण कार्य शुरु भएका ग्रामिण सडकहरुमा उपभोक्ता समूहको गठन गरी अभिमुखिकरण कार्य भै रहेको ।
- आवश्यक निर्माण सामाग्रीको परिमाण पहिचान गरी खरिद भएको ।
- जिल्ला ग्रामीण सडक प्रथम र दोश्रो चरण समेत गरी ४३९.१४ किलोमिटर निर्माण कार्य भएको तथा झोलुङ्गे पुल १ निर्माण सम्पन्न भएको ।

<u>बुंदा नं. १५६</u> मा  'पश्चिमी उच्च पहाडी भेगका ८ जिल्लामा पुर्वाधार विकास, कबुलियती वन खेती, जडिबुटी खेती, पशुपालन र कृषिजन्य उत्पादन तथा लघुविज्ञको माध्यमद्वारा सरल कर्जा प्रवाहका

कार्यक्रम संचालन गरी त्यस क्षेत्रका जनताको आयस्तरमा सुधार ल्याउने' भन्ने सम्बन्धमा निम्न उपलब्धी प्राप्त भएको छ :

- ✦ कालिकोट जिल्लामा आयोजना कार्यान्वयन पद्धति बारेमा अभिमुखीकरण गोष्ठी सम्पन्न भएको ।
- ✦ जुम्ला जिल्लाका स्थानिय विकासको कर्मचारीहरुलाई CRC र CEDAW सम्बन्धी तालिम प्रदान गरिएको ।
- ✦ ३९ वटा स-साना ग्रामीण पुर्वाधार सम्पन्न भएको
- ✦ १७ वटा कबुलियत वन उपभोक्ता समिति नर्सरी स्थापना भएको ।

बुंदा नं. १६१ मा 'प्रत्येक मन्त्रालयका सचिवले आफू अन्तर्गतका सबै निकायको अनुगमन योग्यता कार्य सम्पादन सुचाकाङ्कहरु श्रावण मसान्त भित्र तोक्नु पर्ने र ती सुचकाङ्कहरुको उपलब्धिको आधारमा दण्ड, पुरस्कार र कार्य सम्पादन मूल्याङ्कन गर्न अनिवार्य गरिनेछ' भन्ने उल्लेख गरेकोमा सो सम्बन्धमा प्रतिवेदन प्राप्त भै सकेको छ ।

बुंदा नं. १६७ मा 'मानव अधिकार कार्य योजनालाई अझै प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ' भन्ने उल्लेख गरेकोमा सो सम्बन्धमा आगामी आर्थिक वर्ष ०६३/६४ का लागि मानव अधिकार सम्बन्धी कार्ययोजना समावेश गरी वार्षिक कार्यक्रम मन्त्रालयमा प्राप्त भै प्रस्ताव भएकोमा स्वीकृत हुने प्रकियामा रहेकोछ ।

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

बुंदा नं. १२३ मा '१८ जिल्लामा अस्पतालको संचालन र संभारको जिम्मेवारी जिल्ला विकासलाई हस्तान्तरण गरिनेछ' भनिएतापनि १४ जिल्लाहरुमा पुर्ण निक्षेपण गर्ने नीति अनुरुप झापा, मोरङ्ग, सप्तरी, धुनषा, चितवन, भक्तपुर, कास्की, रुपन्देही, पर्वत, दाङ्ग, बाँके, कैलाली, जुम्ला, कंचनपुरमा अस्पताल हस्तान्तरण गर्ने कार्यक्रम रहेको तर निक्षेपणको नीतिगत र प्रक्रियागत निर्णय नभएकाले प्रगति हुन नसकेको ।

त्यस्तै १० जिल्लामा स्वास्थ्य उपचौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरु समुदायमा हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिने सम्बन्धमा प्रथम चरणमा १० जिल्लाका स्वास्थ्य संस्था हस्तान्तरण गर्ने र दोश्रो चरणमा अभिमुखिकरण गर्ने कार्यक्रम राखिएकोमा ४६८ वटा व्यवस्थापन समितिलाई सुदृढ गर्ने सन्दर्भमा तालिम केन्द्रबाट व्यवस्थापकीय कार्य भैरहेको छ ।

स्वास्थ्य संस्थामा करारमा चिकित्साकर्मी नियुक्ति गर्ने सम्बन्धमा कार्यविधि स्वीकृत भई यस्तो प्रक्रिया अनुरुप नियुक्तिको कार्य अगाडि बढेको छ ।

बुंदा नं. १२४ मा 'स्थानीयस्तरमा औषधिको आपूर्ति व्यवस्थामा सुधार गर्ने' व्यवस्था अन्तर्गत विभिन्न जिल्लाका ८० जनालाई आधारभूत आपूर्ति व्यवस्थापन तालिम दिइएको छ । त्यस्तै 'थप नौ जिल्लामा सामुदायिक औषधि कार्यक्रम (बिक्री कक्ष) संचालन गर्ने' लक्ष्य अनुरुप सामुदायिक औषधी कार्यक्रमको प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी तालिम कार्तिक महिनामा दिईएको र औषधि बिक्री कक्षको लागि आवश्यक सामाग्रीहरु खरिद गरिएको र 'प्रत्येक प्राथमिक स्वास्थ्य केन्द्रमा रु. दुई लाखका दरले आवर्ति (Revoling) स्वरुपको औषधि कोष खडा गर्ने' लक्ष्य रहेकोमा औषधि कोष संचालमा निर्देशिका तयार गरिएको छ ।

बुंदा नं. १२५ मा 'मानव विकास सूचकाङ्क कम भएका १४ जिल्लाका ४४२ गाउँ विकास समितिका उपभोक्ता समिति मार्फत वातावरणीय सरसफाइका माध्यमद्वारा स्वास्थ्य जीवन प्रवर्द्धन कार्यक्रम संचार गरिनेछ' भन्ने लक्ष्य अनुरुप १४ जिल्लाका ३८० गाउँ विकास समितिहरुमा उपभोक्ता समिति मार्फत वातावरणीय सरसफाइका माध्यमद्वारा स्वास्थ्य जीवन प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ ।

बुंदा नं. १२६ मा 'सुर्खेतमा १ क्षेत्रीयस्तरको अस्पताल निर्माण गरिनेछ' भन्ने लक्ष्य राखेकोमा दरबन्दी स्वीकृत भइसकेको र २०६२ फागुन ७ गते उद्घाटन भई संचालनमा आएको छ ।

बुंदा नं. १२७ मा 'मानव विकास सुचकाङ्कले पछाडि परेका स्थानका २५ वटा स्वास्थ्य केन्द्रमा २ वटा कोठाका दरले महिला सुत्केरी कक्षको स्थापना गरिनेछ' भन्ने लक्ष्य अनुरुप २५ वटा जिल्लाका ५० वटा हेल्थ पोष्टमा Birthing Center निर्माण कार्य सुचारु रहेको छ ।

नेपालभरका १० जिल्लाका सरकारी अस्पतालमा प्रसुती प्रतीक्षालय निर्माण गर्ने लक्ष्य अनुरुप सो कार्य प्राय पुरा भै सकेको छ र ६६ वटा जिल्ला अस्पतालहरुलाई अत्यावश्यक उपकरण खरिद गर्ने लक्ष्य अनुरुप आवश्यकता अनुसार बजेट निकासा र अख्तियारी दिई सकिएको छ ।

बुंदा नं. १२८ मा '१६ जिल्लामा एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम संचालन गर्ने भन्ने लक्ष्य अनुसार ६ वटा जिल्लामा सो सम्बन्धी कार्यक्रम संचालन गरिएको, विभिन्न जिल्लाका ७० जनालाई जिल्लास्तरीय HIV/AIDS सम्बन्धी Orientation तालिम प्रदान गरिएको, ६ जिल्लाको जिल्लास्तरीय HIV / AIDS रणनीति र कार्ययोजना तयार गर्ने काम भइरहेको छ ।

बुंदा नं. १२९ मा 'कुष्ठरोगलाई निर्मुल गर्ने अभियान स्वरुप रोग प्रभावित नेपालभरका ४०० गाउँ विकास समितिमा घर दैलो अभियान कार्यक्रम मार्फत कुष्ठरोगीको उपचार गरिने' लक्ष्य बमोजिम ७२ जिल्लाका कुष्ठरोगको चाप बढी भएका २८० गाउँ विकास समितिहरु छनौट भएको, सो गाउँ विकास समितिका स्वास्थ्यकर्मीहरुलाई कार्यक्रमको बारेमा अभिमुखिकरण तालिम दिएर घरदैलो कार्यक्रम शुरु गरिएको छ ।

बुंदा नं. १३० मा 'नेपालभरका ३१ जिल्लामा एकीकृत बालरोग निदान व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ' भन्ने लक्ष्य अनुरुप थप ६ जिल्ला सहित कुल ३१ जिल्लामा उक्त कार्यक्रम संचालनमा रहेको ।

बुंदा नं. १३१ मा 'सामुदायिक स्वास्थ्य विमा कार्यक्रम ६ जिल्लामा संचालन गरिनेछ' भन्ने घोषित कार्यक्रम भएतापनि ४ जिल्लामा नयाँ विमित परिवारलाई सदस्यता वितरण गर्ने, सामुदायिक स्वास्थ्य शिविर बारे अन्तर जिल्ला अध्ययन भ्रमण गर्ने, पाठेघर खस्ने उपचार सम्बन्धी स्वास्थ्य शिविर संचालन गर्ने र सामुदायिक स्वास्थ्य बीमा कार्यक्रम बारे सचेतना अभिवृद्धि गर्ने कार्य सम्पन्न भएको छ ।

बुंदा नं. १३२ मा 'विद्यार्थीहरुलाई सरकारी अस्पतालमा २०% छुट दिने व्यवस्था गर्ने' घोषित कार्यक्रम अनुरुप मिति २०६२ मंसिर ८ गतेमा निर्णय गरी सबै संस्थाहरुमा निर्देशिका सहित सहुलियत प्रदान गर्न फारम पठाइ सकिएको । त्यस्तै ५ विकस क्षेत्रका एक एक जिल्लामा परीक्षणको रुपमा विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गर्ने लक्ष्य अनुरुप सो बारे शत प्रतिशत प्रगति हासिल भएको छ ।

## श्रम तथा यातायात व्यवस्था मन्त्रालय

बुंदा नं. ३४ मा 'द्वन्द–पिडित भई आन्तरिकरुपले विस्थापित व्यक्तिलाई रोजगार तथा स्वरोजगार प्राप्त गर्न सक्षम तुल्याउने उद्देश्यले व्यवसायिक प्रशिक्षण निःशुल्क प्रदान गरिनेछ' भन्ने उल्लेख भएकोमा कूल प्रशिक्षार्थी अन्तर्गत दलित, उत्पीदित, उपेक्षित जनजातिको लागि तालिममा विशेष प्राथमिकता दिई ३३०० प्रशिक्षार्थीहरुलाई तालिम दिइएको ।

बुंदा नं. ३७ मा 'सामाजिक विभेदका कारण पछि परेका दलित, उत्पीदित जनजातिको सवलीकरणका लागि व्यवसायिक सीप प्रशिक्षण संचालन गर्ने प्रवन्ध मिलाउने' भन्ने उल्लेख भएकोमा सो अनुसार नियमित तालिममा दलित, उत्पीडित, जनजातिलाई प्राथमिकता दिईएको ।

बुंदा नं. ७० मा 'श्रम सम्बन्धी कानूनमा रहेको व्यवधान हटाउने गरी संशोधन गर्ने' भन्ने उल्लेख भएकोमा सो सम्बन्धमा श्रम अध्यादेश २०६२ लागु भएकोमा मन्त्रिपरिषद्को मिति २०६३ जेष्ठ २४ गतेको निर्णयानुसार हाल खारेजीमा परेकोले पुनरावलोकन गर्ने तयारी भएको ।

बुंदा नं. १०४ मा 'वैदेशिक रोजगारीको लागि तालिम र ऋण सुविधा उपलब्ध गराउने' भन्ने सम्बन्धमा सो कार्यका लागि १५६१ जनालाई तालिम संचालन गर्ने व्यवस्था मिलाईएको र वैदेशिक रोजगारीमा जानेहरुमध्ये ३९६ जनालाई ऋण उपलब्ध गराएको ।

बुंदा नं. १०५ मा 'वैदेशिक रोजगारीमा जान चाहने ब्यक्तिहरुलाई लाग्ने खर्चको ८०% ऋण उपलब्ध गराइने, आंतक पीडितको हकमा व्यक्तिले व्यहोर्नुपर्ने २०% रकम समेत आंतक– पीडित कोषबाट ऋण स्वरुप उपलब्ध गराइने' व्यवस्था मिलाउने भनिएकोमा ३९६ जनालाई ८०% र २८ जना द्वन्द पिडितलाई शत् प्रतिशत नै ऋण उपलब्ध गराइएको ।

बुंदा नं. १३९ मा 'Gender Perspective Budget' को सुरुवात गर्ने उल्लेख गरेकोमा सो सम्बन्धी कार्य अगाडि बढेको ।

बुंदा नं. १४० मा 'महिला विरुद्धको हिंसाप्रति सरकारले शुन्य सहिष्णुताको' नीति अपनाउने छ भन्ने उल्लेख भएकोमा २०६२ को श्रम नीतिमा यस भावनालाई राखिएको ।

बुंदा नं. १६१ मा मन्त्रालयका सचिवले आफु अन्तर्गतका सबै निकायको अनुगमन गरी दण्ड र पुरस्कारको व्यवस्था गर्ने भन्ने उल्लेख भएकोमा सो सम्बन्धमा सूचकाङ्क तयार गरी कार्यान्वयन ल्याईएको ।

## ३.२ मन्त्रालयगत रुपमा केही मुख्य मुख्य कार्यक्रमहरुको कार्यान्वयन अवस्था

आर्थिक वर्ष २०६२/६३ मा विभिन्न मन्त्रालयहरु अन्तर्गत रहेका विभिन्न कार्यक्रम तथा आयोजनाहरु मध्ये छनौट भएका मुख्य मुख्य कार्यक्रमहरुको मन्त्रालयस्तरबाट पठाएको प्रगति विवरणको आधारमा कार्यान्वयनको अवस्था निम्न अनुसार रहेको छ :

### अर्थ मन्त्रालय

**आयोजनाको नाम :- संगठित तथा वित्तीय सुशासन आयोजना (३५-३/४-४७४)**
**कूल बजेट** : रु.१५,६६,९३ हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

यस आयोजना अन्तर्गत पूजी बजार विकास तर्फ नेपाल स्टक एक्सचेन्जलाई अटोमेशन गर्ने, कम्पनी रजिष्ट्रार कार्यालयमा MIS Software Installed गर्ने, कानूनी सुधार तथा क्षमता वृद्धि तर्फ वाणिज्य (कोर्ट) अदालत स्थापना गर्ने, National Individual Academy भवन निर्माण गर्ने, न्यायाधिश, सरकारी वकिल तथा कानूनी पदाधिकारीहरुलाई तालिम दिने आदि कार्यक्रमहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेखित कार्यहरु मध्ये न्यायाधिश सरकारी वकिल तथा कानूनी पदाधिकारीहरुलाई तालिम दिने कार्य मात्र सम्पन्न भएको र पूजी बजार विस्तारतर्फ अन्तर्राष्ट्रियस्तरमा बोलपत्र आब्हान गरिएको ।

**सम्पन्न हुन नसकेका कार्यहरु र कारण**

माथि उल्लेखित कार्य मध्ये पूजी बजार विकास तर्फको Automation र कम्पनी राजिष्ट्रार कार्यालयमा MIS Software Installed गर्ने कार्य Project Implement गर्ने र Project Executive संस्था बीच समन्वय नभएको, परामर्शदाताले राम्रो सहयोग नगरेको कारणले र कानूनी सुधार तथा क्षमता वृद्धि तर्फ पनि Implementing Agency ले काम नगरेर सम्पन्न हुन नसकेको देखिन्छ ।

❖

**आयोजनाको नाम :- सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना (३५-३/४-४७५)**
**कूल बजेट** : रु.१२९९८१ हजार
**कूल खर्च** : रु. ६१५७० हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

यस आयोजना अन्तर्गत झापा, मोरङ्ग, सुनसरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र चितवन जिल्लाहरुमा सिमान्त कृषकहरुका लागि ३००० वटा सामूदायिक र व्यक्तिगत स्यालो ट्युववेल तथा पम्प जडान गर्ने र कृषि उत्पादन प्रवर्द्धन कार्यक्रमको लागि बाली उत्पादन कर्जा प्रवाह गर्ने कार्यक्रमहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेखित कार्यहरुमध्ये १९३५ वटा स्यालो ट्युववेल जडान भैसकेको छ ।

## सम्पन्न हुन बाँकी कार्यहरु र कारण

माथि उल्लेखित कार्यहरु मध्ये १०६५ वटा स्यालो ट्युववेल जडान हुन नसकेको र यसको कारणहरुमा नेपाल सरकारबाट Counter Part Fund समयमा उपलब्ध हुन नसकेको, नेपाल सरकार, जलश्रोत मन्त्रालय आयोजना व्यवस्थापन इकाई जनकपुरले आयोजनामा सम्बद्ध निकाय बीच आवश्यक समन्वय गर्न नसकेको, सहभागी वित्तीय संस्था तथा कृषकहरुको प्रचलित बजारदरभन्दा आयोजनाको व्याजदर बढी रहेको भन्ने जनगुनासो, NGOS ले गरेको समूह निर्माणमा सहभागी वित्तीय संस्थाहरु (PEIS) को असन्तुष्टि, नेपाल सरकारबाट वार्षिक कार्यक्रमको स्वीकृति समयमै हुन नसक्नु एवं बढी stakerholders हुनु आदि ।

---

**आयोजनाको नाम :- बित्तीय क्षेत्र सुधार कार्यक्रम (९५-३/४-९७३)**

**कुल बजेट :** रु.३९०००० हजार

## तोकिएका मुख्य मुख्य कार्यहरु

यस आयोजना अन्तर्गत वित्तीय क्षेत्र प्राविधिक सहयोग परियोजना र वित्तीय क्षेत्र पुनसंरचना परियोजना रहेका छन् । वित्तीय क्षेत्र प्राविधिक सहयोग परियोजना अन्तर्गत नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको कार्यहरु व्यवस्थित र सुचारुरुपमा संचालन गर्नका लागि आवश्यक MIS प्रविधिको विकास कार्य, विभिन्न IT Product खरिद तथा सूचना प्रविधि जडान एवं संचालन गर्ने, नेपाल राष्ट्र बैंकको पूनसंरचना (Re-engineering) गर्ने, Nepal Integrated Financial Management Information System (NIFMIS) अन्तर्गत आवश्यक Hardware/Software/Networking गर्ने, कर्जा सूचना केन्द्र, Co-ordination & Support Team र नेपाल राष्ट्र बैंकका अन्य विभागका लागि आवश्यक परामर्शदाताहरु नियुक्ति गर्ने, नेपाल राष्ट्र बैंक पूनसंरचनाको क्रममा कर्मचारी क्षमता अभिवृद्धिका लागि स्वदेशी/विदेशी तालिमको व्यवस्था गर्ने कार्यहरु रहेका थिए भने वित्तीय क्षेत्र पूनसंरचना परियोजना अन्तर्गत नियुक्त विदेशी परामर्शदाताहरुको छनौट तथा नियुक्ति गर्ने कार्य रहेको थियो ।

## सम्पन्न भएका कार्यहरु

माथि उल्लेखित कार्यहरु मध्ये वित्तीय क्षेत्र प्राविधिक सहयोग परियोजना तर्फ राष्ट्रिय वाणिज्य बैंकको लागि MIS प्रविधिको विकास गर्न ३९ वटा शाखाहरुमा Automation गर्ने कार्यक्रम रहेकोमा २१ वटा शाखाहरुमा Pumari Softwate र ३४ वटा शाखाहरुमा RBB System जडान गरी जम्मा ५५ वटा शाखाहरुमा यान्त्रिकीकरण गरिएको, नेपाल बैंक लिमिटेडमा २२ वटा शाखाहरुमा Automation गर्ने कार्यक्रम रहेकोमा ४४ वटै शाखाहरुमा Softwate जडान गरी यान्त्रीकिकरण गरिएको, १२ वटा शाखाहरुमा कमजोर संचारको कारण Reverse Paralled Modiem संचालन भै रहेको, नेपाल राष्ट्र बैंकको IT Upgradation कार्यको लागि आवश्यक Bid Specification तयार गर्न Mile stone basis मा IT Consultant सँग सम्झौता गरिएको र सो को सम्पन्न हुन बाँकी कार्यहरु र कारण Bid Specification बैंकमा पेश भएको, कर्मचारी तालिम अन्तर्गत १४ जना कर्मचारीलाई तालिम (अन्तरक्रिया) कार्यक्रमको आयोजना गर्ने लक्ष्य रहेकोमा १४ वटा कार्यक्रम गरिएको, बित्तीय क्षेत्र पूनसंरचना परियोजना अन्तर्गत Team of Bank Supervisor बाट ७ जना परामर्शदाताहरु -Bank Supervisor Team ) र Ongoing Management Team Support मा नेपाल बैंक लिमिटेड र रीष्ट्रिय वाणिज्य बैंकमा २ वर्षको लागि सम्झौता नविकरण गरिएको छ ।

## सम्पन्न हुन बाँकी कार्यहरु र कारण

माथि उल्लेख भएका कार्य मध्ये वित्तीय क्षेत्र प्राविधिक सहयोग परियोजना तर्फ नेपाल राष्ट्र बैंकको Automation का लागि आवश्यक परामर्शदाता नियुक्त गर्ने कार्यमा प्रक्रियागत ढिलाई हुन गएको कारण Bid Specification तयार गर्ने काम समय मै हुन नसकेकोले लक्ष्यानुरुप आवश्यक

उपकरण आयात गर्ने कार्य सम्पन्न हुन नसकेको तर अन्तिम चरणमा रहेको, कर्जा सूचना केन्द्र र बैंकर्स ट्रेनिङ्ग सेन्टरका लागि गत वर्ष नियुक्त परामर्शदाताहरुले सम्झौता बमोजिम आफ्ना कार्यहरु गर्न नसक्ने व्यहोरा जानकारी पश्चात निजहरुको सम्झौता रद्ध गरिएको र सोही कार्यको लागि नयाँ परामर्शदाताहरु नियुक्त गर्ने कार्यक्रम रहेकोमा कर्जा सूचना केन्द्रको स्वामित्वमा परिवर्तन भएको तथा ट्रेनिङ्ग सेन्टरको हकमा उक्त कार्य नेपाल राष्ट्र बैंकबाटै भइरहेको हुदा परामर्शदाताहरु नियुक्त नगरिएको । त्यस्तै वित्तीय क्षेत्र पूनसंरचना परियोजनातर्फ Team of Bank Supervisor कार्यको लागि MIS IEF Inc in association with KPMG Srilanka सँग सम्झौता गरिएकोमा उक्त संस्थाले सम्झौता अनुरुप कार्य सम्पादन गरेको नदेखिएकोले सम्झौता गर्ने तर्फ कारवाही अघि बढाएको छ ।

❖

**आयोजनाको नाम :-** <u>सार्वजनिक संस्थान सुधार तथा निजीकरण कार्यक्रम (९५-३/४-९७५)</u>

**कुल बजेट** : रु.६००००० हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>

यस आयोजना अन्तर्गत नेपाल सरकारको स्वामित्वमा रहेका संस्थानहरुको व्यवस्थापकीय क्षमता र संरचनात्मक सुधार गर्ने प्रकृतिका निजीकरण गर्नुपर्ने संस्थानहरुलाई निजीकरण गर्न आवश्यक पर्ने दायित्व व्यहोर्ने, विरगंज चिनी कारखाना लिमिटेड, हिमाल सिमेन्ट कारखाना लिमिटेड, लुम्बिनी चिनी कारखाना, नेपाल कन्स्ट्रक्शन कम्पनी अफ नेपाल र कृषि चुन उद्योग आदिको ऋण तथा दायित्व भुक्तान गर्ने कार्यहरु रहेका थिए ।

<u>सम्पन्न भएका कार्यहरु</u>

माथि उल्लेखित कार्यहरु मध्ये विरगंज चिनी कारखानाको र कृषि औजार कारखानाको सम्पत्ति सुरक्षा, कर्मचारी दायित्व फरफारक गर्ने, लुम्बिनी चिनी कारखानाको दायित्व फरफारक गर्ने र नेपाल चिया विकास निगम र नेपाल रोप वे को सम्पत्ति सुरक्षा गर्ने कार्यहरु तथा विराटनगर जुट मिल्सलाई रु.३ करोड ऋण लगानी गरिएको छ ।

❖

## <u>उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयतर्फ</u>

**आयोजनाको नाम :-** <u>घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र (३८-३/४-४०७)</u>

**कुल बजेट** : रु.१७०७० हजार

**कुल खर्च** : रु.१४४९० हजार

<u>तोकिएका मुख्य–मुख्य कार्यहरु</u>

यस केन्द्र अन्तर्गत साधारण र स्तरीय तालिम ४८५ जनालाई, सहभागितात्मक सीप विकास तालिम ६०० जनालाई, प्रशिक्षक प्रशिक्षण तालिम १० जनालाई, ६ विषयको तालिम पाठ्यक्रम विकास तथा तालिम प्रभावकारिताको अध्ययन गर्ने आदि कार्यक्रमहरु रहेका थिए ।

<u>सम्पन्न भएका कार्यहरु</u>

माथि उल्लेख भएका कार्यहरु मध्ये १४४८ वटा सीप विकास तालिम, ८३ वटा उद्यमशीलता विकास तालिम, १० जनालाई प्रतिक्षक प्रशिक्षण दिने कार्य सम्पन्न भएको छ ।

❖

आयोजनाको नाम :- घरेलु तथा साना उद्योग विकास समिति (३८-३/४-४०६)

**कूल बजेट** : रु.२६४९१ हजार

**कूल खर्च** : रु.२४४१४ हजार

**तोकिएका मुख्य–मुख्य कार्यहरु**

यस समिति अन्तर्गत ३०० पटक केन्द्रस्तरमा परामर्श सेवा प्रदान, १५ पटक अध्ययन अनुगमन अन्तरक्रिया गर्ने, बजारयोग्य वस्तुको नमूना संकलन, १५० वटा नमूना संकलन विकास तथा वितरण, ३९० जनालाई सीप विकास तालिम, ८० जनालाई उद्यमशीलता विकास तालिम, ६०० जनालाई सहभागितामूलक तालिम, ३० जनालाई व्यवस्थापन तालिम, १ भवन निर्माण, रेडियो टि.भी.मा कार्यक्रम सन्चालन गर्ने, औद्योगिक प्रदर्शनी तथा उद्यमी पुरस्कार प्रदान गर्ने आदि कार्यक्रमहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेख भएका कार्यहरु मध्ये ३१३ पटक प्रवर्द्धन तथा परामर्श सम्बन्धी, ११ पटक अनुगमन तथा ३ पटक अन्तरक्रिया, १८२ वटा नमूना संकलन विकास तथा वितरण, ५८४ जनालाई सीप विकास तालिम, ८२ जनालाई उद्यमशीलता विकास तालिम, ९०८ जनालाई सहभागितामूलक तालिम र ३२ जनालाई व्यवस्थापन तालिम प्रदान गरिएको छ ।

❖

आयोजनाको नाम :- घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम (३८-३/४-८०१ र ३८–३/४-८०२)

**कुल बजेट** : रु.१५४६७३ हजार

**तोकिएका मुख्य–मुख्य कार्यक्रमहरु**

यो कार्यक्रम ४८ जिल्लास्तर व.उ.शी.नं. (३८–३/४–८०१) र २७ जिल्लास्तर (३८–३/४–८०२) गरी जम्मा ५५ जिल्लामा लागू भएको छ । ४८ जिल्ला स्तरीय कार्यक्रम अन्तर्गत ५४०० पटक घरेलु तथा सना उद्योगको प्रवर्द्धन तथा परामर्श सेवा कार्यक्रम गर्ने, ६० पटक अनुगमन गर्ने, ४८ पटक अन्तरक्रिया गर्ने, ४० पटक औद्योगिक प्रदर्शनी गर्ने, ८९० जनालाई सीप विकास तालिम दिने, ८८० जनालाई उद्यमशीलता विकास तालिम दिने, २७९० जनालाई सहभागितामूलक तालिम दिन एवं ११० जनालाई व्यवस्थापन तालिम दिने कार्यक्रमहरु र २७ जिल्ला तर्फ ४८६० जनालाई १–२ महिने छोटो अवधि र विशेष कार्यक्रम सम्बन्धी सीप विकास तालिम सन्चालन गर्ने, १८९० जनालाई उद्यमशील विकास तालिम दिने, ३३७५ जनालाई प्रशिक्षार्थी अनुगमन तालिम दिने, ४०५० जनालाई प्राविधिक परामर्श सेवा उपलब्ध गराउने, २७ जिल्लामा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका उद्योगहरुको पहिचान गर्ने एवं तालिमको बजार माग र घरधुरी सर्वेक्षण गर्ने, रौतहट, सुनसरी, सिराहा, काठमाण्डौं, नवलपरासी, कपिलवस्तु, कञ्चनपुरमा भवन निर्माण गर्ने, झापा, बारा, नवलपरासी बाँकेमा तालिम प्रभावकारिता अध्ययन गर्ने, औद्योगिक प्रोफाइल तयार गर्ने, १०८ जनालाई कर्जा प्रवाह गर्ने, ललितपुर जिल्लामा हस्तकलामा अनुदान दिने, म्याद नाघेको कर्जा असुली गर्ने आदि कार्यक्रमहरु रहेका छन् ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेखित कार्यहरुमध्ये ४८ जिल्लास्तरका कार्यक्रमहरुमा प्रवर्द्धन तथा परामर्श ५७२६ पटक, ६० पटक अनुगमन अध्ययन, २०९२ जनालाई सिप विकास तालिम, २१८९ जनालाई सहभागितामूलक तालिम, ९३८ जनालाई उद्यमशिलता विकास तालिम तथा १२८ जनालाई

व्यवस्थापन तालिम प्रदान गरिएको, २७ जिल्लास्तरका कार्यक्रमहरुमा भवन निर्माण कार्य सम्पन्न, ६९४१ जनालाई सीप विकास तालिम प्रदान, ५५० जना प्रशिक्षार्थीको अनुगमन, झापा, बारा, नवलपरासी, बाँके जिल्लामा तालिम प्रभावकारिता अध्ययन, जिल्ला औद्योगिक प्रोफाइल तयारी, स्वदेशी कच्चापदार्थमा आधारित निकासीमूलक उद्योग पहिचान गोष्ठी रुपन्देही, कञ्चनपुरमा सम्पन्न, १७३ जनालाई कर्जा प्रवाह, ११.१५% म्याद नाघेको कर्जा असुली, ४९७ जना प्रशिक्षार्थीलाई भ्रमण तथा ललितपुर जिल्लामा हस्तकलामा अनुदान दिने कार्य सम्पन्न भएको छ ।

❖

**आयोजनाको नाम :- लघु उद्यम विकास कार्यक्रम (३८-३-४०९)**

**कुल बजेट :** रु.७३३०६ हजार

**कूल खर्च :** रु.७३३०६ हजार

**तोकिएका मुख्य–मुख्य कार्यहरु**

यस कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाहरुमा लघु उद्यम विकासका लागि सेवा प्रदान गर्ने संयन्त्रहरुको स्थापना गर्ने, १०० जना कर्मचारीहरुलाई तालिम अध्ययन अवलोकन भ्रमण गराई क्षमता अभिवृद्धि गराउने, साँझेदारी संस्थाहरुको क्षमता अभिवृद्धि गराउने, २० जिल्लाहरुमा सहभागितात्मक मूल्याङ्कन गोष्ठीको आयोजना गर्ने, १२ जिल्ला विकासमा आवधिक उद्यम विकास योजना तर्जुमा गर्नका लागि सहयोग गर्ने, न्यून आय भएका करिव ६००० परिवारहरुलाई लघु व्यवसाय शुरु गर्न आवश्यक सीप प्रदान गर्ने, स्थानीयस्तरमा लघु उद्यमीहरुलाई व्यावसायिक सेवा प्रदान गर्ने वातावरणको निर्माण गर्ने आदि जस्ता कार्यक्रमहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेखित कार्यहरु मध्ये २२६ जना कर्मचारीहरुलाई (लक्ष्यभन्दा १२६ जना बढी) तालिम प्रदान र अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था, १५१४ ग्राहक सर्वेक्षण, १ पटक मध्यावधि मूल्याङ्कन, २० जिल्लामा साँझेदार संस्थाहरुको क्षमता अभिवृद्धि २० जिल्लामा सहभागितात्मक मूल्याङ्कन गोष्ठीको आयोजना, २ वटा जिल्ला विकासलाई आवधिक उद्यम विकास योजना तर्जुमाको लागि सहयोग प्रदान, न्यून आय भएका परिवार ९९७० को घरधुरी सर्वेक्षण, ८२५५ जना संभावित सहभागी उद्यमी पहिचान तथा छनौट, ९००२ जना संभावित सहभागी तथा उद्यमीहरुलाई उद्यमशीलता तथा व्यवसाय व्यवस्थापन तालिम प्रदान, ५६४८ जनालाई प्राविधिक सीपमूलक तालिमको आयोजना गरिएको, ५५०० जनालाई लैंगिक सचेतना सम्बन्धी अभिमुखिकरण तथा तालिम संचालन, ७३३ अति गरिब परिवारहरुलाई प्रत्यक्ष सहयोग प्याकेज प्रदान, २० जिल्लामा संस्थागत विकासको लागि लघु उद्यमीहरुको समूहलाई व्यवस्थापकीय सहयोग एवं कार्यमूलक अनुसन्धान, २० जिल्लामा लघु उद्यमीहरुको वस्तु विक्री सुनिश्चित गर्नको लागि बजार सम्बन्ध कायम, ६४२६ लघु उद्यमीहरु विकास तथा समूह गठन, रु. २,६९,७१ हजार लघु कर्जा प्रवाह (स्व–लगानी वाहेक), ५५८ वटा लघु कर्जा प्रवाह, २० जिल्लामा लघु कर्जा व्यवस्थापन तथा समन्वय (वित्तिय संस्थाहरु तथा सहकारी संस्थाहरु), १ पटक लघु उद्यम विकासको लागि हाल भएका नीति नियमहरुको नीतिगत साथै संस्थागत स्तरमा पुनरावलोकन, ३ पटक लघु उद्यम विकासको क्रममा देखिएका मुख्य–मुख्य मुद्दाहरु पहिचान गरी नीतिगत सुधारको लागि सुझाव संकलन तथा वकालत गर्न कार्यशाला गोष्ठीको आयोजना लगायतका कार्यहरु सम्पन्न भइ सकेको देखिन्छ ।

**सम्पन्न हुन बांकी कार्यहरु र कारण**

माथि उल्लेख भए मध्ये ५ वटा आवधिक उद्यम विकास योजना तर्जुमा मध्ये ३ वटा स्थानीय निकायहरुका पदाधिकारीहरुको परिवर्तन भइरहेकोले गर्दा नियमित रुपमा कार्यक्रमगत समन्वय गर्न

कठिनाई भएका कारण सम्पन्न हुन नसकेको, १२५०० न्यून आय भएका परिवारहरुको घरधुरी सर्वेक्षण गर्ने कार्य रहेकोमा द्वन्द चर्कन गइ देशको शान्ति सुरक्षाको स्थिति अनुकूल नरहेको कारण ग्रामीण क्षेत्रमा कार्य गर्न कठीन भएकोले सम्पन्न हुन नसकेको, रु.५०००० हजार लघुकर्जा प्रवाह गर्ने लक्ष्यमा लघु कर्जा प्रवाह कमी हुन गएको कारणले रु.२६९७१ हजार मात्र प्रवाह हुन गएको, कृषि विकास वैंकले लघु कर्जा प्रवाह नगर्ने नीति लागू गरेकोले लघु वित्त सेवाको अभाव र अन्य लघु कर्जा प्रवाह गर्ने संस्थाहरुले जिल्लामा लघु कर्जा सेवा प्रदान गर्ने कार्यमा आलटाल गरेको, लघु उद्यम विकास कार्यक्रमले अथक प्रयास पैरवी गर्दा गर्दै पनि हालसम्म स्पष्ट नीति नरहेको आदि कारणले केही कार्यहरु सम्पन्न हुन नसकेको देखिन्छ ।

❖

**आयोजनाको नाम :- विशेष आर्थिक क्षेत्र आयोजना (SEZ) (निर्यात-प्रशेधन केन्द्र समेत)**
**(३८-३/४-६५३)**
**कुल बजेट** : रु. ५०००० हजार
**कुल खर्च** : रु. रु.४३१४० हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

यस आयोजनाको लागि नियमावली, विनियम तथा निर्देशिका तयार गर्ने, चिनस्थित SEZ को अवलोकन भ्रमण गर्ने, विरगंज पाँचखाल र नुवाकोटमा विशेष आर्थिक क्षेत्रका लागि संभाव्यता अध्ययन र विस्तृत कार्य गर्ने, निर्यात प्रशोधन केन्द्र भैरहवामा १.५ विगाहा जग्गा अधिकरण तथा वातावरणीय प्रभाव अध्ययन गर्ने, ३५ विगाहामा जग्गा विकास सम्बन्धी कार्य गर्ने, २०० र.मी. डिप ट्युववेलको कार्य गर्ने, २.२५ किलोमिटर विद्युत लाइन प्रसारण गर्ने, १७६०० व.मी. पार्किङ्ग क्षेत्र निर्माण गर्ने, भैरहवा EPZ भित्र २० विगाहा जग्गामा खानेपानी तथा विद्युत प्रसारण सम्बन्धी निर्माण कार्य गर्ने, खानेपानी तथा विद्युत कार्यको लागि सुपरिवेक्षण गर्न परामर्शदाता नियुक्त गरी कार्य गर्ने जस्ता कार्यक्रमहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेखित कार्यहरुमध्ये नियमावली तथा निर्देशिकाको मस्यौदा तयार, चिनस्थित SEZ को अवलोकन भ्रमण सम्पन्न, विरगंज विशेष आर्थिक क्षेत्रको भौतिक सुविधा विकास र EIA अध्ययनको कार्य ८०% सम्पन्न भएको, भैरहवा EPZ भित्र कार्यालय, पार्किङ्ग, जग्गा विकास तथा अन्य निर्माण कार्य लक्ष्य बमोजिम सम्पन्न भएको, विरगंज EPZ भित्र २० विगाहा जग्गामा खानेपानी तथा विद्युत प्रसारण सम्बन्धी निर्माणमा विद्युत सम्बन्धी लक्ष्य बमोजिम र खानेपानी सम्बन्धी आंशिक पूरा भएको, परामर्शदाता नियुक्ति, नयाँ सुपरिवेक्षण सम्बन्धमा विद्युत सम्बन्धी कार्य पूरा भएको खानेपानी सम्बन्धी कार्य आंशिक पूरा भएको छ ।

**सम्पन्न हुन नसकेका कार्यहरु र कारण**

माथि उल्लेख भएका कार्यहरुमध्ये विरगंज SEZ को विस्तृत संभाव्यता अध्ययन गर्ने कार्य भारतिय सहयोगको लागि प्रयास भैरहेकोले स्थगित भएको, विरगंज SPZ भित्र भौतिक सुविधा विकास सम्बन्धी EIA अध्ययनको २०% कार्य भएको (दोश्रो जनआन्दोलनको कारण र वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यसूची (TOR) निर्धारित समयभन्दा ढिलो प्राप्त भएकोले), भैरहवा EPZ भित्र २०० मीटर डिप बोरिङ्ग मध्ये २५ मीटरको खानेपानी सम्बन्धी कार्य र खानेपानी तथा विद्युत कार्यको लागि सुपरिवेक्षण गर्न परामर्शदाता नियुक्तिमा दोश्रो जनआन्दोलनको कारण निर्माण कार्यमा १ महिना जति ढिलाई भएको आदि कारणले लक्ष्य अनुरुप कार्यहरु सम्पन्न हुन नसकेको ।

❖

आयोजनाको नाम :- कण्ठरोग नियन्त्रण आयोजना (३८-३-६१३)
कुल बजेट : रु.७०००० हजार
कुल खर्च : रु.६५५३८ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

यस आयोजना अन्तर्गत नेपालभरका दुर्गम तथा आंशिक दुर्गम २२ जिल्लाहरुमा नुन ढुवानीका लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशनलाई ढुवानी अनुदान उपलब्ध गराउने र २६५३४ क्विन्टल नुन ढुवानी गर्ने कार्यक्रम रहेको थियो ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेखित कार्यहरु मध्ये दुर्गम २२ जिल्लाहरुमा २४७५३.६७ क्विन्टल ढुवानी सम्पन्न भएको छ ।

**सम्पन्न हुन बाँकी कार्यहरु**

२६५३४ क्विन्टल नून ढुवानी गर्ने लक्ष्य रहेकोमा वार्षिक लक्ष्यको तुलनामा कम ढुवानी हुनुमा कार्यक्रम संचालित २२ जिल्लामध्ये केहि जिल्लामा ढुवानीकर्ताहरुले ढुवानी गर्न नसकेको देखिन्छ ।

❖

आयोजनाको नाम :- नेपाल खाद्य संस्थान (३८-३-६१०)
कुल बजेट : रु. २६०००० हजार
कुल खर्च : रु. २२.७३ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

यस संस्थान अन्तर्गत ३० दुर्गम जिल्लामा ७३५४ मे.ट्र. खाद्यान्न ढुवानी १००० मे.ट्र. खाद्यान्न वफरस्टक राख्ने तथा जनशक्ति व्यवस्थापन चुस्त र प्रभावकारी बनाउन १०० जना कर्मचारीको स्वेच्छिक अवकाश योजना ल्याउने आदि कार्यहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेख भएका कार्यहरुमध्ये ७३५४ मेट्रिक टन खाद्यान्न ३० दुर्गम जिल्लाहरुमा ढुवानी गर्ने कार्य, १००० मेट्रिक टन खाद्यान्न वफरस्टकमा राख्ने कार्य तथा ५२ जना कर्मचारीको स्वेच्छिक अवकाश दिने कार्यहरु सम्पन्न भई सकेको देखिन्छ ।

**सम्पन्न हुन बाँकी कार्यहरु**

माथि उल्लेखितमध्ये १०० जना कर्मचारीको स्वेच्छिक अवकाश योजना ल्याउने उल्लेख भएकोमा ५२ जनाको मात्र स्वेच्छिक अवकाशको लागि आवेदन परेकोले लक्ष्यानुरुप प्रगति हुन नसकेको देखिन्छ ।

❖

# कृषि तथा सहकारी मन्त्रालयतर्फ

आयोजनाको नाम : कृषि अनुसन्धान कार्यक्रम (४०-३/४-७१०)
कुल बजे : रु. २००४९ हजार
कुल खर्च : रु. १९३२४५ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

- बाली, वागवानी, पशु/पंक्षी र बाह्रय क्षेत्रको अनुसन्धान गर्ने ।
- आयोजनाहरुमा रिसर्च सपोर्ट गर्ने ।
- उत्पादन कार्यक्रम गर्ने ।

**सम्पन्न भएका कार्यहरु**

- बाली अनुसन्धान ५८ वटा आयोजनामा, वागवानी अनुसन्धान ५० आयोजनामा, पशु/पंक्षी अनुसन्धान ३५ आयोजनामा, बाह्रय अनुसन्धान मल्टी सेक्टर रुपमा ६ आयोजनामा, रिसर्च सपोर्ट सम्बन्धी कार्य ३७ आयोजनामा र उत्पादन कार्यक्रम २१ आयोजनाहरुमा सम्पन्न भएको ।
- कुल ९८% प्रगति हासिल भएको ।

❖

आयोजनाको नाम : राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष (४०-३/४-२११)
कुल बजेट :रु.१२६९७५ हजार
कुल खर्च : रु.२५०५१०३२ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

- हाल कार्यान्वयनमा रहेका आयोजना प्रस्तावहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने गरी ४० वटा आयोजना संचालन गर्ने ।
- कृषक समस्यामा आधारित प्रस्तावहरु आब्हान गर्ने र गोष्ठी संचालन गर्ने ।
-

**सम्पन्न भएका कार्यहरु**

- आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन र प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा आधारित कृषि अनुसन्धान तथा विकास कार्यक्रम संचालन गर्ने कार्य सम्पन्न भएको ।
- कृषकका समस्यामा आधारित प्रस्तावहरु र कोषको उपलब्धि सम्बन्धमा गोष्ठि संचालन भएको ।
- कर्णाली अंचल एवं सुर्खेत-कर्णाली राजमार्ग क्षेत्रको लागि नयाँ आयोजना स्वीकृति एवं संचालन भएको ।
- नयाँ आयोजनाको संचलानार्थ आयोजना अवधारण पत्र, आयोजनाको समीक्षापूर्ण प्रस्तावको समीक्षा गरेको ।

❖

आयोजनाको नाम : पशु विकास सेवा कार्यक्रम (४०-३/४-५१०)

कुल बजेट :रु.५३९५९ हजार

कुल खर्च :रु.४८५६६ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

- राँगो/साँढेको जमेको विर्य उत्पादन गर्ने, व्यवसायिक वंगुर फार्मको सुदृढीकरण, बाखा/बोका पैचो कार्यक्रम गर्ने

**सम्पन्न भएका कार्यहरु**

- राँगो/साँढेको जमेको विर्य उत्पादन ७५ हजार डोज भएको
- व्यवसायिक वंगुर फर्मको सुदृढीकरण कार्य ३० पटकमा गर्ने गरी सम्पन्न भएको
- १२० वटा पशुजन्य पदार्थको नमूना संकलन तथा विश्लेषण भएको
- बोका/बाखा पैचो कार्यक्रम अन्तर्गत १७१८ वटा बोका/बाखा खरिद तथा वितरण भएको

❖

आयोजनाको नाम : बाली विविधिकरण आयोजना (JFPR समेतं) (४०-३/४-२६२/८०४)

कुल बजेट : रु.२६८४७९ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

- परामर्शदाता सेवा, तालिम कार्यक्रम, उच्च शिक्षा अध्ययन, गोष्ठी, वार्षिक पुस्तिका प्रकाशन सम्बन्धी कार्यहरु गर्ने ।

**सम्पन्न भएका कार्यहरु**

- परामर्शदाता सेवा तर्फ अनुगमन ९ जना सामाजिक परिचालन ९ जना र मार्केटिङ्ग ९ जना गरि प्रत्येक महिना २७ जनालाई गरी तालिम उपलब्ध गराएको ।
- तालिम कार्यक्रम तर्फ आयोजनासँग सम्बन्धित कर्मचारीहरुलाई कम्प्युटर तालिम दिइएको, सामुदायिक परिचालक पुनर्ताजगी तालिम, Project Account सम्बन्धी तालिम, विभिन्न विषयमा १ हप्ते अधिकृतस्तर तालिम र अन्य सीप अभिवृद्धिका लागि तालिम संचालन गरेको ।
- केन्द्र तथा आयोजना क्षेत्रमा कार्यरत कृषि अधिकृतहरुलाई २ वर्ष M.SC.Ag. अध्ययन गर्न १ पटकका लागि ८ जनालाई मौका उपलब्ध गराएको ।
- वार्षिक कार्यक्रम तथा तथ्याङ्क पुस्तिका प्रकाशनको कार्य भएको ।

❖

आयोजनाको नाम : सहकारी खेती, साना सिंचाई तथा मल बीउ ढुवानी कार्यक्रम (४०-३/४-४६४)

कुल बजेट : रु.१६४९०५ हजार

कुल खर्च : रु.१३५८३७ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

- सहकारी खेतीमा आधारित साना सिंचाई स्किम संचलन ७५ जिल्लामा गर्ने ।
- ७५ जिल्लामा साना सिंचाई निर्माण तथा मर्मत संभार गर्ने ।
- २३ जिल्लामा रासायनिक मल ढुवानी गर्ने ।
- २६ जिल्लामा उन्नत बीउ विजन ढुवानी गर्ने ।

**सम्पन्न भएका कार्यहरु**

- २०७ साना सिंचाई स्किम संचालन भएको ।
- १६७८ वटा साना सिंचाई निर्माण तथा मर्मत संभार गरिएको ।
- ३३३२.६५ मे.टन रसायनिक मल ढुवानी २६ जिल्लामा भएको ।
- ५१.५६ मे.टन उन्नन बीउ विजन ढुवानी २६ जिल्लामा भएको ।

❖

**आयोजनाको नाम : दीर्घकालिन कृषि योजना अनुगमन तथा समन्वय कार्यक्रम**
**(४०-३/४-२२०)**
**कुल बजेट** : रु.३७१८३० हजार
**कूल खर्च** : रु.२८८०८३ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

- दीर्घकालिन कृषि योजनाका प्राथमिकता प्राप्त कार्यक्रमहरुको Periodic अनुगमन गर्ने ।
- कृषि विकास कार्यक्रमको स्थिति अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- रसायनिक मल आपूर्ति तथा वितरणको अनुगमन गर्ने ।
- Variety Indentification GMO सम्बन्धी तालिम दिने ।
- TAD को OIE Prescribed Test को लागि पुर्वाधार तयार गर्ने ।
- अति विपन्न समुदायमा समूह/समिति मार्फत पशु सेवा पुऱ्याउने ।
-

**सम्पन्न भएका कार्यहरु**

- दीर्घकालिन कृषि योजनाका प्राथमिकता प्राप्त कार्यक्रमहरुको Periodic अनुगमन गर्ने कार्य सम्पन्न भएको ।
- कृषि विकास कार्यक्रमको स्थिति अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य भएको ।
- रसायनिक मल आपूर्ति तथा वितरणको अनुगमन गर्ने कार्य भएको ।
- Variety Indentification GMO सम्बन्धी तालिम संचालन भएको ।
- TADको OIE Prescribed test को लागि पुर्वाधार तयार भएको ।
- अति विपन्न समुदायमा समूह/समिति मार्फत पशु सेवा पुऱ्याईएको तथा वितरण गरिएको पशुहरुको tagging गर्ने कार्य गरेको ।
- WTO डकुमेन्टसन केन्द्र स्थापना गर्ने कार्य भएको ।

❖

## गृह मन्त्रालयतर्फ

**आयोजनाको नाम : पूनःनिर्माण तथा पूनःस्र्थापना कार्यक्रम**
**कूल बजेट** : रु.४०९९५ हजार
**कूल खर्च** : रु.४०९९५ हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

यस कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाहरुमा संचालन भैरहेका पुनःनिर्माण कार्यलाई सम्पन्न गर्ने, द्वन्दबाट विस्थापित व्यक्तिहरुलाई पुनःस्र्थापना गर्ने हिंसात्मक गतिविधिमा लागेका व्यक्तिहरुलाई समाजमा पुनःस्थापित गर्ने जस्ता कार्यक्रमहरु रहेका छन् ।

**सम्पन्न भएका कार्यहरु**
लक्ष्यानुरुप २४ जिल्लाका सरकारी भौतिक संरचनाहरुको पुनः निर्माण भएको छ ।

❖

## भौतिक योजना तथा निर्माण मन्त्रालयतर्फ

**आयोजनाको नाम :- बि.पि.कोइराला राजमार्ग (धुलिखेल-सिन्धुली-वर्दिवास) (४८-३/४-२०२)**

**कुल बजेट** : रु.२४७५०० हजार

**कुल खर्च** : रु.२४६६०२ हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

- यस राजमार्ग अन्तर्गत सिन्धुली खुर्कोट खण्डमा थप १ किलोमिटर सडक निर्माण गर्ने ।
- १३ किलोमिटर सडकको कालो पत्रे गर्ने ।
- तेश्रो खण्ड खुर्कोट नेपालथोक (३२ किलोमिटर) सडक निर्माणको लागि वातावरणीय प्रभाव अध्ययन पुरा गरि १० किलोमिटर ट्र्याक खोल्ने ।
- धुलिखेल-नेपालथोक ५० किलोमिटरसडकको मर्मत गर्ने आदि कार्यहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेख भएका कार्यहरुमध्ये १० किलोमिटर ट्र्याक खोल्ने, २ किलोमिटर माटे सडक निर्माण गर्ने, ४.५ किलोमिटर खण्डास्मित गर्ने तथा १ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको देखिन्छ ।

❖

**आयोजनाको नाम :- कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला खण्ड) (४८-४-२०४)**

**कुल बजेट** :- रु.३६५०,०० हजार

**कुल खर्च** :- रु.२५१२९९ हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

- यस सडक आयोजना अन्तर्गत ५३ किलोमिटर ट्र्याक खोल्ने, ९८ किलोमिटर खण्डास्मित र ५ वटा पुलेसा निर्माण गर्ने, पुरै २३२ किलोमिटर सडक माटेस्तरको निर्माण गर्ने जस्ता कार्यहरु रहेका थिए ।
- तिला नदीमा वेलीवृज निर्माण गरी सब-स्ट्रक्चर सहित लञ्चिङ्ग गर्ने, र
- रामागाड पुल निर्माण कार्यलाई निरन्तरता दिइने पनि कार्यक्रममा राखिएको थियो ।
-

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेख भएका कार्यहरुमध्ये ४० किलोमिटर ट्र्याक खोल्ने, ९८ किलोमिटर खण्डास्मित गर्ने र ५ वटा पुलेसा निर्माण गर्ने कार्य सम्पन्न भएको देखिन्छ ।

❖

आयोजनाको नाम :- नारदमुनि थुलुङ्ग मार्ग (हिले-लेगुवाघाट-भोजपुर) (४८-३/४-२५५)

कुल बजेट : रु.१२५०,०० हजार

कुल खर्च : रु.४५७२७ हजार

तोकिएका मुख्य मुख्य कार्यहरु

यस मार्ग अन्तर्गत ३६ किलोमिटर माटेसडक निर्माण गर्ने र १४ किलोमीटर. खण्डास्मित गर्ने कार्यक्रमहरु रहेका थिए ।

सम्पन्न भएका कार्यहरु

माथि उल्लेखित कार्यहरुमध्ये ३१ किलोमिटर माटेसडक निर्माण र १४ किलोमिटर खण्डास्मित निर्माण कार्य सम्पन्न भएको देखिन्छ ।

❖

आयोजनाको नाम :- बाग्लुङ्ग-बेनी जोमसोम (४८-४-२७०)

कुल बजेट : रु.२०००० हजार

कुल खर्च : रु.१७३५१ हजार

तोकिएका मुख्य मुख्य कार्यहरु

यस सडक अन्तर्गत १२ किलोमिटर ट्र्याक खोल्ने, र म्याग्दी खोला पुल निर्माण कार्य सम्पन्न हुने जस्ता कार्यहरु रहेका थिए ।

सम्पन्न भएका कार्यहरु

माथि उल्लेख भएका कार्यहरुमध्ये १२ किलोमिटरट्र्याक खोल्ने कार्य सम्पन्न भएको देखिन्छ ।

❖

आयोजनाको नाम :- छिन्चु जाजरकोट (४८-३/४-२७२)

कुल बजेट : रु.१०००० हजार

कुल खर्च : रु.१०००० हजार

तोकिएका मुख्य मुख्य कार्यहरु

- यस सडक अन्तर्गत खुलिसकेको सडकलाई मर्मत संभार गरी (६६ किलोमिटर) यातायात चालु राख्ने र
- बाँकी खण्डमा (११ किलोमिटर) ट्र्याक खोल्ने कार्य सम्पन्न गर्ने आदि कार्यक्रमहरु रहेका थिए ।

सम्पन्न भएका कार्यहरु

माथि उल्लेखित कार्यहरुमध्ये १० किलोमिटरट्र्याक खोल्ने कार्य सम्पन्न भएको उल्लेख भई आएको छ ।

❖

**आयोजनाको नाम :- <u>जय पृथ्वी बहादुर सिंह मार्ग (खोड्पे-बझाङ) (४८-४-२७५)</u>**
**कुल बजेट** : रु. २०००० हजार
**कुल खर्च** : रु. १९३९९ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
यस सडक अन्तर्गत बझाङ्गको सदरमुकाम चैनपुरसम्म (१०८ किलोमिटर) ट्र्याक खोल्ने लक्ष्य रहेको थियो ।

<u>सम्पन्न भएका कार्यहरु</u>
माथि उल्लेख भएका कार्यहरुमध्ये २४ किलोमिटरट्र्याक खोल्ने कार्य सम्पन्न भएको उल्लेख छ

❖

**आयोजनाको नाम :- <u>साफेबगर-मार्तडी (४८-३/४-२७७)</u>**
**कुल बजेट** : रु.२५००० हजार
**कुल खर्च** : रु.२३३६६ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
- यस सडक अन्तर्गत सुन्यदेखि १३ किलोमिटर तथा मोड सुधार गरी यातायात संचालन गर्ने र
- थप ७ किलोमिटर नयाँ ट्र्याक खोल्ने कार्यहरु रहेका थिए ।

❖

**आयोजनाको नाम :- ग्रामिण पहुँच सडक** (४८-४-२८३)
**कुल बजेट** : रु. १५०००० हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
खण्डास्मित स्तरमा स्तरोन्नति कार्य शुरु गर्ने

<u>सम्पन्न भएका कार्यहरु</u>
सो कार्य अनुरुप गर्न बसन्तपुर-तेह्रथुम २६ किलोमिटर मध्ये शुरु १३ किलोमिटर स्ट्रक्चर र नाली निर्माण भएको । भालुवाङ्ग-प्युठान ६९ किलोमिटर सडकको आकस्मिक मर्मत कार्य भएको ।

❖

**आयोजनाको नाम :- <u>काठमाण्डौं उपत्यका सडक विस्तार आयोजना (४८-४-५०३)</u>**
**कुल बजेट** : रु.१६७५०० हजार
**कुल खर्च** : रु.१२९५८१ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
- रातोपुल- गौशाला सडक विस्तार गर्ने ।
- गौशाला-चाबहिल सडक विस्तार कार्य गर्ने ।
- कमलपोखरी-रातोपुल खण्डको विस्तार कार्य गर्ने ।
- रिङ्गरोड ट्र्याकलाई (१० किलोमिटर) व्यवस्थित र विस्तार गरिनुका साथै करिब ५ किलोमिटर सडक कालोपत्रे, ३ किलोमिटर खण्डास्मित र ३ किलोमिटर पक्की साइडड्रेन निर्माण गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>
उक्त कार्यहरु तर्फ लक्ष्यको तुलनामा ७८.१५% भौतिक प्रगति भएको ।

❖

आयोजनाको नाम :- विभिन्न सडक मर्मत तथा निर्माण सुधार (४८-४-५५५)
**कुल बजेट** : रु. ४००००० हजार
**कुल खर्च** : रु. ३४३६१० हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
नेपालभरका राजमार्ग तथा सहायक राजमार्गहरुको आवधिक मर्मत संभारका साथै पटके मर्मत संभार गरिने (करिब १३०२ किलोमिटर)।

<u>सम्पन्न भएका कार्यहरु</u>
मर्मत संभार सम्पन्न १३०२ किलोमिटर भएको।

❖

आयोजनाको नाम :- <u>रोड मेन्टिनेन्स एण्ड डेभलपमेण्ट प्रोजेक्ट (RMDP) (४८-३/४-५५७)</u>
**कुल बजेट** : रु. ८०८६०० हजार
**कुल खर्च** : रु. ५७२३१८ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
- सिलगुडी -साँफेबगर सडक कालोपत्रे गर्ने।
- कटारी-ओखलढुंगा सडक र डडेल्धुरा–पाटन सतबाँझ सडक माटेस्तरको सडकबाट खण्डास्मिथमा स्तरोन्नति गर्ने।
- करिब ७५ किलोमिटर सडकको आवधिक मर्मत संभार तथा करिब १००० किलोमिटर राजमार्ग तथा सहायक मार्गहरुको recurrent मर्मत संभार भई यातायात चालु रहने।

<u>सम्पन्न भएका कार्यहरु</u>
माथि उल्लेखित कार्यहरुमा लक्ष्यको तुलनामा भौतिक प्रगति ८७.२८% भएको छ।

❖

आयोजनाको नाम :- <u>बेसी शहर- चामे (४८-४-५७९)</u>
**कुल बजेट** : रु.२०००० हजार
**कुल खर्च** : रु.२०००० हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
- २५ किलोमिटरसम्म पाइलट ट्र्याक र २० किलोमिटर मोटर बाटो पुऱ्याउने।
- खुदी खोलामा बेलिबृज निर्माणको कार्य शुरु गरिने।

<u>सम्पन्न भएका कार्यहरु</u>
९ किलोमिटर ट्र्याक खोल्ने काम सम्पन्न भएको।

❖

आयोजनाको नाम :- सडक सञ्जाल विकास आयोजना (४८-४-५८४)
**कुल बजेट** : रु. १३०००० हजार
**कुल खर्च** : रु.७५८८३४ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
- ६८ किलोमिटर कालोपत्रे स्तरमा स्तरोन्नति गर्ने।
- १० वटा कल्भर्ट निर्माण गरिने।

- ५२ किलोमिटर साइडड्रेन निर्माण गरिने ।
- २७० किलोमिटर राजमार्ग तथा सहायक मार्गहरुको Performance Based Maintenance को आधारमा नियमित तथा पटके मर्मत र बसन्तपुर - चैनपुर सडकको पिलुवा खोला- सवाखोला खण्ड (३५किलोमिटर) मा ट्र्याक खोली जिल्ला सदरमुकाम खाँदबारीसम्म माटेस्तरको सडक निर्माण गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

सो कार्यको भौतिक प्रगति लक्ष्यको तुलनामा ९०.४३% भएको जनाइएको छ ।

❖

**आयोजनाको नाम :- साना शहरी खानेपानी तथा सर-सफाई आयोजना** (४८-३/४-७१६)

**कुल बजेट :** रु. ७१७५०८ हजार

**कुल खर्च :** रु.७६६१७ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>

- जनचेतना अभिवृद्धि अभियान तथा स्वास्थय र सरसफाई शिक्षा कार्यक्रम संचालन गर्ने ।
- खानेपानी तथा सरसफाई कार्यक्रम संचालन गर्ने । प्रथम चरणका आठ वटा, दोश्रो चरणका १५ वटा र तेश्रो चरणका १० आयोजनाहरुको प्रारम्भिक चरणका कार्यहरु गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

जनचेतना सम्बन्धी लक्ष्य बमोजिम विभिन्न नगर आयोजनाहरुमा कार्यक्रमहरु सम्पन्न भएको, प्रथम चरणमा ७, दोश्रो चरणमा १३ र तेश्रो चरणमा ६ स्थानमा खानेपानी तथा सरसफाई सम्बन्धी कार्यहरु भएका छन् ।

❖

**आयोजनाको नाम :-** <u>अन्य मर्मत सुधार आयोजनाहरु (४८-४-७०७)</u>

**कुल बजेट :** रु. ३०००० हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>

- हस्तान्तरण गर्न बाँकी आयोजनाहरुमध्ये ४० वटा आयोजनाहरु मर्मत सुधार गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने ।
- दैवी प्रकोपबाट क्षतिग्रस्त ८० वटा आयोजनाहरुको मर्मत सुधार गरी पुनःस्थापना गरिने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

हस्तान्तरण गर्न बाँकी आयोजनाहरुमध्ये ४० वटा आयोजनाहरु पहिचान गरी कार्यक्रम तयारी तथा स्वीकृति भएको, दैवी प्रकोपबाट क्षतिग्रस्त ८० वटा आयोजनाहरुको पहिचान गरी कार्यक्रम तयारी तथा स्वीकृत भएको छ ।

❖

**आयोजनाको नाम :- राष्ट्रिय सुचना व्यवस्थापन तथा अनुगमन (४८-४-७०६)**
**कुल बजेट : रु.१७१२५ हजार**

**तोकिएका मुख्य मुख्य कार्यहरु**

सुचना केन्द्रको विकास एवं सुदृढीकरण गर्ने, सुचना व्यवस्थापनको खाका तथा database, website, तयारी तथा संचालन, पुस्तकालय सुदृढीकरण, प्रारम्भिक क्षेत्रगत ज्ञान स्रोत तयार गर्ने, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ५ वटा क्षेत्रीय स्तरको गोष्ठि संचालन गर्ने ।

**सम्पन्न भएका कार्यहरु**

- विभिन्न जिल्लामा तथ्याङ्क संकलन कार्य शुरु भएको तथा विभागमा नेटवर्क कार्य भैरहेको ।
- खरिदको लागि सम्झौता भएको तथा अप-ग्रेटिङ कार्य भैरहेको छ ।

❖

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयतर्फ

**आयोजनाको नाम : भूमिसुधार कार्यक्रम तथा भुक्त कमैया पूनर्स्थापना (५५-३/४-२६०)**
**कुल बजेट : रु.६१२९९ हजार**
**कूल खर्च :रु. १०१७१ हजार**

**तोकिएका मुख्य मुख्य कार्यहरु**

यस अन्तर्गत ७१४ मुक्त कमैया परिवारको पुनःर्स्थापनाको लागि उपयुक्त जग्गाको खोजी (सट्टा भर्ना मिलान) गर्ने, करीब १४८७ परिवारलाई परिचय पत्र वितरण गर्ने, ४२ वटा सीपमूलक तालिम सन्चालन गर्ने, २४ वटा उद्यमी विकास कार्यक्रमहरु गर्ने, ५ जिल्लामा ६६० वटा समूह व्यवस्थापन तथा कोष परिचालन र त्यसको अनुगमन गर्ने, मुक्त कमैयाहरुलाई रोजगारीको अवसरको लागि क्षमता विकास गर्ने, भूमिबैंकको अवधारणालाई अगाडि बढाई कृषि विकास वैंक मार्फत भूमिहीन मुक्त कमैयाहरुलाई जग्गा खरीद गर्न सहुलियतपूर्ण व्याजदरमा ऋण उपलव्ध गराउने जस्ता कार्यक्रमहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेख भएको मध्ये उद्यमी विकास तालिम २५ (लक्ष्य भन्दा १ बढी) वटा, ४०० समूह व्यवस्थापनमा ३३३ वटा सम्पन्न भएको, आय आर्जन र रोजगारी प्रवर्द्धन तर्फ वीउ विजन, मल प्राविधिक सहयोग उपलव्ध गराई ५ नमूना तरकारी खेती सम्बन्धी कार्य, ११८७ जना मुक्त कमैयालाई परिचय पत्र वितरण, ४२ वटा सीप विकास तथा दक्षता अभिवृद्धि तालिम, ६३९ समूह गठन तथा व्यवस्थापन, मुक्त कमैया कार्यक्रम सम्बन्धी गोष्ठी–१ सम्पन्न भएको छ ।

**सम्पन्न हुन नसकेका कार्यहरु र कारण**

माथि उल्लेख भएका कार्यहरु मध्ये ७१४ मुक्त कमैया परिवारको पुनर्स्थापनाको लागि उपयुक्त जग्गाको खोजी गर्ने, बांकी ६७ समूह व्यवस्थापन र २१ समूह गठन तथा व्यवस्थापन एवं वृत्तचित्र निर्माण सम्बन्धी कार्य द्वन्दको कारणले फिल्डमा जान नसकेको कारण सम्पन्न हुन नसकेको र बांकी ३०० मुक्त कमैया परिवारलाई परिचयपत्र वितरण गर्ने कार्य लक्ष्यानुरुप परिचयपत्र तयार भए तापनि जिल्ला पुनर्स्थापन तथा अनुगमन समितिको बैठकबाट निर्णय हुन बांकी रहेकोले हुन नसकेको देखिन्छ ।

❖

## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयतर्फ

**आयोजनाको नाम : लैगिंक समानता तथा महिला सशक्तिकरण कार्यक्रम (५६-३/४-२०४)**
**कुल बजेट :** ३६००० हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

यस कार्यक्रम अन्तर्गत लैंगिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम संचालनार्थ कार्यालयको स्थापना र व्यवस्थापन गर्ने, महिला विकास अधिकृतहरुलाई तालिम लगायतका कार्यक्रमहरु सन्चालन गर्ने कार्यहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेखित कार्यहरु मध्ये कुनै पनि कार्यहरु सम्पन्न हुन नसकेको ।

**सम्पन्न नभएका कार्यहरु र कारण**

यसरी कार्य सम्पन्न हुन नसक्नुमा Asian Development Bank संग कार्यक्रम संझौता हुन नसकेकोले कार्यान्वयन नभएको देखिन्छ ।

❖

## वन तथा भूसंरक्षण मन्त्रालयतर्फ

**आयोजनाको नाम :- सामुदायिक वन विकास कार्यक्रम (५९-३/४-८०१)**
**कुल बजेट :** रु. १६३५१ हजार
**कुल खर्च :** रु. प्राप्त नभएको

**तोकिएका मुख्य मुख्य कार्यहरु**

१९८ हेक्टर जमिनमा सामुदायिक वृक्षारोपण गर्ने, ३३०००० वटा विरुवा उत्पादन तथा वितरण गर्ने, ७० वटा नयाँ नर्सरी निर्माण गर्ने, २१५ वटा उपभोक्ता समिति गठन गर्ने, २२२ वटा कार्य योजना तयारी, हस्तान्तरण र विभिन्न किसिमका तालिम र अध्ययन भ्रमण संचालन कार्यक्रम गर्ने ।

**सम्पन्न भएका कार्यहरु**

१५० वटा सामुदायिक वन उपभोक्ता समूहहरुको सम्पन्नता स्तरीकरण कार्य सम्पन्न भएको, ७४ वटा गरिबीमुखी उपसमूहहरु गठन भई कार्यक्रम संचालन भएको, १६ वटा विपन्न उपसमूहको कार्ययोजना तयार भएको, ९ वटा कार्य योजना तयारी भएको

❖

आयोजनाको नाम : पहाडी कबुलियत वन तथा चरण विकास आयोजना (५९-३/४-३१४)

कुल बजेट : रु.६५०१४ हजार

तोकिएका मुख्य मुख्य कार्यहरु

१९८ किलोमिटर कबुलियत वन क्षेत्र सिमाङ्कन गर्ने, १२२ वटा कार्य योजना तयारी, हस्तान्तरण र विभिन्न किसिमका तालिम र अध्ययन भ्रमण संचालन कार्यक्रम गर्ने, कबुलियत वन सम्बन्धी समुह गठन गर्ने, कार्य योजना बनाउने ।

सम्पन्न भएका कार्यहरु

२२८ वटा समूह गठन भएको, २८५ वटा कार्य योजना तयारी भएको

❖

आयोजनाको नाम : तराई तथा सिवालिक क्षेत्रका लागि जैविक विविधता कार्यक्रम (५९-३/४-३५२)

कुल बजेट : रु.४९७५९ हजार

तोकिएका मुख्य मुख्य कार्यहरु

- विभिन्न किसिमको गोष्ठी, तालिम र कार्यदलको बैठक गर्ने ।
- आयमूलक कार्यक्रम संचालन गर्ने ।
- गैह्र काष्ठ वन पैदावार व्यवस्थापन, सरकारद्वारा व्यवस्थित वन, कबुलियती वन, निजी वन व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।
- जिल्ला वन व्यवस्थापन कार्ययोजना तयार गर्ने ।

सम्पन्न भएका कार्यहरु

तराई तथा सिवालिकको लागि जैविक विविधता क्षेत्र कार्यक्रमबाट बारा, धनुषा, सर्लाही र महोत्तरीको ४ वटा वन क्षेत्रको कार्य योजना तयार गर्न क्षेत्र पहिचान गरिएको, तराईको धनुषा र सिराहा जिल्लाको Forest Cover Map हरु तयार गर्ने कार्य सम्पन्न भएको ।

❖

## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ

आयोजनाको नाम : नविकरण उर्जा विकास कार्यक्रम (६१-३/४-२६०)

कुल बजेट : रु.१३७८२४ हजार

कुल खर्च : रु. ७६६९३ हजार

तोकिएका मुख्य मुख्य कार्यहरु

सौर्य उर्जा प्रविधि सम्बन्धी १३७ वटा संभाव्यता अध्ययन, उपभोक्तालाई २ वटा तालीम तथा क्षमता अभिवृद्धि, ४ वटा सौर्य ऊर्जा सम्बन्धी तालीम तथा प्रदर्शनी, ५ वटा सेमिनार, ३ वटा संस्थागत सोलार थर्मल जडान, १३२ वटा सौर्य बिद्युत पम्प जडान गर्ने एवं प्रचार, प्रसार र प्रवर्द्धन गर्ने ।

सम्पन्न भएका कार्यहरु

संस्थागत सौर्य उर्जा प्रविधिको प्रवर्द्धन सम्बन्धी सामग्रीहरु प्रकाशित गरेको तथा प्रचार प्रसार, जनचेतना अभिवृद्धि, प्रवर्द्धन सम्बन्धी कार्य गरेको ।

❖

**आयोजनाको नाम : <u>वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (६१-३/४-२२०)</u>**
**कुल बजेट** : रु.१२१३९५ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
- वैकल्पिक उर्जा प्रविधिको प्रचार, प्रसार गर्ने ।
- वैकल्पिक उर्जा सम्बन्धी तालिम संचालन गर्ने ।
- वैकल्पिक उर्जा सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने ।
- लघु जल विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्ने ।
- वैकल्पिक/ नवीकरण उर्जा सम्बन्धी नीति, योजना तर्जुमा गर्ने ।
- सोलार ड्रायर/ कुकर वितरण गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>
- सम्पूर्ण जिल्लामा वैकल्पिक उर्जा प्रविधिको प्रचार प्रसारको लागि रेडियो कार्यक्रम, टेलिभिजन मार्फत वृत्तचित्र प्रसारण, जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम, प्रदर्शनी कार्यक्रम, समुदाय परिचालन, पोष्टर/पम्पलेट आदि वितरण गरिएको ।
- ११२ वटा वैकल्पिक उर्जा सम्बन्धी तालिम संचालन गरेको । यसबाट २२४० जना व्यक्तिहरुले तालिम प्राप्त गरी रोजगारी सृजना भएको ।
- ९० वटा वैकल्पिक उर्जा सम्बन्धी अध्ययन, अनुसन्धान गरेको ।
- नवीकरणीय (ग्रामीण) उर्जा अनुदान नीति तथा परिचालन कार्यविधि, २०५७ तथा पुन नयाँ नीति २०६३, ग्रामिण उर्जा नीति २०६३ तर्जुमा गरिएको ।
- १२७८ वटा सोलार ड्रायर/कुकर वितरण गरिएको ।

❖

## <u>शिक्षा तथा खेलकुद मन्त्रालयतर्फ</u>

**आयोजनाको नाम : <u>माध्यमिक शिक्षा सहयोग कार्यक्रम (६५–३/४–४३०)/६५-३/४-८३०</u>**
**कूल बजेट** : रु.१४४९९५१ हजार
**कूल खर्च** : रु.९८३९९३ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>
- ♦ नेपालभरका ६० हजार विद्यार्थीहरुलाई माध्यामिक शिक्षा छात्रवृत्रि प्रदान गर्ने ।
- ♦ नेपालभरका १ लाख १४ हजार ५१७ दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने ।
- ♦ नेपालभरका ३२० सिमान्त गरिवीको रेखामुनि रहेका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्ने ।
- ♦ सदरमुकाम वाहेक विद्यालय अपायक परेका सामुदायिक विद्यालयमा अध्यापनरत १२५ महिला शिक्षिकाका लागि मासिक आवसिय भत्ता उपलव्ध गराउने ।
- ♦ नेपालभरका ४ हजार विद्यालयमा पुस्तकालय स्थापना गर्ने ।
- ♦ नेपालभरका ११ हजार सामुदायिक निम्न माध्यामिक विद्यालय र माध्यामिक विद्यालयहरुलाई सिकाइ सामाग्री व्यवस्थापनका लागि अनुदान प्रदान गर्ने ।
- ♦ नेपालभरका ५ हजार शिक्षकहरुलाई दुरशिक्षामा आधारित ५ महिना तालिम प्रदान गर्ने ।

- ♦ १९०५ जनालाई अनुमति प्राप्त सामुदायिक निम्न माध्यामिक विद्यालयहरुका लागि शिक्षक अनुदान प्रदान गर्ने ।
- ♦ ९३७ जनालाई अनुमति प्राप्त सामुदायिक माध्यामिक विद्यालयहरुका लागि शिक्षक अनुदान प्रदान गर्ने ।
- ♦ नेपालभरका १५० विद्यालय निर्माण तथा पुर्नस्थापना गर्ने ।
- ♦ नेपालभरका ४ हजार विद्यालयहरुमा कक्षा कोठा निर्माण गर्ने ।
- ♦ विभिन्न जिल्लाका लागि १०० गोटा कम्प्युटर खरिद गर्ने ।
- ♦ २०६० साल सम्मको एस.एल.सि.को मूल प्रमाण पत्र ४ लाख ४० हजार १११ प्रति छपाई गर्ने, Data Entry गर्ने तथा वितरण गर्ने ।
- ♦ एस.एल.सी. दिने विद्यार्थीका लागि अनिवार्य अग्रेजी, गणित र विज्ञान बिषयमा रेडियो र टि.भी बाट कक्षा संचालन गर्ने ।
- ♦ १३६७८५ दलितलाई निःशुल्क शिक्षा दिन विद्यालयलाई प्रति विद्यार्थी रु.५०० का दरले एकमुष्ट रकम दिने ।
- ♦ लक्षित समूहका छात्र/छात्राहरुको लागि २५४२१ छात्रबृत्ति दिने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

- नेपालभरका ५४ हजार ५ सय ६४ विद्यार्थीहरुलाई माध्यामिक शिक्षा छात्रवृत्ति प्रदान गरिएको र यस कार्यमा लक्ष्यको तुलनामा ९०.९४% प्रगति हासिल भएको ।
- नेपालभरका १ लाख ११ हजार २६१ दलित विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान गरिएको र यस कार्यमा लक्ष्यको तुलनामा ९७.१६% प्रगति हासिल भएको ।
- नेपालभरका ३२० सिमान्त गरिवीको रेखामुनि रहेका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिएको र यस कार्यमा शत् प्रतिशत प्रगति हासिल भएको ।
- सदरमुकामबाहेक विद्यालय अपायक परेका सामुदायिक विद्यालयमा अध्यापनरत ९६ महिला शिक्षिकाहरुलाई आवासिय भत्ता प्रदान गरिएको र यस कार्यमा लक्ष्यको तुलनामा ७६.८० % प्रगति प्राप्त भएको ।
- नेपालभरका ३८५९ विद्यालयमा पुस्तकालय स्थापना कार्य भएको र यस कार्यमा लक्ष्यको तुलनामा ९६.४८% प्रगति हासिल भएको ।
- नेपालभरका ९ हजार ६ सय ४१ सामुदायिक निम्न माध्यामिक विद्यालय र माध्यामिक विद्यालय तहमा शिकाइ सामाग्री व्यवस्थापनका लागि विद्यालयहरुलाई अनुदान प्रदान गरिएको र यस कार्यमा लक्ष्यको तुलनामा ८७.६५% प्रगति हासिल भएको ।
- नेपालभरका १७२४ शिक्षकहरुलाई दुरशिक्षामा आधारित ५ महिने तालिम प्रदान गरिएको र यस कार्यमा लक्ष्यको तुलनामा ३४.४८% प्रगति हासिल भएको ।
- १८४५ जनालाई अनुमति प्राप्त सामुदायिक निम्न माध्यामिक विद्यालयहरुका लागि शिक्षक अनुदान प्रदान गरिएको र यस कार्यमा लक्ष्यको तुलनामा ९६.८५% प्रगति हासिल भएको ।
- ९४८ जनालाई अनुमति प्राप्त सामुदायिक माध्यामिक विद्यालयहरुका लागि शिक्षक अनुदान प्रदान गरिएको र यस कार्यमा लक्ष्यको तुलनामा ९८.०४% प्रगति हासिल भएको ।
- नेपालभरका ३५० विद्यालयहरुमा नयाँ कक्षा कोठा निर्माण कार्य सम्पन्न भएको र यस कार्यमा लक्ष्यको तुलनामा ८७.५०% प्रगति हासिल भएको ।
- नेपालभरका १३५ विद्यालय निर्माण तथा पूर्नस्थापना भएकोमा यस कार्यमा लक्ष्यको तुलनामा ९०% प्रगति हासिल भएको ।

- विभिन्न जिल्लाका विद्यालयहरुकालागि ६७ वटा कम्प्युटर खरिद गरिएकोमा यस कार्यमा ६७% प्रगति हासिल भएको ।
- २०६० सालसम्मको एस.एल.सी को मूल प्रमाण पत्र छपाई, Data Entry तथा वितरण कार्यमा लक्ष्यको तुलनामा ९५% प्रगति हासिल भएको ।
- एस.एल.सी. दिने विद्यार्थीका लागि श्रव्य दृश्य सामग्री विकास र प्रसारण (माध्यमिक तहको अग्रेंजी, गणित र विज्ञान विषयको) भई शत प्रतिशत प्रगति हासिल भएको ।
- ८००० जनालाई माध्यमिक विद्यालय तथा निम्न माध्यमिक विद्यालय तहका सेवाकालिन शिक्षक तालिमको परीक्षा संचालन भएको ।
- समाहित शिक्षा सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भै शत प्रतिशत प्रगति भएको ।
- माध्यमिक शिक्षा सहयोग कार्यक्रम समेतको Financial Software निर्माण भै शत प्रतिशत प्रगति भएको ।

❖

**आयोजनाको नाम : विद्यालय हस्तान्तरण कार्यक्रम (६५–३–४१२)**
**कूल बजेट** : रु.१५०००० हजार
**कूल खर्च** : रु.८२२६२ हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

- ♦ यस आर्थिक बर्षमा विद्यालय हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत ५०० र सवैका लागि शिक्षा कार्यक्रम अन्तर्गत १५०० गरी कूल २००० विद्यालयहरु समुदायलाई हस्तान्तरण गर्ने ।
- ♦ प्राथमिक विद्यालय तहमा भर्ना नभएका परिवारको पहिलो छोरा वा छोरीलाई पहिलो बर्ष रु.५००।– र दोश्रो बर्ष रु.२५०।– छात्रबृत्ति दिने ।
- ♦ निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको कुनै पनि तहमा भर्ना भएका परिवारको पहिलो छोरा वा छोरीलाई क्रमशः रु.७००।– र रु.१०००।– छात्रबृत्ति दिने ।

**सम्पन्न भएका कार्यहरु**

- २५२६ विद्यार्थी दलित,उत्पीडित र गरिवीको रेखामुनी रहेका परिवारको पहिलो छोरा वा छोरीलाई (प्राथमिक विद्यालय तह प्रति विद्यार्थी रु.५००।– प्रति बर्ष) छात्रबृत्ति प्रदान गरिएको ।
- ४०० दलित, उत्पीडित र गरिवीको रेखामुनी रहेका परिवारको पहिलो छोरा वा छोरी (निम्न माध्यमिक विद्यालय तहको रु.७००।– प्रति वर्ष) छात्रबृत्ति प्रदान गरिएको ।
- १७३ जना दलित,उत्पीडित र गरिवीको रेखामुनी रहेका परिवारको छोरा वा छोरीलाई (माध्यमिक विद्यालय तह) प्रति बर्ष रु.१०००।– का दरले) छात्रबृत्ति उपलब्ध गराएको ।
- सामुदायिक विद्यालयको व्यवस्थापन समुदायले लिएपछि अपेक्षित रुपमा विद्यालयमा भए गरेको कार्य प्रगति झल्कने गरी डकुमेन्ट्री विकास तथा प्रसारण एवम् विभिन्न सूचना प्रसारण गर्ने कार्यमा लक्ष्य अनुसार शत प्रतिशत भएको ।
- ३००० विद्यालयको समुदायद्धारा व्यवस्थित विद्यालयको अभिलेख तयार गर्ने गरी अनुगमन गर्ने कार्य शत प्रतिशत भएको ।
- नेपालभरका १४६ वटा विद्यालयहरु समुदायमा हस्तान्तरण भएको ।

❖

आयोजनको नाम : <u>शिक्षक शिक्षण आयोजना (६५–३/४–४२१)</u>

**कूल बजेट** : रु.३४५८९५ हजार

**कूल खर्च** : रु.२६७८३१ हजार

<u>मुख्य मुख्य कार्यहरु</u>

- ३ वटा तालिम श्रोत केन्द्र र छात्रावास भवन निर्माण गर्ने ।
- ९ वटा केन्द्रमा १२ हजार जना प्राथमिक शिक्षकहरुलाई २.५महिने सेवाकालिन तालिम दिने ।
- ११५ जना राजपत्राकित कर्मचारीको सेमिनार तथा तालिम संचालन गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

- सबै प्रकारका शिक्षक तालिम तथा व्यवस्थापन तालिमका सामाग्रीहरु तालिमको लक्ष्य बमोजिम समयमै उत्पादन तथा छपाई भई तालिम संचालन हुने स्थानसम्म ढुवानी भएको ।
- खुला सिकाई सभाव्यता अध्ययन, लैङ्गिक सचेतना सम्बन्धी शिक्षक तालिमका लागि श्रव्य/दृश्य सामग्री विकास, दूर शिक्षा शिक्षक सहयोग कार्यक्रम विकास, बहुकक्षा शिक्षण तालिमको प्रशिक्षक प्रशिक्षण निर्देशिका विकास,पूर्वसेवाकालिन दोश्रो सेमेष्टर तालिमको प्रशिक्षक, प्रशिक्षक निर्देशिका र शिक्षक श्रोत सामग्रीको अन्तिम विकास,रा.प.तृ. र द्धितीय श्रेणी पुनर्ताजगी तालिम प्याकेज विकास,शिक्षक व्यवस्थापन सूचना प्रणाली र शिक्षक विकास योजना अद्यावधिक, दुईवटा जर्नल र तीनवटा न्यूजलेटर प्रकाशन,प्राथमिक शिक्षक तालिम प्रभावकारिता अध्ययन र लक्षित छात्रबृत्तिको ट्रेसर स्टडी सम्पन्न, तालिमको लागि मामला विकास, शैक्षिक तालिम केन्द्रहरुमा क्रियात्मक अनुसन्धान संचालन, पुस्तकालयहरुको सुदृढीकरण, उत्कृष्ट तालिम केन्द्र छनौट, १ महिने योजना क्षमता विकास र अनुगमन तथा मूल्याङ्कन तालिम प्याकेज परिमार्जन, तालिम प्रदायक बैकल्पिक संस्थाहरुको पहिचान तथा व्यवस्थापन सहयोग र शैक्षिक तालिम केन्द्रहरुमा पुनर्ताजगी तालिम प्याकेज विकास भएको ।
- तालिममा संलग्न २० जना प्रमुख प्रशिक्षकहरुलाई एक महिने प्रमुख प्रशिक्षक प्रशिक्षण,१५ जना अधिकृतहरुलाई एक महिने योजना क्षमता विकास तालिम, १६ जना अधिकृतहरुलाई एक महिने अनुगमन मूल्याङ्कन तालिम, ४० जना कर्मचारीहरुलाई एक हप्ते वित्तीय व्यवस्थापन तथा प्रोक्युरमेन्ट सम्बन्धी तालिम, ८ जनालाई Audio / Visual / Multi Media उत्पादन तालिम, १८० जना तालिमका अनुगमनकर्ताहरुलाई एक हप्ते अनुगमनकर्ता तालिम/पूनर्ताजगी तालिम, ७८ जना कर्मचारहिरुलाई एक हप्ते कम्प्यूटर, अंग्रेजी भाषा तथा पेशागत लेखन तथा सूचना प्रविधि तालिम र विभिन्न मोडुलको तालिममा संलग्न करीब २००० प्रशिक्षकहरुलाई एक हप्ते प्रशिक्षक प्रशिक्षण प्रदान गरिएको ।
- सेवाकालिन तालिम तर्फ ११४६२ जनालाई २.५ महिने सेवाकालिन तालिम, ५९६६ जनालाई दुर शिक्षामा आधारित ५ महिने दोश्रो चरण तालिम, १८४ जनालाई १८० घण्टे / विशेष शिक्षक तालिम प्रदान गरिएको ।
- ६६९ जना प्राथमिक विद्यालयका प्रधान अध्यापकलाई एक महिने विद्यालय व्यवस्थापन तालिम, ९१ जनालाई रा.प.अंन.प्रथम श्रेणीका कर्मचारीहरुलाई एक महिने तालिम, २१ जना जिल्ला शिक्षा अधिकारीहरुलाई पुर्नताजगी तालिम, ३८ जना रा.प.तृ.अधिकृतहरुलाई एक महिने सेवाकालिन तालिम प्रदान गरिएको ।
- ६९५ जना एस.एल.सी उत्तीर्ण महिला दलित तथा पिछडिएका बर्गको विशेषत तथा महिलाहरुलाई पूर्वसेवाकालिन प्राथमिक शिक्षक तालिमका लागि छात्रबृत्ति प्रदान, ३४७ विद्यालय सहयोग समूह गठन र परिचालन तथा ति विद्यालयहरुमा टयूटोरियल कार्यक्रम संचालन, २४ जना प्रशिक्षकलाई

लैगिक सांस्कृतिक सचेटना अभिमूखीकरण प्रशिक्षण र ८३२ जना शिक्षकलाई सो सम्बन्धी तालिम प्रदान ।

- शैक्षिक जनशक्ति विकास केन्द्र, क्षेत्रीय शिक्षा/जिल्ला शिक्षा कार्यालय र ९ शैक्षिक तालिम केन्द्रतहबाट प्रत्येक चरणको तालिमको तालिम प्राप्त अनुगमनकर्ताद्धारा तालिम संचालन भएको ।
- तालिम श्रोत केन्द्र भवन र छात्रवास भवन निर्माण, स्टुडियो भवन निर्माण मर्मत सुधार भएको ।

❖

**आयोजनाको नामः– शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना**

**कूल बजेट** : रु.७७६२१६ हजार

**कूल खर्च** : रु.५८२७१३ हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

- ♦ दिवा खाजा कार्यक्रम संचालन गर्ने ।
- ♦ छात्रा उत्प्रेरणा कार्यक्रम गर्ने ।
- ♦ मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम गर्ने ।
- ♦ जुका निवारण कार्यक्रम गर्ने ।
- ♦ खाद्यान्न वितरण कार्यक्रम गर्ने ।

**सम्पन्न भएका कार्यहरु**

- दिवा खाजा कार्यक्रम अन्तर्गत २१ जिल्लाका प्रा.वि. तथा नि.मा.वि.का ४५०,००० विद्यार्थीहरुलाई दिवा खाजा (हलुवा) प्रदान गर्ने लक्ष्य रहेकोमा आ.व. २०६२।६३ मा औसत ३६४०५१ विद्यार्थीहरुलाई दिवा खाजा उपलव्ध गराई लक्ष्यको तुलनामा ८३% प्रगति भएको छ ।
- छात्रा उत्प्रेरणा कार्यक्रम अन्तर्गत ११ जिल्लाका प्रा.वि. तथा नि.मा.वि.का १३५३०० छात्राहरुलाई (प्रत्येक महिना ८०% हाजिर हुने छात्रा) २ लिटरका दरले खाने तेल वितरण गर्ने लक्ष्य रहेकोमा औसत १०४९७६ छात्राहरुले खाने तेल प्राप्त गरी लक्ष्यको तुलनामा ७८% प्रगति भएको छ ।
- मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम अन्तर्गत आ.व. २०६२।६३ मा ११ जिल्लाका १०४ गाउँ.विकास समितिहरुका १९८०० गर्भवती तथा सुत्केरी महिला र ६-६ महिनाका बालबालिकाहरुलाई न्यूट्रिमिक्स वितरण गर्ने लक्ष्य रहेकामा औसत ४१२६८ सहायतार्थीहरुलाई न्यूट्रिमिक्स वितरण गरी लक्ष्यको तुलनामा २०५% प्रगति भएको छ । (तेस्रो चौमासिकमा कार्यक्रम विस्तार भएकोले लक्ष्य भन्दा प्रगति बढी देखिएको ।)
- जुका निवारण कार्यक्रम अन्तर्गत आ.व.२०६२।६३ मा ४५०,००० विद्यार्थीलाई जुकाको औषधि वितरण गर्ने लक्ष्य रहेकामा शत प्रतिशत प्रगति भएको ।
- आ.व. २०६२।६३ मा कूल १४५२१ मे.ट. खाद्यान्न वितरण गर्ने लक्ष्य रहेकामा ११६३७ मे.ट. खाद्यान्न वितरण गरी लक्ष्यको तुलनामा ८०% प्रगति भएको छ ।

❖

आयोजनाको नामः- <u>सबैको लागि शिक्षा (६५-३/४-४१७) र (६५-३/४-८०४)</u>

कूल बजेटः- रु. ३२५८५८९ हजार

कूल खर्च : रु. २,८७,१५,१० हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>

- ♦ १८०० वटा कक्षा कोठा, ११०० वटा अस्थायी कक्षा कोठा, १३ जिल्लामा शिक्षा कार्यालय निर्माण गरिने ।
- ♦ अनौपचारिक शिक्षा कार्यक्रममा सरिक हुने सहयोगी कार्यकर्ता तथा सहभागीका लागि ५६ हजार प्रति पाठ्यक्रम, पाठ्यपुस्तक र तालिम सामाग्री छपाई तथा वितरण गर्ने ।
- ♦ १ वटा नमूना राष्ट्रिय बालविकास केन्द्रको स्थापना गर्ने ।
- ♦ १४ जिल्लाका समाहित तथा लैङ्गिक समविकास शिक्षा सम्बन्धी ६ दिने माष्टर प्रशिक्षण प्रदान गर्ने ।
- ♦ ५ वटा मातृभाषाको पाठ्यपुस्तक विकास, प्रकाशन र वितरण गरिने ।
- ♦ नयाँ सामुदायिक अध्ययन केन्द्रका समुदाय परिचालकलाई व्यवस्थापन, कार्यविधि तथा लेखा सम्बन्धी ७ दिन अभिमुखीकरण तालिम प्रदान गर्ने ।
- ♦ विद्यालयमा ५०० खानेपानीको आर्सेनिक परिक्षण र ३० वटा ट्रिटमेन्ट प्लान्ट जडान गर्ने ।
- ♦ बालिका शिक्षा रणनीति, जेन्डर प्रशिक्षक पुस्तिका, बालिका शिक्षा नेटवकिङ्ग सदस्य संस्थाहरुको प्रोफाइल विकास र छपाई गर्ने ।
- ♦ शिक्षा विभागमा IT मा सुधार गर्ने ।
- ♦ १०८०० विशेष आवश्यकता भएका बालबालिकाका लागि छात्रवृत्ति प्रदान गरिने ।
- ♦ ५९६१४१ दलितहरुलाई छात्रवृत्ति प्रदान गर्ने ।
- ♦ नेपालभरमा प्राथमिक तहमा अध्ययनरत ५०% छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने ।
- ♦ कर्णाली अञ्चलका ३७१५३ बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्ने ।
- ♦ शहिदका छोराछोरीहरुका लागि छात्रवृत्ति प्रदान गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

- नमूना राष्ट्रिय बाल विकास केन्द्रको स्थापना भएको ।
- ५६००० प्रति अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रममा सरिक हुने सहयोगी कार्यकर्ता तथा सहभागीहरुका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, नमूना प्रश्नपत्र तथा तालिम सामग्री छपाई र ढुवानी भएको ।
- १४ जिल्लामा ६ दिने समाहित तथा लैङ्गिक समविकास शिक्षा सम्बन्धी माष्टर प्रशिक्षक तालिम प्रदान गरिएको ।
- १०० जनालाई नयां सामुदायिक अध्ययन केन्द्रका समुदाय परिचालकलाई व्यवस्थापन, कार्यविधि तथा लेखा सम्बन्धी ७ दिने अभिमूखिकरण तालीम दिएको ।
- बालिका शिक्षा रणनीति १००० प्रति, जेन्डर प्रशिक्षक पुस्तिका ५०० प्रति,बालिका शिक्षा नेटवर्किङ्ग सदस्य संस्थाहरुको प्रोफाइल ३०० प्रति छपाई भई वितरण भएको ।
- शिक्षा विभागको Website hosting, Leased line, e–mail, Internet को सन्चालन र क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयहरुमा Networking र सफ्टवेयर खरीद गर्ने कार्य लक्ष्यको तुलनामा शतप्रतिशत सम्पन्न भएको ।

- अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रममा सरिक हुने सहयोगी कार्यकर्ता तथा सहभागीहरुका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, नमुना प्रश्नपत्र तथा तालिम सामाग्री छपाई र ढुवानी कार्य शत प्रतिशत भएको ।
- ३० ल्यान्टमा आर्सेनिक परीक्षण गरी ७५% प्रगति भएको ।
- १७२६ कक्षा कोठा, ९०४ अस्थायी कक्षा कोठा, ८ जिल्लामा शिक्षा कार्यालय निर्माण गरि क्रमश: ९५.९, ८२.२ र ६१.५ प्रतिशत प्रगति हासिल भएको ।
- ९५४९ बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको (८८.४ प्रतिशत प्रगति) ।
- ६,२४,८९६ दलितलाई छात्रवृत्ति प्रदान गरिएको (१०४.८ प्रतिशत प्रगति) ।
- ६,५६,०१८ छात्राहरुलाई छात्रवृत्ति प्रदान गरिएको (१०१.९ प्रतिशत प्रगति) ।
- ३६७७१ बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको (९९ प्रतिशत प्रगति) ।
- १९ जनालाई छात्रवृत्ति प्रदान गरिएको ।

❖

**आयोजनाको नाम :-** <u>प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (६५-३/४-४५०)</u>

**कूल बजेट** : रु. १५२७०० हजार

**कूल खर्च** : रु १३८६६७ हजार

**स्रोत** :- नेपाल सरकार, स्वीस (अनुदान)

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>

- ♦ लामो अवधिको तालिम संचालन गर्ने ।
- ♦ अल्पकालिन तालिम संचालन गर्ने ।
- ♦ सीप परीक्षण गर्ने ।
- ♦ पाठ्यक्रम विकास र परिमार्जन गर्ने ।
- ♦ अध्ययन अनुसन्धान गर्ने ।
- ♦ छात्रवृत्ति प्रदान गर्ने ।
- ♦ सामुदायिक विकास कार्यक्रम संचालन गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

- ९८१५ जना नयां प्रशिक्षार्थी लाई प्रशिक्षण दिन भर्ना लिएको ।
- ६१५२ जना प्रशिक्षार्थी उत्पादन गरेको ।
- १४१९६ व्यक्तिलाई अल्पकालिन तालिम दिइएको ।
- १८४६ जनाको सीप परीक्षण गरेको ।
- वैदेशिक रोजगारमा नेपाली श्रम व्यक्तिको माग, आवश्यकता र तिनको सुरक्षित रोजगारीका वारेमा एक सर्भे गरेको ।
- पोखरा पर्यटन तालीम केन्द्रद्वारा उत्पादित प्रशिक्षार्थीहरुको रोजगारी अवसर एवं तालीमको प्रभावकारी वारे Follow–Up Survey गरेको ।
- ६८ जना विपन्न, पिछडिएका जनजातिवर्गलाई प्रोत्साहन स्वरुप प्राविधिक शिक्षाको लागि छावृत्तिको व्यवस्था गरेको ।
- सामुदायिक विकास कार्यक्रम अन्तर्गत संचालित शिक्षालयहरुले सम्बन्धित जिल्लाको गाउं, वडास्तरसम्म गरी ११००० जना र ८००० पशुहरुको स्वास्थ्य घुम्ति क्लिनिक, भेटेनरी क्लिनिक

संचालन, मातृ शिशु सेवा, परिवार नियोजन सेवा तथा कृषि, निर्माण, स्वास्थ्य, इन्जिनीयरिङ्ग र अन्य सम्बन्धित विषयहरुमा जनस्तरको आवश्यकता र माग बमोजिम सल्लाह, सुझाव तथा समूह भेटघाट गरी जनचेतना जगाउने कार्यहरु गरिएको छ ।

❖

## सूचना तथा सन्चार मन्त्रालयतर्फ

**आयोजनाको नाम :- दूर संचार क्षेत्र सुधार आयोजना (६७-३/४-४५०)**
**कुल बजेट** : रु. ५४४७०० हजार
**कुल खर्च** : रु.१९१२८४ हजार

**तोकिएका मुख्य मुख्य कार्यहरु**

यस आयोजना अन्तर्गत फ्रिक्वेन्सी मनिटरिङ्ग र म्यानेजमेण्टका लागि आवश्यक उपकरण खरीद/उपलव्ध गर्ने, पूर्वान्चल विकास क्षेत्रका ५३४ गाउं विकास समितीमा टेलिफोन सेवा पुऱ्याउन अनुमति प्राप्त STM Telecom Sanchar Pvt. LTD लाई पूंजीगत अनुदान दिने, दूर संचार सम्बन्धी जनशक्ति विकास गर्ने, विभिन्न विषयमा परामर्श सेवा प्राप्त गर्ने, ICT Center को स्थापना तथा सन्चालन सम्बन्धी कार्यहरु रहेका थिए ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेख भएका कार्यहरु मध्ये पूर्वान्चल विकास क्षेत्रका ५३४ गाउं विकासमा टेलिफोन सेवा पुऱ्याउन STM Telecom Sanchar Pvt. LTD लाई World Bank मार्फत रु.७८,४०,८८,०६५।– पूंजीगत अनुदान उपलव्ध गराएको, STM goods, Procurement सम्बन्धी परामर्शदाता नियुक्ति तथा परामर्श प्राप्ति गर्ने र पूर्वान्चलमा ICT Centre स्थापना सम्बन्धी कार्य सम्पन्न भैसकेको भएको छ ।

**सम्पन्न हुन नसकेका कार्यहरु र कारण**

माथि उल्लेखित कार्य मध्ये फिक्वेन्सी मनिटरिङ्ग र म्यानेजमेन्टको लागि आवश्यक उपकरण खरीद गर्ने र दूरसंचार सम्बन्धी जनशक्ति विकास गर्ने कार्य प्राविधिक तथा प्रशासनिक कारणले सम्पन्न नभएको अवस्था छ ।

❖

## श्रम तथा यातायात व्यवस्था मन्त्रालयतर्फ

**आयोजनाको नाम : बालश्रम निवारण तथा बालश्रम सुधार आयोजना (७१-३/४-२००)**
**कुल बजेट** : रु.१८५० हजार
**कुल खर्च** : रु.१८३४.०९ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

१. बालबालिका विकास तथा पुनर्स्थापना कोषमा अनुदान दिने ।
२. बालश्रम सम्बन्धी चेतनामूलक कार्यक्रम गर्ने ।
३. बालश्रमिक संलग्न पेशा र जोखिम बारे अध्ययन गर्ने ।
४. राष्ट्रिय श्रम प्रतिष्ठान स्थापना गर्न अध्ययन गराउने ।

**सम्पन्न भएका कार्यहरु**

माथि उल्लेखित सबै कार्यहरु सम्पन्न भै भौतिक प्रगति १००% र वित्तीय प्रगति ९९.१४% हासिल भएको ।

❖

## स्थानीय विकास मन्त्रालयतर्फ

आयोजनाको नाम : ग्रामीण सामुदायिक पुर्वाधार विकास कार्यक्रम (६९-३/४-८१०)

कुल बजेट : रु.३४३९०७ हजार

कुल खर्च : रु.२९१७०४ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

५२० किलोमिटर ग्रामीण सडक, ५.५ किलोमिटर नदी नियन्त्रणको कार्य तथा अन्य लघु आयोजनाहरु संचालन गर्ने ।

**सम्पन्न भएका कार्यहरु**

- ग्रामिण सडक ४७६.४० किलोमिटर निर्माण भएको ।
- नदी नियन्त्रण कार्य २.२० किलोमिटर सम्पन्न भएको ।
- घोरेटो बाटो ४.३६ किलोमिटर बनेको ।
- खाद्यान्न खर्चमा १०१७९५३७ मे.टन उपलब्ध गराएको ।

❖

आयोजनाको नाम : कृषि तथा स्थानीय स्तरका सडक आयोजना (६९-३/४-८१४)

कुल बजेट : रु.६२०८५० हजार

कुल खर्च : रु.३६२२७३ हजार

**तोकिएको मुख्य मुख्य कामहरु**

४७५ किलोमिटर कच्ची सडक निर्माण, ३४० किलोमिटर सडक ग्राभेल, १३०० किलोमिटर सडक मर्मत सुधार, ४०० किलोमिटर सडक सर्भेक्षण, पुल निर्माणको प्रविधि सम्बन्धी Piloting को लागि १५ जिल्लामा Modular Steel Bridge, Motorable Steel Bridge / Modified Steel Truss Bridge को निर्माण कार्य शुरु गर्ने ।

**सम्पन्न भएका कार्यहरु**

- २७४ किलोमिटरसडक ग्राभेल भएको ।
- २९० किलोमिटर सडक मर्मत सुधार कार्य गरेको ।
- ४१४ किलोमिटर कच्ची सडक ट्र्याक निर्माण गरेको ।
- ३०.५ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको ।
- ग्रामिण सडक सर्वेक्षण कार्य २७५ किलोमिटर सम्पन्न भएको ।
-

❖

आयोजनाको नाम : <u>वृहत एवं स्थानीयस्तरका झोलेङ्गेपुल निर्माण एवं मर्मत संभार (६९-३/४-८१५)</u>

**कुल बजेट** : रु. १८०३०० हजार

**कुल खर्च** : रु. ९८१६८ हजार

<u>तोकिएको मुख्य मुख्य कामहरु</u>

स्थानीय मार्गतर्फ ९० वटा झोलुङ्गे पुलको निर्माण, १५० वटा झोलुङ्गे पुलको वृहत् मर्मत कार्य साथै २१०० वटा झोलुङ्गे पुलहरुको नियमित मर्मत संभार गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

- २१ वटा झोलुङ्गेपुल निर्माण सम्पन्न भएको ।
- १०१ वटा फ्रेबिकेशन तथा निर्माण भएको ।
- ६७ वटा झोलुङ्गे पुलहरुको वृहत् मर्मत सुधार भएको ।
- २३८ वटा झोलुङ्गे पुलहरुको नियमित मर्मत सुधार भएको ।

---

आयोजनाको नाम : <u>सामाजिक सुरक्षा कार्यक्रम (६९-३-१४५)</u>

**कुल बजेट** : रु.८००००० हजार

**कुल खर्च** : रु.७९१५८९ हजार

<u>तोकिएको मुख्य मुख्य कामहरु</u>

वृद्ध, ससहाय, विधवा एवं अशक्त अपाङ्गलाई भत्ता विवरण गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

२ लाख ३० हजार ४८० जेष्ठ नागरिक,२ लाख ४६ हजार १५२ असहाय विधवा र ६ हजार ८७५ अशक्त अपाङ्गहरुलाई भत्ता वितरण गरिएको छ ।

---

## राष्ट्रिय योजना आयोगतर्फ

आयोजनाको नाम : <u>आर्थिक सुधार आयोजना (७२-३-२११)</u>

**कुल बजेट** : रु.५०००० हजार

**कुल खर्च** : रु.१००२८ हजार

<u>तोकिएका मुख्य मुख्य कार्यहरु</u>

विभिन्न मन्त्रालय तथा निकायहरुबाट सरकारका सुधार कार्यक्रमहरुलाई टेवा पुऱ्याउने खालका प्रस्तावहरु आव्हान गरी छानिएका प्रस्तावहरुको आधारमा अन्य निकायबाट संचालन नभएका निम्न कार्यक्रमहरु गर्ने

(क) शासकीय तथा सार्वजनिक व्यवस्थापन सुधार ।

(ख) सार्वजनिक सेवा प्रवाहमा सुधार ।

(ग) निजीकरण र रणनीतिक संचार अन्तर्गत विभिन्न कार्यक्रमहरु गर्ने ।

<u>सम्पन्न भएका कार्यहरु</u>

- महालेखा नियन्त्रक कार्यालयको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत विशेष पक्षहरु छनौट गर्न र ओ. एण्ड. एम. गर्न कार्य निर्देशन शर्त तयार गर्ने, दीर्घकालीन जनशक्ति विकास योजना तर्जुमा गर्ने, तालिम संचालन गर्ने आदि कार्य भएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षमता विकास आयोजना अन्तर्गत अनुसन्धान सम्बन्धी तालिम, गोष्ठी, वैदेशिक अवलोकन भ्रमण तथा अन्तरक्रिया संचालन भएको ।
- सुशासन विद्येयक २०६२ र सम्बन्धित कार्यक्रमहरुको कार्यान्वयनद्वारा शासकीय सुधार गर्ने कार्य अन्तर्गत विकास आयोजनाहरुको अनुगमन तथा समीक्षा गरिएको ।
- राष्ट्रिय सतर्कता केन्द्र सुदृढीकरण आयोजना अन्तर्गत मुद्रा निर्मलीकरण सम्बन्धी वैदेशिक तालिम दिएको, भ्रष्टाचार विरुद्ध जनचेतना जागरण संचालन गरेको, उजुरी व्यवस्थापन कार्य निर्देशिका तयार गरेको ।
- त्यस्तै राजश्व प्रशासन सुदृढीकरण अध्ययन आयोजना, निजीकरण आयोजना सम्बन्धी कार्यमा सहयोग गरेको ।

# खण्ड - ४

## पत्ता लागेका मुख्य बुँदाहरु ( Main Finding)

### ४.१ समष्टिगत आर्थिक स्थिति

- देशको कूल गार्हस्थ उत्पादन वृद्धि दर उत्पादकको मूल्यमा १.९ प्रतिशत रहेको ।
- कृषि तर्फको उत्पादन १.७ प्रतिशत र गैर कृषि तर्फको उत्पादन २.८ प्रतिशतले बढेको ।
- हवाई मार्गबाट २,८७,७१९ जना पर्यटक नेपाल भित्रिएको जसको वृद्धि १४.५ प्रतिशत रहेको ।
- विदेशी लगानी तर्फ रु.३ अर्ब ४० करोड ११ लाख कुल परियोजना लागत भएका ११५ वटा विदेशी संयुक्त लगानीका उद्योगहरु स्थापना गर्न स्वीकृति दिईएको ।
- वैदेशिक रोजगारीतर्फ १,७७,५७६ जना कामदारहरुलाई वैदेशिक रोजगारमा जानका लागि अन्तिम स्वीकृति दिईएको ।
- विस्तृत मुद्रा प्रदाय १५.६ प्रतिशतले र संकुचित मुद्रा प्रदाय १३.९ प्रतिशतले बढेको ।
- आवधिक निक्षेप १६.४ प्रतिशतले बढेको ।
- नेपाल धितोपत्र बोर्डले कुल ३३ वटा वित्तीय संस्थाहरुलाई साधारण शेयर, अग्राधिकार शेयर र ऋणपत्र गरी कुल रु.२ अर्व १० करोड १४ लाख र तारागाउँ रिजेन्सी होटललाई रु.४४ करोड ६५ लाख बराबरको अग्राधिकार शेयर निष्काशन गर्न स्वीकृति प्रदान गरेको ।
- राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (आधार वर्ष २०५२।५३) को वार्षिक औषत बृद्धिदर ८ प्रतिशत रहेको । औसत अन्तर्निहित मुद्रास्फिति ४.५ प्रतिशत रहेको ।
- राजस्वतर्फ रु.७२ अर्व २८ करोड २० लाख ८६ हजार असूल भई लक्ष्यको ८८.३३ प्रतिशत असुली भएको ।
- कुल सरकारी खर्च रु.११० अर्व ८४ करोड ६७ लाख ७७ हजारमध्ये नगदतर्फ रु. १०१ अर्ब २० करो्ड २० लाख ६० हजार. र प्रत्यक्ष भुक्तानी/वस्तुगत सहायतातर्फ रु.९ अर्ब ६४ करोड ४७ लाख १७ हजार रहेको ।
- कूल सरकारी खर्चको स्रोतगत हिसाबले नेपाल सरकारको स्रोतबाट रु.८८ अर्ब ८४ करोड ७३ लाख ५४ हजार, बैदेशिक सहयोगबाट नगदतर्फ रु.१२ अर्ब ३५ करोड ४७ लाख ०६ हजार र सोझै भुक्तानीबाट ०९ अर्ब ६४ करोड ४७ लाख १७ हजार व्यहोरिएको ।
- बैदेशिक सहयोगतर्फ आगामी बर्षहरुका लागि विभिन्न द्धिपक्षीय र बहुपक्षीय सहयोग अन्तर्गत रु.२० अर्ब ९२ करोड ४२ लाखको प्रतिवध्दता प्राप्त भएको ।

### ४.२ बजेट वक्तव्य २०६२।६३ मा उल्लिखित बुँदाहरुतर्फ को उपलब्धि :-

आर्थिक वर्ष ०६२/६३ मा बजेट वक्तव्यमा उल्लेखित मन्त्रालयगत/आयोग/सचिवालय/कार्यालयहरुमा परेका बुँदाहरुको कार्यान्वयनबाट देखिएका केही मुख्य मुख्य उपलब्धिहरु (Main Main Finding) निम्न अनुसार छन् :

★ दुर संचार, हुलाक, विद्युतिय तथा छापा संचारमा सबै वर्ग र जातिको पहुँच बढाउन ध्यान दिइएको छ ।

★ हुलाक सेवालाई विविधिकरण गर्दै E-Post अवधारण अनुरुप संचालन गर्न E-Post नीति तर्जुमा तथा स्वीकृत भै सकेको तथा UPS को सहयोगमा Integrated Postal Development Plan को मस्यौदा तयार भएको छ।
★ महिला विरुद्धको हिंसा रोक्न "शुन्य सहिष्णुता" नीति अपनाउने कार्य अन्तर्गत विद्युतीय तथा छापा संचार माध्यमबाट चेतना फैलाउने कार्य भएको छ।
★ स्थानीय निकाय सशर्त अनुदानको प्रावधान सहित शिक्षा, स्वास्थ्य, कृषि प्रसार र स्थानीय पुर्वाधारको कार्य निक्षेपण गरी स्थानीय निकायहरुलाई सशक्तिकरण गरिएको छ।
★ अति विकट ग्रामिण क्षेत्रहरुमा नेपाल टेलिकमबाट २०० वटा टर्मिनलमार्फत भिष्याट प्रविधिको विस्तार गरी टेलिफोन वितरण गर्ने कार्य अन्तर्गत 40 VSAT Terminal बाट ८० लाइन बराबर क्षमता विस्तार भई ५३ वटा गाउँ विकास समितिमा ५८ लाइन टेलिफोन सेवा पुऱ्याइएको।
★ नेपाल टेलिकम मार्फत २५ जिल्लामा टेलिफोन वितरण गरिने कार्यक्रम अन्तर्गत विभिन्न १२ जिल्लामा गरी १८०७४ लाइन वितरण भएको छ।
★ भूमि बैकको अवधारण अनुरुप कृषि विकास बैक लि. मार्फत बाँके जिल्लामा ४५ जना र कैलाली जिल्लामा ७० जना गरी कूल ११५ जना भूमिहीन ब्यक्तिलाई जग्गा खरिद गर्न सहुलियतपूर्ण ऋण प्रदान गरिएको।
★ विभिन्न राहत कार्यको अलवा मुक्त कमैयालाई आर्थिक सामाजिकरुपमा माथि उठाएर सक्षम बनाउन सीपमूलक तालीम ४८७ जना र उद्यमी विकास तालीम ८९ जनालाई प्रदान गरिएको छ।
★ बैदेशीक रोजगारीका लागि १५६१ जनालाई तालिम संचालन गर्ने व्यवस्था मिलाइएको तथा ३९६ जनालाई ऋण उपलब्ध गराइएको छ।
★ Gender Respensive Budget को शुरुवात गर्ने कार्य अन्तर्गत अर्थ मन्त्रालयमा सो सम्बन्धमा समिति गठन भई कार्य आरम्भ भएको छ।
★ १४ जिल्लाका ३८० गाउँ विकास समितिहरुमा उपभोक्ता समिति मार्फत वातावरणीय सरसफाईका माध्यमद्धारा स्वास्थ्य जीवन प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ।
★ सुर्खेतमा क्षेत्रीय अस्पताल निर्माण गर्ने कार्य अनुरुप २०६२ फागुण ७ गते उद्घाटन भई संचालनमा आएकोमा आम जनतामा स्वास्थ्य सेवा पुऱ्याएको छ।
★ मानव सुचाकाङ्क कम भएका २५ वटा जिल्लाका ५० वटा हेल्थ पोष्टमा Birthing Center (प्रसुती कक्ष) निर्माण कार्य भएको जसले सुरक्षित प्रसुतीमा प्रत्यक्ष लाभ पुऱ्याएको छ।
★ HIV/AIDS अभिमुखिकरण (Orientation) तालीम विभिन्न जिल्लामा संचालन गरिएबाट HIV/AIDS को रोकथाममा निकै मद्दत मिल्ने पुगेको छ।
★ कुष्ठरोग निवारण गर्न सो रोग उच्च रहेका ३८० गाउँ विकास समितिहरुको छनौट भएकामा सो गाउँ विकास समितिहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण तालिम दिएर घर दैलो कार्यक्रम शुरु गरिएको छ, जसका कारण कृष्ठरोग निवारणमा मद्दत पुगेको छ।
★ विद्यार्थीहरुलाई स्वास्थ्य उपचारका लागि सहयोग पुगोस् भन्ने अवधारण अनुरुप दर्ता शुल्क र प्याथोलोजी सेवाका शुल्कहरुमा २० प्रतिशत सहुलियत प्रदान गर्ने कार्य मिति २०६२ मंसिर ८ गतेदेखि कार्यान्वयन भइरहेको छ।
★ मानव विकास सुचकाङ्कले पछि परेका ४० जिल्लामा सामुदायिक सक्रियता र सहभागितामूलक विशेष कार्यक्रम संचालन कार्य अनुरुप बजेट बांडफांड गरि कार्यविधि स्वीकृत भई काम भईरहेको छ।
★ सुविधाको पहुँच अत्यन्त कम भई पछि परेका जिल्लाहरुमा विकेन्द्रीत अवधारण अनुरुप ग्रामीण सडकहरुको पहुँच सुधार कार्यक्रम संचालन गरिने कार्यअनुरुप Project

Performance Memorandum CISC बाट Guideline को मस्यौदा तयारीको अन्तिम चरणमा रहेको छ ।

- ★ काठमाडौ लगायत अन्य शहरी क्षेत्रको हरियाली बृद्धि तथा शहरको शोभा बढाउने कार्य नीति तयार भै बन मन्त्रालयसँग आवश्यक समन्वय राखी कारवाही अगाडि बढिरहेको छ ।
- ★ द्वन्द्वपीडित र खाद्यान्न अभाव भएका २४ जिल्लामा कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत ४०० किलोमिटर सडक निर्माण गर्ने कार्यक्रम अन्तर्गत Track Opening/Middle Widening/Final Widening समेत गरी ४७५.८७ किलोमिटर सडक निर्माण कार्य भएको र ग्रामीण सडक ३३२.२५ किलोमिटर निर्माण सम्पन्न भएको छ ।
- ★ नेपालभर ३०० किलोमिटर कञ्ची सडक, १०० किलोमिटर ग्राभेल सडक, १२०० किलोमिटरं सडक मर्मत सुधार सम्पन्न गर्ने लक्ष्य अनुरुप कार्यक्रम संचालन भएका ७५ जिल्ला र २२ नगरपालिकामा कच्ची सडक ट्रयाक निर्माण ५१४ किलोमिटर, ग्राभेल २७४ किलोमिटर सडक मर्मत सुधार कार्यक्रम २९० किलोमिटर, सडक कालोपत्रे गर्ने कार्य ३०.५ किलोमिटर निर्माण कार्य भएको छ ।
- ★ मानव अधिकार हनन हुन नदिने कार्यका लागि कानूनी सुधार, न्याय प्रशासन तथा व्यवस्थापन, मानव अधिकार कानून बारे सरकारी अधिकारीहरुमा सचेतना बृद्धि गर्न तालिम, प्रशिक्षण, गोष्ठी संचालन गर्ने कार्य भएको, अनुगमन समिति बनेको आदि कारण मानव अधिकार हननमा रोकावट आएको छ ।
- ★ मेलम्ची खानेपानी आयोजनाको कार्यलाई अघि तर्फ निम्न कार्यहरु सम्पन्न भएको देखिन्छ : मुख्य प्रवेश मार्गको मेलम्ची चनौटे खण्डमा ढुंगा, माटो नाली आदिका साथै ग्राभेल गर्ने कार्य, एडिट प्रवेश मार्गको सिन्धु र ग्याल्थुम दुबै सडकको ढूंगा,माटोको टेवा पर्खाल, नाली निर्माण कार्य, सुन्दरीजल पिच निर्माण कार्य, आयोजनाको टनेल निर्माण कार्यको लागि आवश्यक पर्ने ३३ KVA विद्युत प्रशासण लाईनको ठेक्का मूल्याङ्कन कार्य सम्पन्न भएको छ ।
- ★ नेपाल वायु सेवा निगमलाई निजीकरण गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरिएको छ ।
- ★ अन्तराष्ट्रियस्तरमा समेत पर्यटन प्रवर्द्धन गर्न भारत, चीन, हङ्कङ्ग, जर्मनी, फ्रान्स, जापान, रुस लगायत देशहरुको संचार प्रतिनिधीहरु मार्फत डकुमेन्ट्री रिपोर्ट तयार गर्ने कार्य भएको छ । यसबाट नेपालाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन थप मद्दत पुगेको छ ।
- ★ भैरहवा विमानस्थललाई क्षेत्रीय/अन्तराष्ट्रिय विमानस्थलको रुपमा विकास गर्न ६२ विगाहा जमीन अधिकरण भै थप काम भैरहेको छ ।
- ★ कर्णाली अञ्चल विशेष कृषि विकास कार्यक्रम अन्तर्गत शीत भण्डार र सोलार स्टोर गरी १० वटाको निर्माण कार्य सम्पन्न भएको छ ।
- ★ अति विपन्न वर्गको जनधनत्व बढी भएका १० जिल्लाहरुमा ५० हजार घर परिवारलाई लक्षित गरी उनीहरुको सम्भाव्यता अनुरुपको कृषि कार्यक्रम संचालन गर्ने कार्य अन्तर्गत अति विपन्न वर्ग विकास कार्यदल (Pro-Poor Action Team : PAT) को गठन भएको छ ।
- ★ १५० वटा साना सिचाई आयोजनाहरु सहकारिताको आधारमा संचालन गरिने लक्ष्य अनुरुप १४७ वटा आयोजनाहरु स्वीकृत भै निर्माण कार्य सम्पन्न भएको छ । जसले कृषि सिचाईमा निकै मद्दत पुऱ्याउंनेछ ।
- ★ नेपाली कृषिजन्य उपज र प्रशोधित खाद्य पदार्थको निर्यात प्रवर्द्धनका लागि ५३७१ स्वस्थताको प्रमाणपत्र वितरण गरिएको, ५७४८६ वटा पैठारी इजाजत वितरण गरिएको , पशु तर्फ TAD को OIE Prescribed Test को लागि पूर्वाधार तयार गर्ने कार्य भएको, WTO सँग सम्बद्ध Quarantine Management, Animal Disease Pick Analysis सम्बन्धमा अधिकृत र

सहायकस्तरमा तालीम प्रदान गरिएको, जसको कारण WTO को अवधारण अनुरुप नेपाललाई अगाडि बढन मद्दत पुग्नेछ ।

- ★ सशस्त्र द्वन्द कम गरी देशमा शान्ति सुरक्षा कायम गराउने लक्ष्य अनुरुप हतियार उठाएकाहरुले आत्मसमर्पण गरी शान्तिपूर्ण जीवन जीउन चाहनेका लागि तनहुँको ढकालटारमा आत्मसमर्पण तथा पुनर्स्थापन केन्द्र संचालन गरिएको छ ।
- ★ द्वन्द पीडितहरुलाई रोजगारीका अवसरहरु तथा राहत उपलब्ध गराउन आन्तरिक रुपमा विस्थापित सम्बन्धी नीति २०६२ र आत्म समर्पण तथा पुनस्थापन सम्बन्धी नीति,२०६२ तर्जुमा गरी मृत्तकका आश्रितलाई आर्थिक सहायता, सन्तति छात्रबृत्ति, औषधीपचार, विधवा/विधुर भत्ता आदि उपलब्ध गराइएको छ ।
- ★ अदालतीय काम कार्वाहीलाई सरल, पारदर्शी र परिणामुखी बनाउन सो सम्बन्धी विभिन्न कार्यशाला गोष्ठी, अभिलेख व्यवस्थापनमा सुधार, Information Technology मा ब्यापक सुधार सम्बन्धी कार्य भएको छ ।
- ★ भ्रष्टाचार विरुद्दको निरोधात्मक तथा उपचारात्मक कारवाहीमा तिब्रता ल्याउने उद्देश्य साथ ४७ वटा विभिन्न विभागहरुको निर्देशिका तयार भएको, ५ वटा जिल्लाहरुमा भ्रष्टाचार विरुद्धका स्थानीय समन्वय समितिहरु गठन भै कार्य अगाडि बढेको, उपचारात्मक कार्यहरु अन्तर्गत प्राप्त ४३२४ थान उजुरीहरुमा ३३५८ थान फछ्र्यौट भएको र ११४ थान मुद्धाहरु अदालतमा दायर भएको छ । यसबाट भ्रष्ट्राचारजन्य कार्यत्रमहरु नियन्त्रित भएका छन् ।
- ★ सामुदायिक बनलाई व्यवस्थित पार्न १५० वटा सामुदायिक बन उपभोक्ता समूहहरुको सम्पन्नता स्तरीकरण कार्य सम्पन्न भएको ,२२८ वटा कबुलियती बन समूह गठन भएको छ जसले सामुदायिक बन व्यवस्थापनमा मद्दत मिल्ने छ ।
- ★ सडकको विस्तार र मर्मतको क्रममा करिब १५२ किलोमिटरस्तरको माटे स्तरको सडक, नयाँ निर्माण १२४ किलोमिटर कालोपत्रे स्तरोन्नती गरिएको,५९ किलोमिटर खण्ड स्थित स्तरोन्नती, ६६ किलोमिटर पुन निर्माण र पुनस्थापना गरिएको, २७६ किलोमिटर सडक आवधिक मर्मत, ३४ वटा साना र ठूला गरी पुल निर्माण कार्य सम्पन्न भएको र यसका अतिरिक्त सडक बोर्ड मार्फत करिब ४००० किलोमिटर सामरिक महत्वका सडकहरुको पटके र नियमित मर्मत सम्भार भएको ।
- ★ विद्यालयहरुमा नयाँ कक्षा कोठा निर्माण गर्ने कार्य अनुरुप १०७८ वटा नयाँ कक्षाकोठा निर्माण सम्पन्न भएको, हुम्ला,डोल्पा र मुस्ताङ्गमा हिमाली छात्रबास निर्माणका लागि परामर्शदाताबाट Field Visit Report / Preliminary Disign प्राप्त भएको छ ।
- ★ बिद्यालयहरुलाई स्थानीय समुदायमा हस्तान्तरण गर्ने कार्य स्वरुप २१६ तहको व्यवस्थापन समुदायमा हस्तान्तरण भएको छ ।

## ४.३. केही मुलभूत कार्यक्रम/आयोजनामा पत्ता लागेका मुख्य वुंदाहरु (Main Finding)

छनौट भएका मुख्य मुख्य कार्यक्रमहरुको प्रगति विवरणबाट निम्न कुराहरु पत्ता लागेका छन :

- ★ वन संरक्षण अभियान अन्तर्गत सामुदायिक बनको विकास र विस्तारका लागि १५० वटा सामुदायिक वन उपभोक्ता समूहहरुको सम्पन्नता स्तरीकरण कार्य सम्पन्न भएको, ७४ वटा गरिवमुखी उपसमूह गठन भई कार्यक्रम संचालन भएको तथा १६ वटा विपन्न उपसमूहको कार्ययोजना तयार भएको र ९ कार्य योजना तयार भएको देखिन्छ ।
- ★ नेपालभरका राजमार्ग तथा सहायक राजमार्गहरुको आवधिक मर्मत सम्भारका साथै पटके मर्मत सम्भार गर्ने कार्य अन्तर्गत १३०२ किलोमिटर सडक मर्मत तथा सम्भार भएको छ ।

★ खानेपानीमा आर्सेनिकको मात्रा परीक्षण गरी शुद्ध सफा खानेपानी उपलब्ध गराउने लक्ष्य बमोजिम ४०००० ट्यूववेलको परीक्षण गरिएको जसका कारण खानेपानीबाट मानिसमा आर्सेनिक सर्ने मात्रामा कमी आएको छ ।

★ आर्थिक सुधार कार्यक्रम अन्तर्गत सुशासन विधेयक, २०६२, शासकीय सुधार, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षमता विकास, राष्ट्रिय सतर्कता केन्द्र सुदृढीकरण, विद्युतीय शासनद्वारा निजामती सेवाको कर्मचारी सूचना प्रणाली सुदृढीकरण, राजस्व प्रशासन सुदृढीकरण सम्बन्धी अध्ययन, आर्थिक परामर्श सेवा एकाई आदि वारे विस्तृत रुपमा कार्य भएको देखिन्छ जसका कारण आर्थिक सुधार कार्यक्रमलाई टेवा मिल्ने देखिन्छ ।

★ HIV/AIDS जस्तो रोगबाट सर्वसाधारणलाई जनचेतना जगाउन र रोकथाम गर्न विभिन्न जिल्लाका ७० जनालाई जिल्लास्तरीय HIV/AIDS अभिमुखीकरण (Orientation) तालिम प्रदान गरिएको छ, जसका कारण HIV/AIDS को वारेमा जनचेतना वृद्धि हुने छ ।

★ कुष्ठरोग निवारण गर्न सो रोगको चाप बढी भएका अधिराज्यका २८० गाउँ विकास समितिहरुको छनौट गरी सो गाउँ विकास समितिका स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण तालिम दिएर सोही गाउँ विकास समितिमा घरदैलो कार्यक्रम शुरु गरिएको छ जसका कारण कुष्ठरोग निवारणमा निकै मद्दत पुगेको छ ।

★ सुरक्षित प्रसुतीको लागि पाठेघर खस्ने उपचार सम्बन्धी स्वास्थ्य शिविर संचालन गरिएको कारण मातृ मृत्युदरमा कमी आएको छ ।

★ स्वस्थ जीवनका लागि अधिराज्यका १४ जिल्लाका ३८० गाउँ विकास समितिहरुमा उपभोक्ता समिति मार्फत वातावरणीय सरसफाइका माध्यमद्वारा स्वास्थ्य जीवन प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ ।

★ सुर्खेतमा क्षेत्रीय अस्पतालको अवधारण अनुसार क्षेत्रीय अस्पताल संचालनमा ल्याइएको छ, जसका कारण सो क्षेत्रका जनतालाई औषधीमूलो गर्न टाढा जानु पर्ने अवस्थाको अन्त्य भएको छ ।

★ विद्यार्थीहरुले सजिलै औषधीमूलो पाउन भनी सरकारी अस्पतालहरुमा विद्याथीहरुलाई दर्ता शुल्क र प्याथोलोजी सेवाका शुल्कहरुमा २०% सहुलियत प्रदान गरिएको छ जसका कारण विद्यार्थीहरुलाई औषधी उपचारमा सहुलियत पुग्न गएको छ ।

★ सर्वसाधारणलाई घरेलु तथा साना उद्योग बारे प्रशिक्षण दिएर स्व-रोजगार बनाउने उद्देश्य अनुरुप घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र मार्फत आधारभूत सीप विकास तालिम १४४८ वटा, उद्यमशिलता विकास तालिम ३८ वटा, प्रशिक्षक प्रशिक्षण तालिम १० वटा संचालन गरिएका छन् ।

★ कण्ठरोग नियन्त्रण गर्न दुर्गम २२ जिल्लामा वार्षिक लक्ष्य २४८०० क्वीटल नुनको आपूर्ति गर्ने लक्ष्य अनुरुप २४७५३.६७ क्वी. ढुवानी भै ९९.८१% प्रगति भएको देखिन्छ जसका कारण कण्ठरोग नियन्त्रणा मद्दत पुगेको छ ।

★ कृषि क्षेत्रको विकासका लागि सामुदायिक भूमिगत जल सिंचाइ सेक्टरतर्फ जोड दिदैं स्यालो ट्यूवलेल १९३५ वटा जडान भएको छ, जसका कारण कृषि क्षेत्रमा सिंचाईतर्फ सुविधामा वृद्धि भएको छ ।

★ नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनःसंरचना गर्ने कार्य अन्तर्गत राष्ट्रिय वाणिज्य वैंक तर्फ यस आर्थिक वर्षमा जम्मा ६९ वटा शाखाहरुलाई Automation गर्ने कार्यक्रम रहेकोमा २१ वटा शाखाहरुमा Pumari Software र ३४ वटा शाखाहरुमा ४ RBBSYS जडान गरी जम्मा ५५ वटा शाखाहरुमा प्राधिककरण गरिएको । साथै नेपाल बैंक लि.तर्फ यस आर्थिक वर्षमा थप २२ वटा शाखाहरुलाई Automation गर्ने कार्यक्रम रहेकोमा ४४ वटै शाखाहरुमा Rewton Software जडान गरी यान्त्रिकीकरण गरिएको छ । यसले वैकिङ्ग कारोवारमा आधुनिकीकरण ल्याएको छ ।

★ नेपाल वैंक लिमिटेड र राष्ट्रिय वाणिज्य वैंक सुधार कार्यक्रमलाई निरन्तरता दिदैं २-२ वर्षका लागि विदेशीलाई बैंक व्यवस्थान करारमा दिने कार्य नविकरण भएको छ ।

★ नेपाल राष्ट्र बैंकको पुनसंरचना गरिएको, कृषि विकास वैंक लिमिटेडमा परिणत भएको छ, जसले गर्दा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक अवस्था सृजना हुन पुगेको छ ।

★ द्वन्दमा मारिएका मृतकहरुका आश्रितहरुलाई आर्थिक सहायता सन्तति छात्रवृत्ति, औषधि उपचार रकम, सम्पत्ति क्षति वापत आर्थिक सहायता, विधुवा/विदुर भत्ता आदि उपलब्ध गराएको छ, जसले गर्दा द्वन्द पिडितहरुलाई समेत राहत पुग्न गएको छ ।

★ लगतमा छुट भएका मुक्त कमैयालाई पुनर्स्थापना तथा वृत्ति विकासको लागि ११८७ लाई परिचय पत्र वितरण गरिएको, ४२ जनालाई सीप विकास तथा दक्षता वृद्धि सम्बन्धी कार्य गरेको, ६३९ वटा समूह गठन तथा व्यवस्थापन सम्बन्धी कार्य भएको तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यलाई निरन्तरता दिदै आएको कारण मुक्त कमैयाको पुनर्स्थापना तथा जीविकोपार्जनमा सहयोग पुग्न गएको छ ।

★ कृषि अनुसन्धान कार्यलाई अगाडि बढाउन ५८ वटा आयोजनामा बाली अनुसन्धान, ५० आयोजनामा बागवानी अनुसन्धान, ३५ आयोजनामा पशु/पंक्षी अनुसन्धान, ३८ आयोजनामा ब्राह अनुसन्धान आदि सम्बन्धी कार्य भएको जसका कारण कृषि विकासमा मद्दत पुगेको छ ।

★ पशु विकास कार्यक्रमतर्फ ७५ हजार डोज रागो/साढेको जमेको विर्य उत्पादन, ३० वटा व्यवसायिक वंगुर फार्मको सुदृढिकरण, १२० वटा पशुजन्य पदार्थको नमूना संकलन तथा विश्लेषण, १७१८ वटा बोका/बाखा खरिद तथा वितरण गरिएको कारण पशु विकास कार्यमा टेवा पुग्न गएको छ ।

★ व्यवसायिक तथा सीप विकास प्रशिक्षण केन्द्रहरुबाट तालीम तथा प्रशिक्षण दिने कार्य स्वरुप ७०२९ जनालाई विभिन्न तालिमहरु उपलब्ध गराएको कारण स्व-रोजगारिता वृद्धि हुने गएको छ भने वैदेशिक रोजगारीमा जानेहरुलाई सहयोग पुगेको छ ।

★ बालश्रम निवारण गर्न सो सम्बन्धी चेतनामूलक १२ कार्यक्रम गरेको, बालबालिका विकास तथा पुनर्स्थापना कोषलाई अनुदान प्रदान गरेको, बाल श्रमिक संलग्न पेशा र जोखिम बारे अध्ययन गरेको र राष्ट्रिय श्रम प्रतिष्ठान स्थापना गर्न अध्ययन गरेको जसका कारण बालश्रम निवारणमा निकै कमी आएको छ ।

★ ग्रामीण सामुदायिक पुर्वाधार विकास कार्यक्रम अन्तर्गत ग्रामिण सडक, नदी नियन्त्रण, खाद्यान्न खर्च अन्तर्गत ग्रामिण सडक कुल ४७६४० किलोमिटर, नदी नियन्त्रण २.२० किलोमिटर, घोडेटो बाटो ४.३६ किलोमिटर र खाद्यान्न १०१७९.५३७ मे.टन वितरण आदि कार्य गरेको कारण ग्रामिण क्षेत्रको विकासमा महत्वपुर्ण योगदान पुगेको छ ।

★ विकट ग्रामिण क्षेत्रहरुमा आवत जावत गर्न सुविधा पुऱ्याउने कार्य अन्तर्गत २१ वटा झोलुङ्गे पुल निर्माण गरेको, १०१ वटा फेब्रिकेशन तथा निर्माण भएको, ६७ वटा वृहत् झोलुङ्गे पुल मर्मत तथा सुधार गरेको, २३८ वटा झोलुङ्गे पुल नियमित मर्मत सुधार गरेको कारण ग्रामिण यातायातमा सुविधा पुग्न गएको छ ।

★ नेपालभरका ५४ हजार ५ सय ६४ विद्यार्थीहरुलाई माध्यामिक शिक्षासम्म छात्रवृत्ति प्रदान गरेको कारण निरक्षरको संख्या घटेको छ ।

★ नेपालभरका १ लाख ११ हजार २६१ दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेको कारण सामाजिक न्याय बढेको छ ।

★ नेपालभरका ३२० सिमान्त गरिवीको रेखामुनि रहेका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरेबाट विद्यार्थीलाई राहत पुगेको छ ।

★ सदरमुकामबाहेक विद्यालय अपायक परेका सामुदायिक विद्यालयमा अध्यापनरत ९६ महिला शिक्षिकाहरुलाई आवासिय भत्ता प्रदान गरेको कारण पनि सकरात्मक विभेदको नीति प्रभावकारी हुँदै गएको छ ।

★ नेपालभरका ३८५९ विद्यालयमा पुस्तकालय स्थापना कार्य भएको कारण सर्वसाधारण पाठकहरुलाई राहत पुगेको छ ।

★ नेपालभरका ९ हजार ६ सय ४१ सामुदायिक निम्न माध्यामिक विद्यालय र माध्यामिक विद्यालय तहमा शिकाइ सामाग्री व्यवस्थापनका लागि विद्यालयहरुलाई अनुदान प्रदान गरेको कारण थप राहत पुगेको छ ।

★ नेपालभरका १७२४ शिक्षकहरुलाई दुरशिक्षामा आधारित ५ महिने तालिम प्रदान गरेको कारण शिक्षाको गुणस्तर बढेको छ ।

★ नेपालभरका ३५० विद्यालयहरुमा नयाँ कक्षा कोठा निर्माण कार्य सम्पन्न भएको कारण विद्यार्थीहरुलाई सुविधा बढेको छ ।

★ नेपालभरका १३५ विद्यालय निर्माण तथा पूर्नस्थापना भएको कारण गाउँ गाँउमा विकास पुगेको अनुभूति भएको छ ।

★ २५२६ विद्यार्थी दलित,उत्पीडित र गरिवीको रेखामुनी रहेका परिवारको पहिलो छोरा वा छोरीलाई (प्राथमिक विद्यालय तह प्रति विद्यार्थी रु.५०० प्रति बर्ष) छात्रबृत्ति प्रदान गरिएको, ४०० दलित, उत्पीडित र गरिवीको रेखामुनी रहेका परिवारको पहिलो छोरा वा छोरी (निम्न माध्यमिक विद्यालय तहको रु.७०० प्रति वर्ष) लाई छात्रबृत्ति प्रदान गरिएको तथा १७३ जना दलित,उत्पीडित र गरिवीको रेखामुनी रहेका परिवारको छोरा वा छोरीलाई (माध्यमिक विद्यालय तह) प्रति बर्ष रु.१०००।– का दरले छात्रबृत्ति उपलब्ध गराएको कारण समावेशीकरणको बल पुगेको छ ।

★ नेपालभरका १४६ वटा विद्यालयहरु समुदायमा हस्तान्तरण भएका र ३००० विद्यालयको समुदायद्धारा व्यवस्थित विद्यालयको अभिलेख तयार गर्ने गरी अनुगमन गर्ने कार्य भएबाट स्वामित्वको भावना अभिबृद्धि भएको छ ।

★ ६६९ जना प्राथमिक विद्यालयका प्रधान अध्यापकलाई एक महिने विद्यालय व्यवस्थापन तालिम, ९१ जनालाई रा.प.अंन.प्रथम श्रेणीका कर्मचारीहरुलाई एक महिने तालिम, २१ जना जिल्ला शिक्षा अधिकारीहरुलाई पुर्नताजगी तालिम, ३८ जना रा.प.तृ.अधिकृतहरुलाई एक महिने सेवाकालिन तालिम प्रदान गरिएको र सेवाकालिन तालिम तर्फ ११४६२ जनालाई अढाई महिने सेवाकालिन तालिम, ५९६६ जनालाई दुर शिक्षामा आधारित ५ महिने दोश्रो चरण तालिम, १८४ जनालाई १८० घण्टे विशेष शिक्षक तालिम प्रदान गरिएको कारण शिक्षामा गुणस्तरीयता प्रभावकारिता बृद्धि भएको छ ।

★ दिवा खाजा कार्यक्रम अन्तर्गत २१ जिल्लाका प्रा.वि. तथा नि.मा.वि.का ४५०,००० विद्यार्थीहरुलाई दिवा खाजा (हलुवा) प्रदान गरिएबाट विद्यार्थीको हाजिरी दिन बढेको छ ।

★ छात्रा उत्प्रेरणा कार्यक्रम अन्तर्गत ११ जिल्लाका प्रा.वि. तथा नि.मा.वि.का १३५३०० छात्राहरुलाई (प्रत्येक महिना ८०% हाजिर हुने छात्रा) २ लिटरका दरले खाने तेल वितरण गरिएको कारण छात्राहरुको संख्या बृद्धि भएको छ ।

★ मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम अन्तर्गत ११ जिल्लाका १०४ गाउँ.विकास समितिहरुका १९८०० गर्भवती तथा सुत्केरी महिला र ६ महिनाका बालबालिकाहरुलाई न्यूट्रिमिक्स वितरण गरेको कारण मातृ शिशु मृत्युदर घटेको छ ।

★ जुका निवारण कार्यक्रम अन्तर्गत ४५०००० विद्यार्थीलाई जुकाको औषधी वितरण गरिएको कारण स्वास्थ्य विद्यार्थी संख्या बढेको छ ।

# खण्ड - ५

## मुलभूत समस्या र सिकिएको पाठ (Lesson Learned)

आर्थिक वर्ष २०६२/६३ को बजेट कार्यान्वयन निकै चुनौतिपूर्ण रह्यो । एकातिर, प्रक्षेपित आर्थिक परिसूचकहरु प्राप्त हुन सकेनन् भने वित्तीय स्थिति पनि अनुकूल रहने । राजस्व असूली वृद्धिदर ज्यादै न्यून रह्यो भने अनपेक्षित खर्चको कारण सार्वजनिक खर्च व्यवस्थापन पनि जटिल रह्यो । यो जटिलता तत्कालीन वर्ष मात्र रहेन, पछिल्ला वर्षहरुमा पनि दायित्व थपिने अवस्थामा रह्यो । बजेटका घोषित नीति र कार्यक्रमको उपलब्धि पनि उत्साहप्रद देखिएन । यस आधारमा हेर्दा, आर्थिक वर्ष २०६२/६३ को बजेट कार्यान्वयनमा केही समस्याहरु देखिएका छन्, जसलाई देहाय बमोजिम औंल्याउन सकिन्छ :

(१) **<u>सार्वजनिक खर्चमा चाप</u>** :

आर्थिक वर्ष २०६२/६३ मा विभिन्न मन्त्रालयहरुलाई विनियोजन भएको बजेटका अतिरिक्त करीब रु.७ अर्व ६५ करोड थप निकासा माग भएकोमा रु.३ अर्व १८ करोड थप निकासा भएको छ । यसरी गैह्र बजेट निकासा माग हुनुमा मुलतः आन्तरिक द्वन्द चर्किदै जानु र सोको सैनिक समाधानका निमित्त सुरक्षा निकायले थप स्रोत माँग गर्नु, उच्चस्तरीय विदेश भ्रमण खर्चिलो हुनु, नगर निर्वाचन अधिक खर्चिलो हुनु रहेको छ । बजेटमा विनियोजन नै नगरी विमान तथा हेलिकप्टर खरीदका लागिड करीब रु.३ अर्व ३० करोडको दायित्व सिर्जना गरिएको, नेपाली सेनातर्फ १० हजार दरबन्दी थप गरी राज्यलाई वार्षिक करीब रु. १ अर्व २१ करोडको दायित्व थप गरिएको,रु. ३६ करोड जति उच्चस्तरीय वैदेशिक भ्रमणमा खर्च गरिएको, नगरपालिका निर्वाचनमा रु.२८ करोड जति खर्च गरिएको र करीब रु.११ अर्व संचित नोक्सानी रहेको नेपाल आयल निगमलाई रु. १ अर्व गैर बजेट लगानी गर्नुपर्दा उक्त वर्षको सार्वजनिक खर्च व्यवस्थापन अत्यन्त कमजोर रहन गयो ।

यसरी, गैर बजेटरी मागहरुको कारण सार्वजनिक खर्च व्यवस्थापनमा पर्न सक्ने असरलाई दृष्टिगत गरी आगामी वर्षदेखि सामान्यतया दोश्रो चौमासिक अवधिसम्म थप निकासा र रकमान्तर सम्बन्धी कारवाही नै नगर्ने गरी आर्थिक अनुशासन कडाइकासाथ पालन गर्ने र दीर्घकालीन दायित्व श्रृजना हुनेगरी उपलब्धिहीन कार्यक्रममा लगानी नगर्ने गरी नीतिगत सुधार गर्नु आवश्यक देखिएको छ ।

(२) **<u>नीति, कार्यक्रम तथा बजेटको बीचमा तालमेल</u>** :

बजेट वक्तव्यमा घोषित नीतिको कार्यान्वयन गर्न स्वीकृत कार्यक्रम तथा बजेटले पर्याप्त सहयोग पुऱ्याएको देखिएन । कतिपय घोषित नीतिहरुमा सम्बन्धित मन्त्रालयले स्वामित्व (Ownership) लिएको देखिएन भने कतिपयले घोषित नीति अनुरुप कार्यक्रम, तर्जुमा र स्वीकृति नगराएको पनि देखियो । उदाहरणका लागि, पर्याप्त बजेट एवं वृहत् कार्यक्रमको अभावमा वन विकास गुरु योजनाले तय गरेका उद्देश्य हासिल हुन सकेको देखिएन । त्यस्तै तराई तथा भित्री मधेशको राष्ट्रिय वनलाई उत्पादनशील वनको रुपमा विकास गर्ने नीति, ४० प्रतिशत वन क्षेत्र कायम गर्ने प्रतिबद्धता, जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखिकरण एवं हरियाली बृद्धि तथा शहरको शोभा बढाउने शहरी वन कार्यनीतिमा ज्यादै थोरै मात्र कार्यक्रम संचालन भई नीतिको कार्यान्वयन र उद्देश्य हाँसिलमा ठोस प्रगति भएन । त्यस्तै भूमि बैङ्कको स्थापना, औद्योगिक पुनर्स्थापना कोषको स्थापना, वीरगन्ज-कोदारी र कांकडभिट्टा-महेन्द्रनगर विद्युतीय रेलमार्ग एवं हेटौंडा-काठमाडौं लगायतमा स्थानमा निर्माण गरिने रोपवे मार्ग पनि कागजी घोडाकै रुपमा रहे ।

उल्लिखित अवस्थालाई आगामी दिनहरुमा सम्बोधन नगर्ने हो भने विकासका कार्यक्रमहरु कागजी घोडाकै रुपमा मात्र रहिरहन्छन् । यसमा सुधार गर्नका लागि एकातिर आगामी दिनहरुमा क्षेत्रगत नीति तय गर्दा र घोषणा गर्दा सम्बन्धित मन्त्रालयले उक्त नीति कार्यान्वयनमा पर्याप्त स्वामित्व (Ownership) लिने गरी तय गर्नु आवश्यक देखिन्छ भने अर्कोतिर घोषित नीति अनुरुप कार्यक्रम स्वीकृत गरी बजेट व्यवस्था मिलाउनु अपरिहार्य छ ।

(३) **कार्यक्रमको गुणस्तरमा अभिबृद्धि :**

मन्त्रालयहरुले तर्जुमा गर्ने केही कार्यक्रमहरु वस्तुगत (objective) भन्दा पनि बढी विषयगत (Subjective) देखिए । उदाहरणका लागि, कृषि अनुसन्धान कार्यक्रम अन्तर्गतको “आयोजनाहरुमा रिसर्च सपोर्ट गर्ने” भन्ने कार्यक्रम, श्रम मन्त्रालय अन्तर्गतको “बालश्रम सम्बन्धी चेतनामूलक कार्यक्रम गर्ने” भन्ने कार्यक्रम, गृह मन्त्रालय अन्तर्गतको “हिंसात्मक गतिविधिमा लागेका व्यक्तिहरुलाई समाजमा आबद्ध गर्ने” कार्यक्रमलाई औंल्याउन सकिन्छ । यस प्रकारका विषयगत कार्यक्रमहरुले, एकातिर कार्यक्रमको पहिचान नै दिन सक्दैनन् भने अर्कोतिर प्रति इकाइ लागत (Unit Cost) एकिन गर्न, उपलब्धी र प्रभाव (Output & outcome) मापन गर्न पनि सकिंदैन ।

यसर्थ, कार्यक्रमहरु तय गर्दाकै अवस्थामा, ती कार्यक्रमरु घोषित उद्देश्य र नीति अनुरुप छन् छैनन् भनी हेर्ने र तिनीहरुले दिने उपलब्धी र प्रभावलाई मापन (Meaasure) गर्न सक्ने गरी कार्यक्रमहरु तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

(४) **कार्यक्रमको प्रगतिको स्वरुप :**

वार्षिक मूल्याङ्कनको सन्दर्भमा सम्बन्धित मन्त्रालयहरुबाट प्राप्त भएका प्रगति हेर्दा धेरैजसो सन्तोषजनक पाईए पनि अझै पनि यसमा सुधारका संभावनाहरु देखिएका छन् । उदाहरणका लागि, बजेट वक्तव्यको बूदा नं. १०९ मा उल्लेखित “..................... थप ६,००० बालविकास केन्द्रहरु स्थापना गरिने छन्” भन्ने बूंदाको प्रगति माग भएकोमा, शिक्षा तथा खेलकुद मन्त्रालयबाट “उक्त कार्यक्रमका लागि कार्यक्रम बनाई अख्तियारी सहित जिल्ला शिक्षा कार्यालयमा पठाईएको” भन्ने प्रगति प्राप्त भएको छ । त्यस्तै स्थानीय विकास मन्त्रालयले पनि ग्रामीण खानेपानीको सन्दर्भमा रु.१७ करोडको अख्तियारी पठाईएकोलाई आफ्नो प्रगतिमा उल्लेख गरेको छ । अरु कतिपय केन्द्रीय निकायहरुले पनि अख्तियारी पठाएकोलाई वार्षिक प्रगतिको रुपमा औंल्याएका छन्, मानौं कार्यक्रम कार्यान्वयनको सन्दर्भमा तिनीहरुको दायित्व भनेकै अख्तियारी पठाउँनु मात्र हो जस्तो देखिन्छ ।

त्यस्तै गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत थप १० जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्रहरु समुदायमा हस्तान्तरण गर्ने भन्ने घोषित कार्यक्रमको प्रगति तालीम केन्द्रबाट व्यवस्थापकीय कार्य भइरहेको वताइएको छ । स्वास्थ्य संस्थामा करारमा चिकित्साकर्मी नियुक्त गर्ने र चिकित्सकको अभाव हुन नदिने भने घोषित कार्यक्रमको प्रगति भने “नियुक्तिको कार्य अगाडि बढेको” बताईएको छ । यसरी “कार्य भइरहेको”, “कार्य अगाडि बढेको” जस्ता प्रगतिहरुले उपलब्धिलाई मापन गर्न नसकिने हुँदा यसलाई वस्तुनिष्ठ बनाउनु आवश्यक छ ।

(५) **सुपरीवेक्षण र अनुगमन :**

बजेटले मूल प्राथमिकतामा राखेका कार्यक्रमहरुको नियमित सुपरिवेक्षण र अनुगमन हुन नसक्दा कार्यक्रम कार्यान्वयन फितलो रहन पुग्यो । यसर्थ, प्राथमिकता प्राप्त आयोजनाको Matrix नै बनाई त्यसलाई मन्त्रालयस्तरमा र राष्ट्रिय योजना आयोगको स्तरमा नियमित अनुगमन गर्नु आवश्यक देखिन्छ ।

(६) **प्राथमिकता प्राप्त कार्यक्रम ओझेलमा :**

बजेट वक्तव्यले विशेष किसिमले महत्व दिई उच्चतम प्राथमिकतामा राखेका कार्यक्रमहरुको कार्यान्वयन पक्ष ओझेलमा परेको देखियो । उदाहरणाका लागि, जुम्ला, कालिकोट, भोजपुर र संखुवासभा जिल्लाको सदरमुकाममा बाटो पुऱ्याउने लक्ष्य पूरा भएन भने बाटो मर्मत र कालोपत्रे गर्ने कार्यमा उल्लेख्य प्रगति देखियो । विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत २००० वटा विद्यालय समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम रहेकोमा २१६ वटा विद्यालय मात्र हस्तान्तरण भए, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका १० जिल्लाका प्राथमिक स्वास्थ्य चौकी हस्तान्तरणको कार्य पूरा भएन तर लक्षित गोष्ठि, तालीम, अभिमुखिकरण जस्ता कार्यक्रमले कार्यान्वयनमा प्राथमिकता पाइरहे ।

यस प्रकार बजेटले उच्च प्राथमिकता दिएका निश्चित कार्यक्रम र आयोजनाहरुको कार्यान्वयनका लागि नियमित अनुगमनको संयन्त्र विकास गर्नु जरुरी छ । साधन परिचालनका हिसाबले पनि यस्ता कार्यक्रममा विनियोजन भएको रकम अन्यत्र रकमान्तर नै नगर्ने परिपाटी बसाल्नु उपयुक्त हुन्छ ।

(७) **अन्तरमन्त्रालय समन्वयको कमी :**

बार्षिक कार्यक्रमको कर्यान्वयनको मूल्याङ्कन गर्दा एक भन्दा बढी मन्त्रालयहरुबाट संयुक्तरुपमा वा समन्वयात्मक ढंगमा संचालन गर्नु पर्ने कार्यक्रमहरुमा अन्तर मन्त्रालय समन्वयको कमीले गर्दा कार्यक्रमको कार्यान्वयनमा वान्छित उपलब्धि हासिल हुन सकेको देखिएन । उदाहरणको लागि, स्थानीय विकास मन्त्रालयबाट हरियाली गर्न शहरी बन कार्यनीति कार्यान्वयन गर्ने सम्बन्धमा उक्त कार्यनीति बन तथा भू–संरक्षण मन्त्रालयसँग माग गरिएकोमा बन तथा भू–संरक्षण मन्त्रालयले उपलब्ध गराउन नसकेको जानकारी प्राप्त भएको छ ।

(८) **कार्यक्रम तर्जुमामा समस्या :**

कूल गार्हस्थ उत्पादनको ठूलो हिस्सा ओगटेको कृषि क्षेत्रको योगदान हालसम्म मौसमीअनुकूलतामा निर्भर रहनु मुलुककै दुर्भाग्यको रुपमा देखिएको छ । आर्थिक बर्ष २०६१।६२ मा ३ प्रतिशतले बृद्धि भएको कूल गार्हस्थ उत्पादन आर्थिक बर्ष २०६२।६३ मा १.७ प्रतिशतमा झर्नुको एकमात्र कारण विशेषतः पूर्वान्चल क्षेत्रमा धान रोप्ने प्रमुख समय आषाढ/श्रावणमा बर्षाको कमी भई धान रोपाई प्रभावित भएको र सुक्खाग्रस्त हिउँदको कारण गहुँको उत्पादनमा असर पर्नु रहेको छ ।

नेपालको अर्थतन्त्रको मूलभुत मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र अहिलेसम्म मौसममा निर्भर रहनु दुर्भाग्यकै रुपमा रहेको छ । यसरी आर्थिक बृद्धि दर नै मौसममा निर्भर रहेको स्थिति विद्यमान छ । यसर्थ, सरकारका कार्यक्रमहरु र बजेट दीगो आर्थिक विकास तर्फ परिलक्षित गर्न सिचाई लगायतका क्षेत्रमा लगानी अभिबृद्धि गर्नु अत्यावश्यक देखिएको छ ।

(९) **स्रोत परिचालन समस्या :**

आर्थिक बर्ष २०६२।६३ मा रु.८१ अर्ब ८१ करोड ६६ लाख राजश्व परिचालन गर्ने लक्ष्य लिइए तापनि करीब १२ प्रतिशत राजश्व असूली न्यून भई रु.७२ अर्ब २८ करोड पुगेको देखियो । यसो हुनुको मुलभूत कारण आर्थिक बर्षको बीचमा भन्सारका दरहरु घट्नु नै हो । आर्थिक बर्षको प्रारम्भमा प्रक्षेपित राजश्व अंकलाई यथावत राखी भन्सार दरहरु घटाउनु तर अपेक्षित रुपमा मूल्याङ्कन बृद्धि नहुनबाट राजश्व असूली प्रभावित हुनु स्वाभाविक हो । यसरी आर्थिक बर्ष भित्रै दरहरु परिवर्तन भइरहँदा ब्यापार व्यवसायमा अनिश्चितता श्रृजना हुने नै भयो । यसर्थ, आर्थिक बर्षको बीचमा विना आधार हचुवाको भरमा राजश्वका दरहरु परिवर्तन नगर्ने व्यवस्था गर्न उपर्युक्त हुन्छ ।

(१०) **विविध समस्या :**

समीक्षा क्रममा, बजेट खर्च गर्ने अख्तियारी समयमा नपुगेको, द्वन्दका कारण स्थानीय स्तरका कार्यक्रमहरुमा असर परेको, आयोजना/कार्यक्रमको छनौट वास्तविक मागमा आधारित हुन नसकेको, छोटो अवधिमा आयोजना प्रमुखको सरुवा हुने गरेको जस्ता विविध समस्याहरु देखिएका छन् जसलाई समयमै सच्याउनु आवश्यक छ ।

# खण्ड - ६

## उपसंहार

## Conclusion

बस्तुतः बजेटको मुलभूत उद्देश्य अपेक्षित रुपमा उच्चतम उपलब्धि हासिल गर्ने तर्फ उन्मुख हुनुपर्ने हुँदा बजेट तर्जुमाको सन्दर्भमा मूल Actor को रुपमा रहेको बजेट तथा कार्यक्रम महाशाखाले यसको कार्यान्वयनको मूल्याङ्कन नगरी यसमा सुधार गर्न नसक्ने तथ्य स्पष्ट छ । यसरी हेर्दा यो मूल्याङ्कन बजेट तथा कार्यक्रम महाशाखाको आफ्नै समीक्षा हो । यो बार्षिक बजेटको मूल्याङ्कनले केही सुधारका संभावनाहरु देखाएका छन् । मुलतः राजश्वका दरहरुमा आर्थिक बर्षको बीचमा परिवर्तन गर्न नहुने, गैर बजेटरी मागहरुलाई समयमै निरुत्साहित गर्नुपर्ने,दीर्घकालीन दायित्व थपिने गरी हुने निर्णायमा चनाखो हुनुपर्ने, थप आर्थिक दायित्व पर्ने बिषयमा मन्त्रिपरिषद्ले निर्णय गर्नुपूर्व अर्थ मन्त्रालयको सहमति लिनुपर्ने बिषयमा सम्बन्धित निकायलाई सजग गराउनुपर्ने, अनुत्पादक क्षेत्रहरुको लगानीलाई निरुत्साहित गर्नुपर्ने जस्ता वित्त व्यवस्थापन सम्बन्धी सुधारहरु तर्फ तत्काल प्रयास गर्नु आवश्यक देखिएको छ । यसका अतिरिक्त कार्यक्रमगत कमी/कमजोरी हटाउने सन्दर्भमा नीति कार्यक्रम तथा बजेटको बीचमा तालमेल हुनुपर्ने, कार्यक्रमको गुणस्तरमा अभिबृद्धि हुनुपर्ने, प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यान्वयनमा विशेष सुपरीवेक्षण र अनुगमन हुनुपर्ने, तत्काल उपलब्धि दिने र दिगो विकासमा सहयोग पुग्ने ग्रामीणमुखी कार्यक्रम तर्जुमा गर्नुपर्ने, अन्तरमन्त्रालय समन्वय हुनुपर्ने जस्ता सुधारका क्षेत्रहरु पनि देखिएका छन् ।

भनिन्छ, आत्म–समीक्षा वा मूल्याङ्कनले प्रगतितर्फ उन्मूख गराउँछ । यो मूल्याङ्कन पनि बजेट तथा कार्यक्रमको मूल्याङ्कन भएको हुँदा बजेट तथा कार्यक्रम महाशाखाकै पनि आफ्नो मूल्याङ्कन हो । यसर्थ मूल्याङ्कनको क्रममा देखिएका सकारात्मक पक्षहरुलाई यथावत राख्दै कमी कमजोरीहरुलाई सुधार गर्न सकियो भने मात्र यो मूल्याङ्कनको पनि उपलब्धि र प्रभाव (Outputs & Outcome) देखिन्छ । यसर्थ, प्रस्तुत मूल्याङ्कनबाट देखिएका सुधारका क्षेत्रहरुलाई आगामी आर्थिक बर्षको बजेट तर्जुमाको क्रममा केही मात्रामा भए पनि सुधारहरु गर्न सकियो भने मात्र यसको सार्थकता रहने तथ्यलाई नकार्न सकिन्न ।

# अनुसूचीहरु